# नेपालमा अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी अध्ययन, २०८२

**अनुसन्धान समुह:**

**श्री चुपबहादुर थापा**, सदस्य, मेलमिलाप परिषद्
**श्री सन्तोष राना मगर**, प्रतिनिधि, नेपाल बार एशोसिएशन
**श्री पारस पौडेल**, निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

**राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल**

**मनमैंजु, काठमाडौं**

**सर्वाधिकार ©:** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**डिजाइन लेआउटः** श्री प्रतिभा राई

**प्रकाशन प्रतिः** ५००

**प्रकाशन सालः** २०८२

**प्रकाशन नं :** १३०

**प्रकाशकः** राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजु, काठमाडौं
फोन नं. : ९७७-१-४०२७४४९/४०२७४५१
इमेल : info@njanepal.org.np
Website : www.njanepal.org.np

**मुद्रकः** नव प्रिन्ट सोलुशन

"हाम्रो समस्या, हाम्रै समाधान : मेलमिलाप"

मेलमिलाप परिषद्
(Mediation Council)

सर्वोच्च अदालत परिसर
रामशाहपथ, काठमाडौं, नेपाल
☎ ०१-४२००७११, ०१-४२००७१४
e-mail : mediationcouncil@gmail.com
website : www.mediationcouncil.gov.np

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

## मन्तव्य

राष्ट्रिय न्यायिक प्रतिष्ठानले नेपालको अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी अनुसन्धान गरी प्रतिवेदन प्रकाशन गर्न लागेकोमा मलाई खुसी लागेको छ। यस अनुसन्धान प्रतिवेदनले मेलमिलापको क्षेत्रमा कार्यरत सरोकारवालाहरु, कार्यान्वयन गर्ने पक्ष, प्राज्ञिक अनुसन्धानकर्मी तथा विद्यार्थिवर्गलाई महत्वपूर्ण सहयोग पुग्ने देखिन्छ।

विवाद समाधानको दिगो र वैकल्पिक उपायमध्ये मेलमिलाप पद्दती संसारभर लोकप्रिय र विशिष्ट माध्यम हो। वर्तमान अवस्थामा नेपालमा परम्परागत मेलमिलाप पद्दती, सामूदायिक मेलमिलाप हुँदै स्थानीय तहमा हुने मेलमिलाप र अदालत प्रेषित तथा अदालत सन्निहित मेलमिलापको अभ्यास भईरहेको छ। २०६० सालमा जिल्ला अदालत नियमावली संशोधन गरी औपचारिक न्याय प्रणालीमा मेलमिलाप पद्दतीको शुरुवात भई सबै तहका अदालतहरुमा प्रभावकारीताका साथ यसको अभ्यास र कार्यान्वयन भईरहेको देखिन्छ।

मेलमिलाप सम्बन्धी कानूनहरु, मेलमिलाप परिषद्को प्रथम पञ्चबर्षिय रणनीतिक योजना (२०७७-०८२) र न्यायपालिकाका विगतका रणनीतिक योजनाहरु तथा हाल लागू भएको न्यायपालिकाको पाँचौ पञ्चबर्षिय रणनीतिक योजना (२०८१/०८२-२०८५/०८६) ले समग्र मेलमिलाप पद्दतीलाई व्यवस्थित र व्यवहारीक बनाउँदै लगेको छ। मेलमिलाप परिषद्को दोश्रो पञ्चवर्षिय रणनीतिक योजना (२०८२-२०८७) ले मेलमिलाप पद्दतीलाई थप प्रभावकारी बनाउन Judge-Led Mediation र Pre-Litigation Mediation लाई समेत अभ्यासमा ल्याउने लक्ष्य राखेको छ। मेलमिलापका सैद्धान्तिक पक्ष र व्यवहारिक पक्षको समायोजन गर्दै मेलमिलाप परिषद् र यससंग सम्बद्ध निकाय, पदाधिकारीलगायतका जनशक्तिले मेलमिलापको गुणस्तरियता वृद्धि गर्दै पक्षहरुलाई सहज र सरल तरिकाबाट न्यायको प्रत्याभूती गराउने सकारात्मक कदमको पहलकदमी भईरहेको छ।

"हाम्रो समस्या, हाम्रै समाधान : मेलमिलाप"

# मेलमिलाप परिषद्
# (Mediation Council)

सर्वोच्च अदालत परिसर
रामशाहपथ, काठमाडौं, नेपाल
०१-४२००७११, ०१-४२००७१४
e-mail : mediationcouncil@gmail.com
website : www.mediationcouncil.gov.np

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मिति :-

च.नं. :-

मेलमिलापको प्रभावकारिता बनाउँदै लैजानेक्रममा केही बाधा व्यवधान, समस्या र चुनौती विद्यमान रहेको छन्। यस परिपेच्क्षमा अदालत प्रेषित मेलमिलापको सम्वन्धमा विद्यमान नीति, कानुन, प्रक्रिया र अभ्यासको वर्तमान अवस्थाको लेखाजोखा गर्ने, अदालत प्रेषित मेलमिलापको क्षेत्रमा देखिएका सवलपक्ष, कमजोरपक्ष, अवसर र चुनौतिहरुको विश्लेषण गर्ने र अदालत प्रेषित मेलमिलापको प्रभावकारीताको लागि दिशानिर्देश गर्ने उद्देश्य राखी प्रतिष्ठानले यो अनुसन्धानकार्य अगाडी बढाई अनुसन्धान प्रतिवेदन प्रकाशन गर्न लागेकोले अनुसन्धान प्रतिवेदन सबै सरोकारवालाहरुलाई मेलमिलापको पद्दती र प्रक्रियामा अझ प्रभावकारिता वृद्धि गर्न यो अनुसन्धान सहयोगी बन्नेछ भन्ने विषयमा विश्वस्त रहेको छु।
न्यायाधीश तथा अदालत प्रशासनको भूमिका अझ सशक्त पार्नु पर्ने विषयमा जोड दिंदै सचेतना, तालिम, क्षमता विकास, भौतिक साधन श्रोतको समूचित व्यवस्थापनको सुझाव मनन योग्य पाएको छु। अदालत प्रेषित मेलमिलापको कार्यान्वयन गर्ने निकाय तथा जनशक्तिबाट यस अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ ले उजागर गरेका विविध पक्षहरुमा संवेदनशील रही सोही बमोजिम कार्यसम्पादन हुनेछ भन्ने विश्वास लिएको छु।
अन्त्यमा, यस अनुसन्धानका लागि मेलमिलाप परिषद्का सदस्य चुप बहादुर थापाको संयोजकत्वमा रहेको अध्ययन समूहका अन्य सदस्यहरुलाई यथार्थपरक तथ्याङ्क, धारणा र सूचना संकलन तथा त्यसको स्वतन्त्ररुपमा विश्लेषण गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु। अतिआवश्यक र महत्वपूर्ण कार्य अगाडि बढाएकोमा राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई धन्यवाद ज्ञापन गर्दै सफलताको शुभकामना समेत व्यक्त गर्दछु।

कुमार रेग्मी
अध्यक्ष
मेलमिलाप परिषद्

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
National Judicial Academy, Nepal
(Estd. under the National Judicial Academy Act, 2006)
"...Center of Excellence for Judicial Education."

## मन्तव्य

न्यायमा सहज पहुँच तथा विवाद समाधान प्रक्रियामा प्रभावकारिता वृद्धि गर्नु वर्तमानको प्रमुख आवश्यकता हो। न्यायिक सुधारका आधारभूत स्तम्भहरूमध्ये अदालतप्रेरित मेलमिलापको व्यवस्था एक महत्त्वपूर्ण पहलका रूपमा विकसित हुँदै आएको छ। यसै सन्दर्भमा प्रतिष्ठानले मेलमिलाप परिषद्का सदस्यको संयोजकत्वमा एक अध्ययन टोली गठन गरी अध्ययन सम्पन्न गरेको छ। यस अध्ययन कार्यमा न्यायाधीश, विज्ञ, मेलमिलापकर्मी, कानुन व्यवसायी, अदालत तथा मेलमिलाप केन्द्रका कर्मचारीलगायतको उल्लेखनीय सहयोग प्राप्त भएकोमा सबैप्रति धन्यवाद व्यक्त गर्न चाहन्छु।

नेपालका विभिन्न अदालतहरूमा सञ्चालनमा रहेका मेलमिलाप केन्द्रहरूको कार्यशैली, प्रशासनिक प्रणाली, प्रशिक्षक तथा मेलमिलापकर्मीहरूको सक्रियता, न्यायाधीश तथा अदालत प्रशासनको समन्वय, सेवाग्राहीको अनुभव र विविध अभिमतहरूका आधारमा सम्पन्न भएको यस अध्ययनले मेलमिलाप प्रणालीलाई अझ प्रभावकारी र उत्तरदायी बनाउन आवश्यक संस्थागत मार्गदर्शन प्रदान गर्ने विश्वास गर्दछु। अध्ययन प्रक्रियामा संलग्न अनुसन्धानकर्ता, परामर्शदाता, अदालत व्यवस्थापनमा सहयोग गर्ने कर्मचारी तथा तथ्याङ्क उपलब्ध गराउने पदाधिकारीहरूको योगदान प्रशंसनीय छ।

मेलमिलापसम्बन्धी नीति, कानूनी संरचना तथा कार्यान्वयनका उपायहरूलाई सुदृढ बनाउन राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल मेलमिलाप परिषद्, अदालतहरू तथा सम्बन्धित संस्थाहरूद्वारा भइरहेको निरन्तर प्रयास यस अध्ययनमार्फत थप सबल हुने अपेक्षा गरिएको छ। अध्ययनमा प्रस्तुत निष्कर्ष तथा सुझावहरू आगामी दिनमा अदालत-प्रेषित मेलमिलाप प्रक्रियालाई अझ पहुँचयोग्य, पारदर्शी, प्रभावकारी तथा न्यायोचित बनाउन मार्गदर्शकका रूपमा काम गर्नेछन्। साथै अध्ययनले मेलमिलाप प्रक्रियाको प्रभावकारिता, कार्यान्वयनका चुनौती, संस्थागत समन्वय तथा भावी सुधारका सम्भावनाहरूको विश्लेषण गरी न्याय क्षेत्रको नीति तथा व्यवहार सुधारमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास लिएको छु। नेपाल मेलमिलाप परिषद्का अध्यक्ष माननीय श्री कुमार रेग्मीज्यूले दिनु भएको योगदान तथा मन्तव्यका लागि कृतज्ञता व्यक्त गर्दछु।

यस महत्वपूर्ण अध्ययन कार्यलाई सफल बनाउन अध्ययन समूहका संयोजक र सदस्यहरु, अनुसन्धान तथा विकास महाशाखा लगायत प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

केदार पौडेल
निमित्त कार्यकारी निर्देशक
राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

मनमैजु, काठमाडौं
फोन नं.: +१-४०२७४४९, +१-४०२७४५१
फ्याक्स +१-४०२७१४०
पोष्ट बक्स नं.: २४८६५

E-mail : info@njanepal.org.np
URL: www.njanepal.org.np

Manamaiju, Kathmandu
Ph.: +1-4027449, +1-4027451
Fax: +1-4027140
Post Box No: 24865

# प्राक्कथन

अदालत प्रेषित मेलमिलाप पोस्ट-लिटिगेसन मिडीयसनको एउटा प्रक्रिया हो। विवाद दर्ता भइसकेपछि नियमित अदालती प्रणाली अन्तर्गत कुनै विवाद पक्षको अनुरोधमा वा अदालतको आदेशमा कुनै मेलमिलाप केन्द्रमा निरुपणका लागि पठाउने प्रकृया अदालत प्रेषित मेलमिलाप हो। यसरी पठाएको विवाद समाधान गर्ने केन्द्र अदालतको नजिकमा रहेको हुन सक्छ वा मेलमिलाप केन्द्रको रूपमा अदालत बाहिर छुट्टै स्थापना भएको पनि हुन सक्छ। यहाँ उल्लेख गरिए अनुसार, अदालतमा दर्ता भैसकेको विवाद मेलमिलापमा पठाउने एउटा प्रकृया हो।

अदालत प्रेषित मेलमिलापको प्रभावकारिता वृद्धि गर्नका लागि न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-०८१) र मेलमिलाप परिषद्‌को प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७७-०८२) ले स्पष्ट रणनीति र कार्ययोजना तयार गरेर लागु गरेको छ। नियमित अध्ययन अनुसन्धानले मेलमिलाप सम्बन्धी नीति, कानून, समग्र प्रकृया र कार्यान्वयन र उपलब्धिमा निखार ल्याउँदछ। मेलमिलापका सरोकारवाला निकायबाट भएको अध्ययन, पृष्ठपोषण, सुझावका आधारमा नेपालमा अदालत प्रेषित मेलमिलापको प्राभावकारिता अध्ययन गर्न हामीलाई चयन गरी महत्वपूर्ण जिम्मेवारी दिएकोमा राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल मेलमिलाप परिषद् र नेपाल बार एशोसिएशनलाई अध्ययन समूहको तर्फबाट हार्दिक धन्यवादका साथै कृतज्ञता व्यक्त गर्दछौं।

यस अध्ययनमा प्राथमिक तथ्याङ्क र माध्यामिक तथ्याङ्क तथा सूचनाहरुलाई विभिन्न माध्ययमबाट संकलन गरी हालसम्म भएको प्रयास र भावी दिनमा अदालत प्रेषित मेलमिलापलाई प्रभावकरी बनाउन अपनाउनु पर्ने भूमिकाका बारेमा अध्ययन गरिएको छ। तथ्याङ्कसंकलनका सीमितता, साधन श्रोतको कमी तथा समय अभाव यस अध्ययनको समस्या र चुनौती रहेका छन्। अनुसन्धान विधिको परिधिमा रही तयार भएको यो अध्ययन नीति निर्माता, न्याय सम्पादन कार्यमा संलग्न जनशक्ति, कानून कार्यान्वयन गर्ने निकाय, मेलमिलापकर्ता, प्रशिक्षक, मेलमिलाप सम्बन्धी कार्य गर्ने निकाय तथा पदाधिकारी, कानून व्यवसायी, विवादका पक्षहरु, विद्यार्थी, शोध तथा अनुसन्धानकर्ता लगायतलाई उपलब्धिमूलक हुनेछ भन्ने विषयमा अध्ययन समूह विश्वस्त रहेको छ।

प्रश्नालीमा महत्वपूर्ण पृष्ठपोषण प्रदान गरी अध्ययनलाई विशिष्ट सहयोग गर्नु हुने मेलमिलाप परिषद्‌का पदाधिकारी तथा सचिवालयका अधिकृत र प्रश्नाली तथा अध्ययन प्रस्तावमा महत्वपूर्ण पृष्ठपोषण प्रदान गर्ने राष्ट्रिय न्यायिक प्रतिष्ठानका पदाधिकारी तथा अधिकृतलाई आभार व्यक्त

गर्दछौं। साथै नेपाल मेलमिलाप परिषद, सर्वोच्च अदालत, उच्च तथा जिल्ला अदालत प्रशासन तथा विभिन्न निकायबाट तथ्याङ्क उपलब्ध गराउन सहजीकरण गरिदिनु भएको र न्यायाधीश, रजिष्ट्रार, श्रेस्तेदार, मेलमिलापकर्ता, कानून व्यवसायी, मेलमिलापकेन्द्रमा कार्यरत कर्मचारी, मेलमिलापका कर्मचारी र पक्षहरु अध्ययन समूहले तयार पारेको प्रश्नावली भरी तथ्याङ्क उपलब्ध गराउनु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं।

यसै गरी लामो समयसम्म मेलमिलाप पद्दतीको विकासमा लागिपर्नु भएका विज्ञ, प्रशिक्षक, अभियान्ता, मेलमिलापकर्ताले अध्ययनका लागि गरिएको अन्तर्वातामा सहभागी भई आफ्नो अमूल्य सुझाव दिनु भएकोमा अध्ययन समूह आभार व्यक्त गर्दछ। अन्त्यमा यो अध्ययनका लागि व्यवस्थापकीय र प्रशासनिक सहयोग गर्ने राष्ट्रिय न्यायिक प्रतिष्ठानका पदाधिकरी तथा कर्मचारी र प्रश्नावली भर्न सहयोग गर्ने प्राकृतिक श्रोत द्वन्द्व रुपान्तरण केन्द्र, नेपालका कर्मचारीहरुलाई अध्ययन समूह धन्यवाद ज्ञापन गर्दछ।

**अनुसन्धान समूह**

# कार्यकारी सारांश

विवाद समाधानको वैकल्पिक उपायमध्ये मेलमिलाप पद्दति एकदमै लोकप्रिय र विशिष्ट उपाय हो। यसमा न्यायिक निकाय भन्दा बाहिरबाट र औपचारिक न्यायिक प्रकृया भन्दा भिन्न प्रकृयाबाट तेस्रो पक्ष (मेलमिलापकर्ता) को सहयोगले विवादको समाधान गरिन्छ। विवाद समाधानको मुख्य जिम्मेवारी न्यायालयमा रहेको परिप्रेक्षमा यो प्रक्रियामा अदालतबाट बाहिर समाधान गर्ने कार्य हुनेभएकोले यो विवाद समाधानको वैकल्पिक उपाय हो।

यस अध्ययनमा राष्ट्रिय कानून, अन्तराष्ट्रिय कानून र अन्तराष्ट्रिय अभ्यासको विवेचना गरिएको छ। अदालत प्रेषित मेलमिलापको प्रभावकारिता अध्ययनका लागि अनुसन्धान विधिमा उल्लेख गरिएको प्राथमिक र माध्यमिक तथ्याङ्क संकलन गरिएको छ। प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन समूहले प्रश्नावली तयार गरी केही संख्यामा परिक्षणका लागि पूर्व सर्वे गरिएको थियो। साथै उक्त प्रश्नावलीलाई मेलमिलाप परिषद्का पदाधिकारी तथा  सचिवालयका अधिकृत र प्रतिष्ठानका पदाधिकारी तथा अधिकृत समक्ष पृष्ठपोषणका लागि पठाईएको थियो। पूर्व सर्वेक्षणको अनुभव र परिषद् तथा प्रतिष्ठानबाट प्राप्त सुझाबका आधारमा प्रश्नावलीलाई अन्तिम रुप दिइएको हो। मेलमिलापका क्षेत्रमा कार्यरत विज्ञ व्यक्तिहरुसंग अध्ययन समूहले अन्तर्वाता गरी महत्वपूर्ण सूचना र सुझाव संकलन गरी प्रस्तुत गरिएको छ। यसै गरी अदालत प्रेषित मेलमिलापमा भएका कानूनी व्यवस्था, अध्ययन, अनुसन्धान, प्रतिवेदन तथा अन्य प्रकाशनमा भएका तथ्याङ्क तथा सूचनालाई एकिकृत गरी  प्रस्तुत तथा विश्लेषण गरिएको छ।

यस अध्ययनमा सहभागी उत्तरदाताको पेशागत अवस्थाको पहिचान गर्न प्रश्नावलीमा विभिन्न पेशागत विकल्पहरुमा रहेर अध्ययन गर्दा उत्तरदाताहरुमध्ये मेलमिलापकर्ता २३.७६ प्रतिशत, कानून व्यवसायी २२.७७ प्रतिशत, अदालत/मेलमिलाप केन्द्रमा कार्यरत कर्मचारी २१.७८ प्रतिशत, जिल्ला न्यायाधीश १०.८९ प्रतिशत, विवादका पक्ष ७.९२ प्रतिशत, अन्य ५.९४ प्रतिशत, मेलमिलाप तालिमका प्रशिक्षक ५.९४ प्रतिशत र उच्च अदालतका न्यायाधीश ०.९९ प्रतिशत प्रतिनिधित्व रहेको छ। अदालत प्रेषित मेलमिलापलाई अरु बढि प्रभावकारी बनाउन अध्ययन समितिले विभिन्न २० वटा उपायहरु समावेश गरी उत्तरदाताको धारणा संकलन गरिएको थियो। अध्ययनमा सहभागी उत्तरदाताहरुबाट समावेश उपायहरुमा सबैभन्दा बढि पक्षहरुलाई अदालतमा मेलमिलाप हुन सक्ने व्यवस्था र यसको कार्यविधिका बारेमा सामग्री तयार गरी टेलीभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाललगायतको माध्यमबाट चेतनामूलक कार्यक्रमहरु स्थानीय तहसम्म लैजानु पर्दछ र सबैभन्दा कम न्यायाधीश सम्मिलित मेलमिलापको लागि कानूनी व्यवस्था गरी लागु गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

सहभागीहरुले भिडियो कलको माध्यमबाट मिलापपत्रको व्यवस्था हुनुपर्ने, विदेशमा बसेकालाई भिडियो कलमार्फत अवसर प्रदान गर्ने,मेलमिलाप कार्य कक्षमा शान्तिपुर्ण वातावरण मिलाउने, मेलमिलाप कार्यमा गोपनियता कायम हुनुपर्ने, मेलमिलापकर्ताको उचित पारिश्रमिक सुविधा व्यवस्था गर्ने, कर्मचारी र कानून व्यवसायिहरु मेलमिलापकर्ता हुन नपाउने व्यवस्था गर्ने, मेलमिलापकर्ताका लागि क्षमता विकास र समयसापेक्ष सेवा सुविधाका कार्यक्रम बढाउने, मेलमिलापकर्तालाई ६/६ महिना वा १/१ वर्षमा मेलमिलाप सम्बन्धी तालिमकको विषयहरु डिजाइन गरी अनिवार्य तालिम लिएको हुनुपर्ने, अदालतको मेलमिलाप अनुगमन समिति गठन गर्न अनिवार्य गराई लागु गर्ने, मेलमिलापकर्तामा कार्यसम्पादन सफलतामा सूचक निर्माण गरी निजहरुको व्यक्तिगत प्रोफाइल बनाइ पक्षहरुले मेलमिलापकर्ताको रोजाइ गर्दा निजहरुको प्रोफाइल अध्ययन गरी अवसर दिलाउने व्यवस्था गर्ने र मेलमिलापकर्तालाई वैदेशिक भ्रमणमा मेलमिलापमा सम्बन्धी जानकारीको लागि लैजाने जस्ता अन्य उपायहरुबाट मेलमिलाप थप प्रभावकारी हुने बताएका छन्।

प्रश्नावली, अन्तर्वाता र प्रकाशित सूचना तथा तथ्याङ्कबाट अनुसन्धानकर्ताले मुख्य मुख्य विषयहरुको प्रस्तुती र विश्लेषण गरेको छ। अदालतमा हुने मेलमिलापमा पक्षले बेग्लाबेग्लै मेलमिलापकर्ता रोजेको भएता पनि पक्षलाई एकजना रोज्न दवाव दिने दुई जना रोजिएको अवस्थामा नरोजिएको तेस्रोलाई स्विकार्न बाध्य पार्ने वा रोजिएका दुई जना मध्ये गोलाप्रथाद्वारा एकजनाको छनौट गर्ने कानून र मेलमिलापको सिद्धान्त विपरितको प्रचलनलाई अँगालिएको छ। पक्षबाट स्वेच्छा पूर्वक नरोजिएको मेलमिलापकर्ताले मेलमिलाप गर्नु मेलमिलापको सिद्धान्त विपरित मानिन्छ।

यसरी कानूनमा मेलमिलाप कार्यमा पक्षको उपस्थिति गराउनु पर्ने कुरामा मुद्दा हेर्ने निकाय समेतको बेवास्ताले मेलमिलापमा सफलता घटेको छ। अदालतबाट मेलमिलापको लागि पठाईएका विवादमा मेलमिलापकर्ताले प्रारम्भमै पक्षहरुबाट पाँच/पाँच हजार पारिश्रमिक लिने गरेकोमा हाल आएर प्रत्येक बैठकको पाँच पाँच हजार पारिश्रमिक लिने गरेको गुनासो सुनिएको छ। बढी पारिश्रमिक लिनु पनि कानून विपरितको कार्य हो र यसलाई कानुनद्वारा समय सन्दर्भ र अवस्था अनुसार परिमार्जन गरिनु पर्ने र मौजुदा कानूनलाई पालना गर्ने र कानून विपरितका कृयाकलाप निरुत्साहित गरिनु पर्दछ। यातायात खर्च वापत सरकारबाट प्रोत्साहन स्वरुप पाउने प्रत्येक बैठकको पाँच सय (बढिमा ३ बैठक) र मेलमिलाप सफल भएमा थप एकहजार पाउने व्यवस्था पारिश्रमिक नपाउने समय देखि चलिआएको छ।

मेलमिलाप पद्धतिसँग सम्बन्धित कानूनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न आवश्यक कानूनहरूको पुनरावलोकन, परिमार्जन तथा नयाँ कानूनी तर्जुमा गर्नुपर्ने। मेलमिलाप

परिषद्ले तालिममा एकरूपता ल्याई गुणस्तर अभिवृद्धिका लागि सबै सूचीकृत तालिम प्रदायक संस्थालाई अनिवार्यरूपमा अभिमुखिकरण गराई, प्रशिक्षक र मेलमिलापकर्ताका लागि समय-समयमा पुनर्ताजगी, विशिष्टिकृत तालिम सञ्चालन गर्नुपर्ने आवश्यक रहेको। न्यायाधीश, अदालतका कर्मचारी तथा सरोकारवाला निकायहरूसँग नियमित समन्वय गरी अनुगमन, मूल्याङ्कन, कारवाही तथा प्रोत्साहन प्रणाली प्रभावकारी रूपमा लागु गर्नुपर्ने। जिल्ला मेलमिलाप अनुगमन समितिको भूमिका सशक्त बनाउन परिषद्को वार्षिक कार्ययोजनामार्फत कार्यक्रम समावेश गरिनु आवश्यक रहेको। साथै, मेलमिलाप केन्द्रहरूमा विवाद प्रेषण प्रणालीको संस्थागत रूपमा विकास गर्न अदालतहरूले सक्रिय पहल गर्नुपर्ने।

मेलमिलापकर्ताको ड्रेसकोड, यातायात सुविधा, भौतिक पूर्वाधार तथा स्रोत साधनको सुदृढीकरणमा जोड दिनुका साथै, मेलमिलाप प्रक्रियाको सार्वजनिक जानकारी अभिवृद्धि गर्न राज्य र सम्बन्धित संस्थाहरूले सञ्चार माध्यमहरूमार्फत चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु अत्यावश्यक छ। सूचीकृत मेलमिलापकर्ताको अद्यावधिक कार्यमा सहजिकरण गर्नुपर्ने र न्यायाधीशको भूमिकालाई स्पष्ट बनाउँदै सरल कार्यविधि लागू गर्नुपर्ने। मेलमिलापकर्ता छनोटमा पारदर्शिता ल्याउन विस्तृत विवरणसहितको रोष्टर उपलब्ध गराउने व्यवस्था, मुद्दा लम्व्याउने प्रयोजनका मेलमिलाप सिफारिसलाई निरुत्साहित गर्ने नीति, प्रविधिमैत्री विधिहरू (भर्चुअल/अनलाइन) को अवलम्बन, गोपनियता र मेलमिलापमैत्री कक्षहरूको निर्माण तथा न्यूनतम भौतिक सुविधाको सुनिश्चितता विशेष प्राथमिकतामा पर्नु पर्ने। विषयगत विज्ञ मेलमिलापकर्ताको उत्पादन र विशिष्ट केन्द्रहरूको स्थापना, प्रो-बोनो तथा व्यवसायिक मेलमिलापकर्ताबीचको स्पष्ट वर्गीकरण, सहमतिमा आधारित पारिश्रमिक प्रणालीको विकास, वार्षिक प्रतिवेदन प्रकाशन, र मेलमिलाप प्रक्रियाको समावेशिता, कार्यान्वयन र चुनौतीबारे निरन्तर अनुसन्धान कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

# विषयसूची


| | | पृष्ठ नं. |
|---|---|---|
| **तालिका र चार्ट** | | i-ii |
| | **परिच्छेद एक**<br>**प्रारम्भिक** | |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | अध्ययनको समस्याको कथन | ३ |
| १.३ | अध्ययनको उद्देश्य | ४ |
| १.४ | अध्ययनको विधि | ४ |
| १.५ | अध्ययनको महत्व | ५ |
| १.६ | अध्ययनको सीमा | ५ |
| १.७ | अध्ययनको संरचना | ६ |
| | **परिच्छेद दुई**<br>**पूर्व अध्ययनको समीक्षा** | |
| २.१ | नेपालमा अदालत प्रेषित मेलमिलापको अवस्था | ७ |
| २.२ | अदालत प्रेषित मेलमिलापको प्रभावकारिता | ८ |
| | **परिच्छेद तीन**<br>**मेलमिलाप सम्बन्धी कानूनी व्यवस्था** | |
| ३.१ | नेपालको संविधान | १० |
| ३.२ | मेलमिलाप सम्बन्धी ऐन, २०६८ | १० |
| ३.३ | स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४ | ११ |
| ३.४ | मुलुकी देवानी कार्यविधि संहिता, २०७४ | ११ |

| | | |
|---|---|---|
| ३.५ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ | १२ |
| ३.६ | वैदेशिक रोजगार ऐन, २०६४ | १३ |
| ३.७ | श्रम ऐन, २०७४ | १३ |
| ३.८ | मेलमिलाप सम्बन्धी नियमावली, २०७० | १३ |
| ३.९ | मेलमिलाप सम्बन्धी अदालतका नियमावली एवं निर्देशिकाहरु | १४ |
| ३.१० | मेलमिलाप सम्बन्धी सिंगापुर अभिसन्धि | १४ |
| **परिच्छेद चार** **नेपालमा अदालत प्रेषित मेलमिलापका प्रयास, उपलब्धी र सुधारका पक्षहरु** | | |
| ४.१ | सर्वोच्च अदालत | १७ |
| ४.२ | उच्च अदालत | १९ |
| ४.३ | जिल्ला अदालत | २० |
| ४.४ | सुधारका पक्षहरु | २१ |
| **परिच्छेद पाँच** **मेलमिलाप पद्दतीको केही अन्तराष्ट्रिय अभ्यास** | | |
| ५.१ | भारत | २३ |
| ५.२ | चिन | २३ |
| ५.३ | श्रीलंका | २४ |
| ५.४ | दक्षिण अफ्रिका | २५ |
| ५.५ | सिंगापुर | २५ |
| ५.६ | जापान | २५ |
| **परिच्छेद छ** **अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी सवालहरुको पहिचान, परामर्श र विश्लेषण** | | |
| ६.१ | प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको प्रस्तुती र विश्लेषण | २७ |

| | | |
|---|---|---|
| ६.२ | अन्तर्वाताबाट प्राप्त सूचना र सुझाबको प्रस्तुती र विश्लेषण | ४३ |
| ६.३ | विभिन्न प्रकाशनबाट प्राप्त तथ्याङ्क र सूचनाको प्रस्तुती र विश्लेषण | ५७ |
| | **परिच्छेद सात**<br>**निष्कर्ष र सुझाब** | |
| ७.१ | निष्कर्ष | ७५ |
| ७.२ | सुझाबहरु | ७७ |
| | **अनुसूचीहरु** | |
| अनुसूची १ | प्रश्नावली | ८० |
| अनुसूची २ | अन्तर्वाताका सहभागीहरुको नामावली | ८५ |
| **सन्दर्भग्रन्थ सामग्रीहरु** | | ८६ |

# तालिका र चार्ट


| तालिका नं. | पृष्ठ नं. |
|---|---|
| तालिका नं. १: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको अति राम्रो अनुभूतिको अवस्था | ३० |
| तालिका नं. २: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको राम्रो अनुभूतिको अवस्था | ३१ |
| तालिका नं. ३: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको थाहा नभएको अनुभूतिको अवस्था | ३२ |
| तालिका नं. ४: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको कमजोर अनुभूतिको अवस्था | ३३ |
| तालिका नं. ५: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको अति कमजोर अनुभूतिको अवस्था | ३४ |
| तालिका नं. ६: प्रभावकारी बनाउन अबलम्बन गर्ने उपाय | ३५ |
| तालिका नं. ७: अदालत प्रेषित मेलमिलापको दश वर्षे अवस्था विश्लेषण | ५७ |
| तालिका नं. ८: मेलमिलाप परिषदबाटट मेलमिलापकर्ता उत्पादन तथा क्षमता विकासका सम्बन्धमा आ.व. २०८१/८२ मा सञ्चालन गरिएको कार्यक्रमको विवरण | ६३ |
| तालिका नं. ९: आ.व. २०८०/८१ मा अदालतहरु मेलमिलापका लागि बजेट विनियोजन र कार्यान्वयन | ६५ |

| चार्ट नं. | पृष्ठ नं. |
|---|---|
| चार्ट नं. १: अध्ययनमा सहभागी उत्तरदाताको लैङ्गिक सहभागिता | २७ |
| चार्ट नं. २: अध्ययनमा सहभागी उत्तरदाताको शैक्षिक योग्यताको अवस्था | २८ |
| चार्ट नं. ३: अध्ययनमा सहभागी उत्तरदाताको पेशागत प्रतिनिधित्वको अवस्था | २९ |
| चार्ट नं ४: वार्षिक रुपमा मेलमिलाप हुने प्रकृतिका दर्ता मुद्धा तथा मेलमिलापको लागि पठाईएको अवस्था | ५९ |
| चार्ट नं ५: वार्षिक रुपमा अदालत प्रेषित मेलमिलापको सफलताको दर प्रतिशत | ६० |

| | |
|---|---|
| चार्ट नं ६: मेलमिलापबाट सफल मुद्दाहरु | ६१ |
| चार्ट नं ७: अदालतमा सूचीकृत मेलमिलापकर्ता | ६२ |
| चार्ट नं ८: सर्वोच्च अदालतमा मेलमिलापको लागि पठाईएका मुद्दाको प्रतिशत | ६७ |
| चार्ट नं ९: विगत दश बर्षमा सर्वोच्च अदालतमा मेलमिलापको सफलताको प्रतिशत | ६८ |
| चार्ट नं १०: सर्वोच्च अदालतमा सूचीकृत मेलमिलापकर्ता | ६९ |
| चार्ट नं ११: उच्च अदालतमा मेलमिलापको लागि विवाद सिफारिस प्रतिशत | ७० |
| चार्ट नं १२: उच्च अदालतमा मेलमिलापबाट विवाद समाधान सफललाको अवस्था | ७० |
| चार्ट नं १३: उच्च अदालतमा मेलमिलापबाट विवाद समाधानको सफलता प्रतिशत | ७१ |
| चार्ट नं १४: वार्षिक रुपमा उच्च अदालतमा सूचीकृत मेलमिलापकर्ता | ७२ |
| चार्ट नं १५: वार्षिक रुपमा जिल्ला अदालतवबाट मेलमिलापको लागि पठाईएका मुद्दा प्रतिशतमा | ७२ |
| चार्ट नं. १६: जिल्ला अदालतमा मेलमिलाप सफल प्रतिशत | ७३ |
| चार्ट नं. १७: वार्षिक रुपमा जिल्ला अदालतमा मेलमिलाप सफलताको दर प्रतिशत | ७३ |
| चार्ट नं १८: जिल्ला अदालतमा सूचिकृत मेलमिलापकर्ताको अवस्था | ७४ |

# परिच्छेद - एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

समाजमा उत्पन्न भएका विवादहरु समाजमा नै समाधान गर्ने प्रचलन नेपालमा परम्परागत रुपमा नै विकसित भएको पाईन्छ। समाजको विकासक्रम संगै औपचारिक न्याय प्रणालीको शूरुवात भएको र अनौपचारिक रुपमा समाजमा आआफ्नै प्रथा तथा रिती रिवाज अनुसार मेलमिलाप हुने प्रचलन पनि संगसंगै अभ्यासमा रहेको छ। विवाद समाधानको वैकल्पिक उपायमध्ये मेलमिलाप पद्दति एकदमै लोकप्रिय र विशिष्ट उपाय हो। यसमा न्यायिक निकाय भन्दा बाहिरबाट र औपचारिक न्यायिक प्रकृया भन्दा भिन्न प्रकृयाबाट तेस्रो पक्ष (मेलमिलापकर्ता) को सहयोगले विवादको समाधान गरिन्छ। विवाद समाधानको मुख्य जिम्मेवारी न्यायलयमा रहेको परिप्रेक्षमा यो प्रक्रियामा अदालतबाट बाहिर समाधान गर्ने कार्य हुनेभएकोले यो विवाद समाधानको वैकल्पिक उपाय हो।[१] मेलमिलाप पद्दतिलाई अलि व्यवस्थित र सुधार गर्दै नेपालमा २०५८ सालदेखि समुदायमा आधारित सामुदायिक मेलमिलापको कार्यक्रम सञ्चालनमा आएको हो।

२०६० सालमा जिल्ला अदालत नियमावलीमा संशोधन गरी औपचारिक न्याय प्रणालीमा मेलमिलाप पद्दतीको शुरुवात भएको हो। त्यसैगरी २०६३ सालमा तत्कालिन पुनरावेदन अदालतको नियमावली, २०४८ र सर्वोच्च अदालत नियमावली, २०४९ मा संशोधन गरी मेलमिलापलाई सबै तहका अदालतहरुमा कार्यान्वयनमा ल्याईयो। यसैक्रममा सर्वोच्च अदालतमा मेलमिलाप समितीको गठन भएको र सबै तहका अदालतहरुको नियमावलीहरुमा विवाद समाधानको उपायको रुपमा मेलमिलाप पद्धतीलाई स्वीकार गरिएको हो।[२]

तालिम प्राप्त मेलमिलापकर्ताद्वारा निर्धारित प्रकृया अपनाई विवादको समाधान गर्ने हुनाले तालिमको आयोजना गरियो। सर्वोच्च अदालतमा स्थापित मेलमिलाप समितीवाट २०६४ असार ६ गते पारित गरिएको पाठ्यक्रमको आधारमा सर्वोच्च अदालत, राष्ट्रिय न्यायिक प्रतिष्ठान तथा अन्य सम्वद्ध सरोकारवालाको सुझाव र सहयोग समेत लिई २०६५ सालमा अदालत प्रेषित मेलमिलापको ८ (आठ) दिने आधारभूत प्रशिक्षण सञ्चालनका लागि "प्रशिक्षण निर्देशिका" तयार गरिएको थियो। पाठ्यक्रमका

---

[१] मेलमिलाप सम्बन्धी सामग्री, २०७४, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं।

[२] मेलमिलापसम्बन्धी आधारभूत सर्वेक्षण, २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं।

आधारमा तालिम प्राप्त मेलमिलापकर्ताहरु अदालतमा सूचिकृत हुने र इजलासबाट प्रेषित भएका मुद्दामा मेलमिलापको सत्र सञ्चालन हुने व्यवस्था मिलाईयो।

सर्वोच्च अदालतमा गठन भएको मेलमिलाप समिति र बिभिन्न गैह्र सरकारी संस्थाहरुको सक्रियतामा नेपालमा मेलमिलापसम्वन्धी कानुनको मस्यौदा भई मेलमिलापसम्वन्धी ऐन, २०६८ कार्यान्वयनमा आएको र ऐनको दफा २६ अनुसार मेलमिलाप परिषद्को गठन भई आधारभूत संरचना समेतको बिकास भएको छ। २०७० सालमा मेलमिलापसम्वन्धी नियमावली निर्माण भई २०७१ साल बैशाख १ गते देखि कार्यान्वयनमा आएको छ। यसैगरि तीनै तहको अदालतहरुमा मेलमिलापको प्रयोगलाई प्रभावकारी बनाउनका लागि २०७५ सालमा सबै तहका अदालतहरुवाट मेलमिलाप कार्य सञ्चालन निर्देशिका तयार गरी लागु भएको छ।

अदालत प्रेषित मेलमिलाप पोस्ट-लिटिगेसन मिडीयसनको एउटा प्रक्रिया हो। विवाद दर्ता भइसकेपछि नियमित अदालती प्रणाली अन्तर्गत कुनै विवाद पक्षको अनुरोधमा वा अदालतको आदेशमा कुनै मेलमिलाप केन्द्रमा निरुपणका लागि पठाउने प्रकृया अदालत प्रेषित मेलमिलाप हो। यसरी पठाएको विवाद समाधान गर्ने केन्द्र अदालतको नजिकमा रहेको हुन सक्छ वा मेलमिलाप केन्द्रको रूपमा अदालत बाहिर छुट्टै स्थापना भएको पनि हुन सक्छ। यहाँ उल्लेख गरिए अनुसार, अदालतमा दर्ता भैसकेको विवाद मेलमिलापमा पठाउने एउटा प्रकृया हो।

नेपालको संविधान, मेलमिलापसम्बन्धी ऐन, २०६८, मुलुकी देवानी संहिता, २०७४, मुलुकी अपराध संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मेलमिलापसम्बन्धी नियमावली, २०७०, अदालतका नियमावलीहरु, मेलमिलाप कार्यसञ्चालन निर्देशिकाहरु, मेलमिलापकर्ताको आचार संहिता,२०७३ का साथै केही विशेष ऐनको अधिनमा रही अदालत प्रेषित मेलमिलापका क्रियाकलापहरु सञ्चालन भईरहेका छन्। अदालत प्रेषित मेलमिलापको प्रभावकारिता वृद्धि गर्नका लागि न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-०८१) र मेलमिलाप परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७७-०८२) ले स्पष्ट रणनीति र कार्ययोजना तयार गरेर लागू गरेको छ।

२०६० सालबाट शुरु भएको अदालत प्रेषित मेलमिलाप पद्दतिले केहि उपलब्धि हासिल गरेको छ। नेपालका सबै अदालतहरुमा मेलमिलापकेन्द्रको स्थापना, अदालतका मेलमिलापकेन्द्रहरुमा २३२६ जना मेलमिलापकर्ता सूचीकृत भएका[३], मेलमिलाप परिषदबाट मेलमिलाप बमोजिम तालिम सञ्चालन गर्ने[४] संस्थाहरु ३६ वटा र मेलमिलाप सम्बन्धी कार्य गर्ने[५] ६ वटा संस्थाले अनुमती लिई कार्यरत रहेका

[३] मेलमिलापसम्बन्धी आधारभूत सर्वेक्षण, २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं।

[४] मेलमिलापसम्बन्धी ऐन, २०६८ दफा २७(ग)।

[५] ऐ. ऐ. दफा २३।

छन्। अदालत प्रेषित मेलमिलापमा २९ प्रतिशत सफलताको दर देखिएको छ।[६] तर मेलमिलाप सम्बन्धी संवैधानिक व्यवस्था, बर्तमान कानून, न्यायपालिकाले लिएको नीति बमोजिम आशातित उपलब्धि हुन सकेको छैन। कानूनले मेलमिलाप गर्न सकिने भनि तोकेका मुद्दाहरुको न्यून संख्या मात्र अदालतबाट मेलमिलापकेन्द्रमा प्रेषित हुने गरेको र प्रेषित गरिएका मुद्दा मध्ये सरदर २० प्रतिशत मात्र सफल हुने गरेका छन्। तीन तहका अदालतहरुमा आ.ब.२०७८/०७९ को तथ्याङ्क बमोजिम मेलमिलाप हुने प्रकृतिका मुद्दाहरु १,२१,१७३ मुद्दा मध्ये मेलमिलाप प्रक्रियामा पेश भएका मुद्दाहरु जम्मा २४,०८७ अर्थात १९.७८ प्रतिशत रहेको छ। मेलमिलापको लागि पेश भएका मुद्दाको सफलताको दर जम्मा २०.३३ प्रतिशत रहेको छ।[७]

उल्लिखित मिश्रित सफलता र केहि असन्तुष्टि अर्थात कमजोरीका कारण अदालत प्रेषित मेलमिलापको गहिरो अध्ययन गरी विवाद समाधानको यो महत्वपूर्ण पद्दतीलाई अझ प्रभावकारी गराउन के गर्न सकिन्छ भनी यो अध्ययन गर्न लागिएको हो। राष्ट्रिय न्यायिक प्रतिष्ठानलाई यस अध्ययनका लागि सर्वोच्च अदालतबाट अनुरोध भई आएकाले यस आ.ब. मा प्रतिष्ठानले देहायको अध्ययन समूह तयार गरी यो अध्ययन अगाडी बढाएको छ।

संयोजक- श्री चुपबहादुर थापा, सदस्य, मेलमिलाप परिषद्

सदस्य- अधिवक्ता श्री सन्तोष राना मगर, प्रतिनिधि, नेपाल बार एशोसिएशन

सदस्य- श्री पारस पौडेल, निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान

## १.२ अध्ययनको समस्याको कथन

विवादका पक्षहरु, न्यायाधीश लगायत न्यायिक निकायमा कार्यरत जनशक्ति, मेलमिलापका विज्ञ तथा अभियान्ता कानून व्यवसायी, मेलमिलापकर्ता, सामाजिक कार्यकर्ता, नागरिक समाज, राजनैतिक व्यक्तिलगायतले अदालत प्रेषित मेलमिलाप सम्बन्धी नीति, कानून प्रक्रियाको लेखाजोखा गरी सवलपक्षलाई आत्मसाथ गर्दै कमी कमजोरी पत्ता लगाउनु पर्दछ भन्ने भनाई कुनै न कुनै माध्ययमबाट आईरहेको छ। यसैगरी यस पद्दतीको अवसर र चुनौतीको विश्लेषण गरी अदालत प्रेषित मेलमिलापको प्रभावकरिता सम्बन्धी निर्दिष्ट दिशानिर्देश आवश्यक भएको छ।

---

[६] मेलमिलापसम्बन्धी आधारभूत सर्वेक्षण, २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान, काठमाडौं।

[७] ऐ. ऐ.।

## १.३ अध्ययनको उद्देश्य

अदालत प्रेषित मेलमिलापको प्रभावकारिता कस्तो रहेको छ र अझ बढी प्रभावकारी बनाउन के गर्नु सकिन्छ भन्ने पत्ता लगाउनु यस अध्ययनको मूख्य उद्देश्य रहेको छ। यस अध्ययनका अन्य उद्देश्यहरु देहाय बमोजिमका रहेका छनः

- अदालत प्रेसित मेलमिलापको सम्वन्धमा विद्यमान नीति, कानून, प्रक्रिया र अभ्यासको वर्तमान अवस्थाको लेखाजोखा गर्ने,
- अदालत प्रेषित मिलापको क्षेत्रमा देखिएका सवलपक्ष, कमजोर पक्ष, अवसर र चुनतीहरुको विश्लेषण गर्ने,
- अदालत प्रेषित मेलमिलापको प्रभावकारिताको लागि दिशानिर्देश गर्ने।

## १.४ अध्ययनको विधि

नेपालमा अदालत प्रेषित मेलमिलापको शुरुवात भए देखिको उपलब्धिको समिक्षा तथा विश्लेषणका लागि आवश्यक तथ्याङ्क तथा सूचनाहरु हालसम्म प्रकाशित औपचारिक निकाय तथा संघसंस्थाहरु मार्फत गरिएका अध्ययन अनुसन्धान र प्रकाशनहरु समेतलाई अध्ययन तथा पुनरावलोकन गरिएको छ।प्रस्तुत अध्ययनमा केही सूचनाहरु मेलमिलापमा प्रत्यक्ष संलग्न रहेका सरोकारवाला निकायमा कार्यरत जनशक्तिसंग प्रश्नावली विधिमार्फत प्राथमिक तथ्याङ्क संकलन गरिएको छ। यो अध्ययनमा पर्याप्त तथ्याङ्कको नमूना संकलन गरी अनुमान (inference) का आधारमा निष्कर्षमा पुगेको नभई केही तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ।

प्रश्नावलीलाई मेलमिलापका विज्ञहरु समावेश रहेको मेलमिलाप परिषद् बैठकको परामर्श र सुझावका आधारमा परिमार्जन गरी अन्तिम रुप दिईएको हो। तीनै तहका अदालतहरुको प्रतिनिधित्व हुने गरी न्यायाधीश, कर्मचारी, मेलमिलापकर्ता, पक्ष, अधिवक्ताहरुको राय संकलनका लागि वैज्ञानिक नमूना छनौटका आधारमा सर्वोच्च अदालत, सात वटा उच्च अदालत, दश वटा जिल्ला अदालतबाट प्रश्नावली भराईएको छ। सूचना र सुझाब संकलनका लागि मेलमिलाप परिषद्का पदाधिकारी, मेलमिलापको क्षेत्रमा रहेका विज्ञहरु एवं सरोकारवालाहरु संगको परामर्श छलफल, समूह छलफल, मामला अध्ययन, अनुभवबाट राय सुझाबसमेत संकलन गरिएको छ। प्राप्त सुचनाहरुलाई नविनतम् प्रविधिको प्रयोग गरी सुचना प्रविष्ट गरी आवश्यकताअनुसारका सफ्टवेयरमार्फत तथ्याँङ्कको विश्लेषण गरीएको छ।

अध्ययनको प्रारम्भिक मस्यौदा तयार भएपछि मेलमिलाप परिषद्का पदाधिकारी, मेलमिलापको क्षेत्रमा रहेका विज्ञहरु एवं सरोकारवालाहरु संगको परामर्श छलफल गरी प्राप्त भएको राय सुझाबसमेतलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिने छ ।

## १.५ अध्ययनको महत्व

राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ बमोजिम प्रतिष्ठानको काम, कर्तव्य र अधिकारमा कानून र न्यायको क्षेत्रसंग सम्बन्धित विषयमा अनुसन्धान गर्ने र अनुसन्धानमूलक सामग्री प्रकाशन गर्ने प्रमुख कार्य हो। प्रतिष्ठानको स्थापनाकालदेखि नै न्याय र कानूनको क्षेत्रमा विभिन्न अनुसन्धानमूलक कार्यहरु प्रतिष्ठानले गर्दै आएको छ। दुई दशक भन्दा बढी अदालत प्रेषित मेलमिलापको अभ्यास भएको र मेलमिलाप परिषद्, सर्वोच्च अदालत मेलमिलाप समिति, सर्वोच्च अदालत प्रशासनले यस पद्दतीको प्रभावकारिता सम्बन्धी अनुसन्धान गर्न जरुरी देखि प्रतिष्ठानलाई अनुसन्धानको अनुरोध आए बमोजिम प्रतिष्ठानले यस आ.ब. २०८१/८२ मा यो अध्ययन गर्न लागेको हो। मेलमिलाप परिषद्का सदस्य प्रतिनिधि, नेपालबारको प्रतिनिधि तथा प्रतिष्ठानका जिम्मेवारी प्रतिनिधिको अनुसन्धान समिति निर्माण गरी यो अध्ययन औपचारिक रुपमा अगाडी बढाएको हो। अध्ययन समितिले अदालत प्रेषित मेलमिलापका सम्पूर्ण सरोकारवालासंग प्राथमिक तथ्याङ्क र माध्यमिक तथ्याङ्क विभिन्न माध्ययमबाट संकलन गरी तथ्याङ्क तथा सूचना विश्लेषण गरी यथार्थ झल्काएको र भावी कार्यदिशाका लागि मार्ग निर्देश गरेको छ।

अदालत प्रेषित मेलमिलापलाई परिणाममूखी बनाउन र आगामी दिनमा मेलमिलाप पद्धतीको प्रयोगलाई व्यवस्थित, मर्यादित एवम् प्रभावकारी बनाउनका लागि आवश्यक नीति निर्माण र कार्यान्वयन गर्नका लागि अदालत प्रेषित मेलमिलाप कार्यक्रमको वास्तविक अवस्था पहिचान गर्न र अरुबढि प्रभावकारी बनाउन यो अनुसन्धान गरिएको हो। यस अनुसन्धानले नीति निर्माता, नियमनकर्ता, अनुगमन तथा मूल्याङ्कनकर्ता, सुपरिवेक्षक, मेलमिलापकर्ता, प्रशिक्षक, मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्था, विज्ञ, अभियान्ता, प्राध्यापनका संलग्न जनशक्ति, मेलमिलाप कार्यान्वयन गर्ने निकाय तथा पदाधिकारी, विवादका पक्षहरु तथा विद्यार्थीलगायत लाई यो अनुसन्धान महत्वपूर्ण हुनेछ।

## १.६ अध्ययनको सीमा

अदालत प्रेषित मेलमिलापको यो अध्ययनमा विविध सिमितताहरु रहेको छन्। प्रमुख सीमाहरु यस प्रकार रहेका छनः

- यो अध्ययन अदालत प्रेषित मेलमिलापमा मात्र केन्द्रित रहेको छ।
- आर्थिक बर्ष २०८०-०८१ सम्मका तथ्याङ्कलाई आधार बनाईएको छ।
- केही उच्च अदालत र जिल्ला अदालतका न्यून संख्यामा प्रश्नावली भराईएको छ।
- सिमित बजेट र जनशक्ति यसमा सम्लग्न रहेको छ।
- यस आ.व.को अन्त्यमा प्रतिवेदन बुझाउनु पर्ने भएकाले समयको पनि अभाव रहेको छ।

## १.७ अध्ययनको संरचना

अध्ययनको पहिलो खण्डमा सर्वेक्षणको कार्यकारी सारांश र परिच्छेद एकको प्रारम्भिक खण्ड अन्तर्गत अध्ययनको परिचय, समस्याको कथन, उद्देश्य, विधि, महत्व, सीमा र संरचना उल्लेख गरिएको छ। परिच्छेद दुईमा पूर्व अध्ययन समीक्षा अन्तर्गत नेपालमा अदालत प्रेषित मेलमिलापको अवस्था र अदालत प्रेषित मेलमिलापको प्रभावकारिता बारेमा उल्लेख गरिएको छ। परिच्छेद तीनमा अदालत प्रेषित मेलमिलाप सम्बन्धी कानूनी व्यवस्थाहरु र अन्तराष्ट्रिय कानून उल्लेख गरिएकोछ।

साथै परिच्छेद चारमा नेपालमा अदालत प्रेषित मेलमिलापका प्रयास, उपलब्धी र सुधारका पक्षहरु, परिच्छेद पाँचमा अदालत प्रेषित मेलमिलापमा अन्तराष्ट्रिय अभ्यास समावेश गरिएको छ। यसै गरी परिच्छेद छ मा अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी सवालहरुको पहिचान, परामर्श र विश्लेषण र परिच्छेद सातमा अध्ययनको निष्कर्ष र सुझाब समावेश गरिएको छ। अन्त्यमा सन्दर्भ सामग्री र अनुसूचीहरु संलग्न गरिएको छ।

# परिच्छेद - दुई

# पूर्व अध्ययनको समीक्षा

## २.१ नेपालमा अदालत प्रेषित मेलमिलापको अवस्था

विवादका पक्षहरूलाई न्यायमा सहज, सरल र प्रभावकारी पहुँच प्रदान गर्नका लागि वैकल्पिक विवाद समाधानको एउटा प्रभावशाली माध्यमका रूपमा मेलमिलाप पद्धतिको प्रारम्भ भएको छ। यस पद्धतिमा विवादमा संलग्न पक्षहरू स्वयं समाधान प्रक्रियामा सहभागी भई, मेलमिलापकर्ताको सहजीकरणमा साझा हितमा आधारित समाधानको खोजी गर्छन्। यसले दुवै पक्षलाई लाभ लाभको अनुभूति दिलाउनुका साथै आपसी सद्भाव र सम्बन्धको सुदृढीकरणमा समेत योगदान पुऱ्याउँछ। नेपालमा मेलमिलापको कानूनी इतिहास हेर्दा नेपालको पहिलो संहिताबद्ध कानून, १९१० सालको मुलुकी ऐन अन्तर्गत अदालती महलको दफा ३४ मा विवाद मिलाउन भद्रभलादमीको व्यवस्था गरिएको थियो। जसअनुसार उनीहरूलाई विवादको तजबीज गर्ने कानूनी अधिकार दिइएको थियो। त्यस्तै, २०२० साल भाद्र १ गते लागु भएको मुलुकी ऐनको आ.ब. १८२ मा मिलापत्रसम्बन्धी कानूनी प्रावधान गरिएको थियो, जसअनुसार अदालतमा मिलापत्र वा मेलमिलापको अभ्यास हुँदै आएको थियो। यही मौलिक अभ्यासलाई संस्थागत रूपमा विकसित गर्दै, नेपालको न्यायपालिकाले २०६० को दशकदेखि मेलमिलाप पद्धतिलाई आफ्ना नियमावलीहरूमा समावेश गर्दै महत्वपूर्ण अग्रसरता लिएको थियो।

नेपालको न्यायपालिकामा मेलमिलाप पद्धतिको औपचारिक सुरुवात मिति २०६० मंसिर १ गते देखि जिल्ला अदालत नियमावली, २०५२ को चौथो संशोधनवाट नियम ३२क. थप गरी जिल्ला अदालतबाट भएको हो। त्यसपश्चात मिति २०६३।४।१५ मा पुनरावेदन अदालत नियमावली, २०४८ को सातौ संशोधनद्वारा नियम ५३क र सर्वोच्च अदालत नियमावली, २०४९ को सातौ संशोधनद्वारा नियम ६५(क) संशोधन एवम् व्यवस्था गरी मेलमिलाप प्रकृयाको अभ्यास र अनुभव गरिदैं आएको हो।

हाल आएर मेलमिलाप सम्बन्धी ऐन, २०६८ र मेलमिलाप सम्बन्धी नियमावली, २०७० विशेष कानून अस्तित्वमा रहेका छन्। यो विषयगत ऐनले सामुदायिक मेलमिलाप तथा अदालत प्रेषित मेलमिलाप लगायत मेलमिलापका सबै क्षेत्रगत आयामहरूलाई सम्बोधन गर्ने प्रयास गरेको छ। मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ४८ बमोजिम यस ऐनको उद्देश्य कार्यन्वयनका लागि नेपाल सरकारले सर्वोच्च अदालतसँग परामर्श गरी आवश्यक नियम बनाउन सक्ने छ भन्ने व्यवस्था अनुरूप मेलमिलाप सम्बन्धी नियमावली, २०७० बनेको र यो नियमावली मिति २०७०।११।१९ गतेको राजपत्रमा प्रकाशित भई मेलमिलाप सम्बन्धी ऐन, २०६८ बमोजिम मिति २०७१।०१।०१ बाट नेपाल भर प्रारम्भ भएको हो।

यसै गरी उक्त ऐनको दफा २६ बमोजिम ११ सदस्यीय मेलमिलाप परिषद् गठन भई क्रियाशिल रहेको छ। जुन नेपालको मेलमिलापको सम्बन्धमा माथिल्लो निकायको रूपमा रहेको छ।

समयक्रमसँगै मेलमिलाप पद्धति अदालती न्यायिक प्रक्रियाको वैकल्पिक तर औपचारीक पद्धतीकै रूपमा विकास हुँदै आएको छ। पछिल्लो पटक बनेका सर्वोच्च अदालत नियमावली २०७४, उच्च तथा जिल्ला अदालत नियमावली, २०७५ ले पनि मेलमिलाप सम्बन्धी साविकको व्यवस्थालाई निरन्तरता दिएबाट पनि मेलमिलाप प्रक्रिया न्यायपालिकाको प्राथमिकतामा परेको पुष्टि हुन्छ। अदालत प्रेषित मेलमिलाप प्रक्रियालाई सरल ढङ्गले व्यवस्थापन तथा सञ्चालन तीनै तहका अदालतमा अदालत प्रेषित मेलमिलाप कार्य सञ्चालन निर्देशिका, २०७५ मार्फत गरिएको छ। नेपालमा कानूनद्वारा नै मेलमिलाप पद्धितिलाई औपचारीकता प्रदान गरी क्रमशः अदालती न्यायिक प्रक्रियाको अभिन्न पाटोको रूपमा विकसित भई अदालती न्यायिक प्रक्रियाका सहयोगीको रूपमा विकास भएको पाइन्छ। यसरी औपचारिक न्याय प्रणालीमा आएका विवादहरूलाई मेलमिलापको माध्यमबाट समाधान गर्ने उद्देश्यका साथ नेपालमा अदालत प्रेषित मेलमिलापलाई कानूनी मान्यता प्रदान गरेदेखि हालसम्मको अवस्थालाई हेर्दा अदालतमा दायर भएका मेलमिलाप हुने प्रकृतिका मुद्दाहरु मध्ये १७.८७ प्रतिशत मुद्दाहरु मात्र मेलमिलाप पठाएको देखिन्छ। यसरी मेलमिलापका लागि पठाईएका मुद्दाहरु मध्ये बार्षिक औषत करीब १८.९७ प्रतिशत मुद्दा मेलमिलापको माध्यमबाट टुङ्गिएका छन्। प्रारम्भिक अवस्थामा मेलमिलाप हुने यो संख्या ठिकै भए पनि पछिल्लो चरणमा मेलमिलापका सम्बन्धमा जनचेतना बृद्धि गर्ने उद्देश्यले भएका प्रचार प्रसार, मेलमिलापमा संलग्न निकाय वा संस्थाहरूको सक्रियता, मेलमिलापको क्षेत्रमा भएको लगानी, अदालतबाट मेलमिलापमा जान गरिने प्रोत्साहन लगायतका सबै विषयवस्तुलाई हेर्दा यो दर निकै न्यून रहेको देखिन्छ।

## २.२ अदालत प्रेषित मेलमिलापको प्रभावकारिता

नेपालमा अदालत प्रेषित मेलमिलाप प्रभावकारी छ कि छैन भन्ने कुरा यसको सफल कार्यान्वयन, सेवाग्राहिले प्राप्त गरेका लाभ, कार्यान्वयनका चुनौतीहरु र सुधारको सम्भावनाहरुमा निर्भर रहन्छ। नेपालमा अदालत प्रेषित मेलमिलापको प्रभावकारीतालाई निम्नानुसार उल्लेख गरिएको छः

(क) विवादको शान्तिपूर्ण समाधानः हुने गरेको

(ख) झञ्झटिलो र खर्चिलो अदालती प्रकृयाबाट मुक्तः हुने स्थिती बनेको

(ग) कानूनी मान्यता प्राप्तः मान्यता दिएको तर अनौपचारिक प्रकृया अबलम्बन हुने गरेको ।

(घ) छिटो र छरितोः प्रकृयामा मेलमिलाप हुने गरेको

(ङ) गोपनीयताः कायम राख्न सजिलो हुने

(च) सम्बन्ध दिगो हुनेः जीत जीतको अवस्थामा विवाद समाधान हुँदा पक्षहरुको सम्बन्ध दिगो हुने गरेको

(छ) अदालतको कार्यबोझ घट्नेः मेलमिलाप योग्य मुद्दाहरू अदालतबाट मेलमिलापतर्फ पठाउँदा न्यायालयको बोझ घट्ने र न्याय सम्पादन गति बढ्ने देखिन्छ

(ज) भरोसामा वृद्धिः सर्वसुलभ पहुँच, तटस्थता, निश्पक्षता जस्ता विशेषताका कारणले यस प्रकृयाप्रति पक्षहरुको भएको।

मेलमिलाप परिषद् र राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट भएको मेलमिलाप सम्बन्धी आधारभूत सर्वेक्षणमा अदालतबाट प्रेषित मेलमिलापका सम्बन्धमा देहाय बमोजिमको निष्कर्ष रहेको पाईन्छ:

(क) कानून बमोजिम मेलमिलाप हुने प्रकृतिका अधिकांश मुद्दा विवादहरु मेलमिलाप केन्द्रमा प्रेषित भएको पाईएन।

(ख) आधारभूत मेलमिलाप सम्बन्धी तालिम बाहेक परिषद्ले तोकेको अन्य प्रशिक्षण कार्यक्रममा मेलमिलापकर्ताको सहभागिता न्यून रहेको पाइयो।

(ग) स्वीकृत मेलमिलापकर्ताहरु नेपाली, अंग्रेजी भाषाको अतिरित्त मातृभाषा क्रमश हिन्दी, थारु, भोजपुरी, मैथली, तामाङ्ग भाषासमेतको जानकार रहेको पाइयो।

(घ) मेलमिलाप सम्बन्धी क्रियाकलाप सञ्चालनका लागि अदालत, स्थानिय तह, सामुदायिक संस्थामा वार्षिक रुपमा विनियोजन भएको बजेट हेर्दा औषतमा अदालत तर्फ रु ८५,००० रहेको पाइयो।

(ङ) मेलमिलापकर्ताको क्षमता अभिवृद्धिका लागि आवश्यक नीतिको अस्पष्टता र न्यून बजेट विनियोजनका कारण मेलमिलाप कार्यक्रम प्रभावकारी हुन नसकेको मेलमिलापकर्ताको भनाई पाइयो।

(च) मेलमिलाप केन्द्रहरुमा आवश्यक भौतिक पूर्वाधारको कमीको कारण मेलमिलापको सम्पूर्ण प्रक्रियामा नै कठिनाई भएको पाइयो।

(छ) मेलमिलापकेन्द्रको सहज पहुँचमा मेलमिलापकर्ता नरहेको, मेलमिलापकर्तालाई पक्षहरुले स्वीकार नगर्ने, राजनैतिक आस्थाको आधारमा पक्षहरुले दृष्टिकोण दनाउने, र विश्वास नगर्ने।

(ज) मेलमिलापकर्ताको तालिमका सहभागिसमेत निष्पक्षताका साथ छनौट नभएको।

(झ) मेलमिलापका लागि प्रेषित मुद्दाहरु अदालतमा २९ प्रतिशत रहेको र सफलताको दर जम्मा २२.३२ प्रतिशत रहेको पाईयो।

(ञ) मेलमिलापको गुणस्तर र प्रभावकारीता वृद्धिका लागि मेलमिलापकर्तालाई आवश्यक रुपमा तालिम प्रदान गर्नु पर्ने।

# परिच्छेद - तीन

# मेलमिलाप सम्बन्धी कानूनी व्यवस्था

## ३.१ नेपालको संविधान

प्रत्येक नागरिकलाई स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानूनी राज्यको अवधारणालाई मुलुको संविधानले प्रत्याभूत गरिएको छ। सोही बमोजिम अदालत वा न्यायीक निकायबाट स्वच्छ सुनुवाइको हक प्रदान गरिएको छ। यदि कुनै न्यायका याचिकाहरुको न्यायमा सहज पहुँच हुन नसके हरेक अदालतहरुमा कानून बमोजिम निशुल्क कानूनी सहायता पाउने हकको सुचिश्चितता गरेको अवस्था छ।[८] नेपालको संविधानको धारा १२७ को उपधारा (२) ले कानून बमोजिम मुद्दा हेर्न स्थानिय स्तरमा न्यायिक निकाय वा विवाद समाधानका वैकल्पिक उपाय अवलम्वन गर्ने आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने छ भन्ने संवैधानिक व्यवस्था गरेको छ। सोही संविधानको भाग ४ को राज्य निर्देशक सिद्दान्त, नीति तथा दायीत्व अन्तर्गत धारा ५१ (ट) (२) बमोजिम समान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप मध्यस्थता जस्ता वैकल्पिक उपायहरु अवलम्वन गर्ने तथा धारा २१७ अनुसार कानून बमोजिम आफ्नो अधिकार क्षेत्र भित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा र हरेक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय न्यायिक समिति रहने व्यवस्था गरेको छ।[९]

## ३.२ मेलमिलाप सम्बन्धी ऐन, २०६८

मेलमिलापको माध्यमबाट छिटो छरितो तथा सरल प्रक्रियाबाट विवाद समाधान गर्न र विवाद समाधानको प्रक्रियालाई कम खर्चिलो बनाई न्यायमा सर्वसाधारणको पहुँच बृद्धि गराई सर्वसाधारण नागरिकको हित र सुविधा कायम गर्न मेलमिलापको कार्यविधि सम्बन्धमा कानूनी व्यवस्था गर्ने उद्देश्यले मेलमिलाप सम्बन्धी ऐन, २०६८ जारी गरिएको अवस्था छ।[१०] मेलमिलाप सम्बन्धी ऐन, २०६८ मा भएका महत्वपुर्ण व्यवस्थाहरुलाई निम्न बमोजिम बुँदागतरुपमा रहेको छः

- मेलमिलाप पद्दती अनुसार विवाद समाधान सम्बन्धी व्यवस्था
- मेलमिलापको प्रक्रिया सम्बन्धी कार्यविधिगत व्यवस्था

---

[८] नेपालको संविधान।

[९] मेलमिलाप सम्वन्धि आधारभुत सर्वेक्षण,२०८०।

[१०] मेलमिलाप सम्वन्धा ऐन, २०६८।

- मेलमिलापकर्ताहरुको प्रमाणपत्र अध्यावधिक एवं नविकरण तथा सोको नियमन सम्बन्धी व्यवस्था
- मेलमिलाप परिषदको गठन काम कर्तव्य र अधिकारको व्यवस्था
- मेलमिलाप प्रक्रियाबाट मिलापत्र गर्दा कुनै दस्तुर नलाग्ने
- मेलमिलापका लागि स्थानिय तह समक्ष मुद्दा पठाउन सक्ने
- मेलमिलापकर्ताको योग्यता र आचार संहिताका व्यवस्था लगायतका अन्य विविध व्यवस्था।[११]

## ३.३ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन, २०७४

स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन,२०७४ अनुसार स्थानीय निकायहरुबाट विवाद समाधान गर्दा मेलमिलाप प्रक्रियाको अवलम्वन गर्ने व्यवस्था गरिएको छ। यसै ऐनको दफा ४७ को उपधारा (१) अन्तर्गत मुद्दाहरु सम्भव भएसम्म मेलमिलाप प्रक्रियाबाट समाधान गर्ने मेलमिलाप हुन नसके आवश्यक प्रक्रिया पुरा गरी निरुपण गर्ने व्यवस्था गरिएको छ[१२]। यस ऐनले न्यायिक समितिलाई दुई प्रकारले न्याय निरुपण गर्न अधिकार प्रदान गरेको छ। विवाद वा मुद्दाको सुनुवाइ गरी निरुपण गर्ने र मेलमिलापको माध्यमबाट विवाद निरुपण गर्ने। विवादहरुसाथै उपदफा (२) अन्तर्गतका विवादहरु मेलमिलाप प्रक्रिया अवलम्वन गरि विवाद समाधान गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा ४९ (३) ले मेलमिलाप केन्द्रमा सूचीकृत मेलमिलापकर्ताबाट विवाद समाधान गरि अभिलेखीकरण गरिने व्यवस्था रहेको छ। यस ऐनको दफा ४९ (२) मा स्थानीय न्यायिक समितिले न्याय निरुपण गर्दा सम्भव भएसम्म मेलमिलापलाई प्रोत्साहन गर्नुपर्ने साथै ४९ (३) बमोजिम न्यायिक समितिले तालिम प्राप्त मेलमिलापकर्ताहरु सुचीकृत गरी मेलमिलाप प्रक्रिया संचालन मार्फत मेलमिलाप गराउनु पर्ने र दफा ४९ (१०) मा स्थानीय तहले मेलमिलापको कार्य सम्पादन गर्न गराउनका लागि वडा तहसम्म मेलमिलाप केन्द्र स्थापना गर्न सक्ने व्यवस्था गरेको अवस्था छ।

## ३.४ मुलुकी देवानी कार्यविधि संहिता, २०७४

मुलुकका नागरिकहरु विचका देवानी प्रकृतिका मुद्दाहरुको दायरी कारवाही र किनाराका लागि सम्पुर्ण कार्यविधि तथा सो सम्बन्धी इजलासबाट भएका निर्णय एवं फैसला कार्यान्वयन सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकिकृत गरि अदालती कार्यविधि कानूनलाई सरलीकृत र समयानुकुल बनाउन

---

[११] मेलमिलाप सम्वन्धा आधारभुत सर्वेक्षण, २०८०।

[१२] स्थानीय सरकार संचालन ऐन, २०७४।

जारी गरिएको मुलुकी देवानी कार्यविधि संहिता, २०७४ले मेलमिलाप सम्बन्धी निम्नानुसार व्यवस्था गरिएको छ।[१३]

विवादका पक्षले आफुले चाहेको जुनसुकै अदालतमा विचाराधिन रहेको मुद्दाको मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न संयुक्त निवेदन दिन सक्ने व्यवस्था रहेको पाउछौं। यसरी विवादका दुवै पक्षले निवेदन दिएमा मेलमिलाप पद्दतीको माध्यमबाट विवाद समाधान हुनु उपयुक्त ठानेमा मुद्दा हेर्ने न्यायाधीशले त्यस्ता मुद्दा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न आदेश दिने व्यवस्था रहको पाउछौं। मुद्दाका पक्षहरुले मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसलाको कार्यान्वयन गर्न चाहेमा सोही व्यहोरा उल्लेख गरि अदालतमा संयुक्त निवेदन दिन सक्ने व्यवस्था रहेको पाईन्छ।[१४]

मिलापत्र वा मेलमिलापका लागि पक्षहरुबाट निवेदन प्राप्त भएमा अदालतले मनासिव अवधि तोकि पक्षहरुलाई मिलापत्र वा मेलमिलापको माध्यमबाट फैसला कार्यान्वयन गर्न अवसर दिनुपर्ने व्यवस्था रहेको छ। यदि पक्षहरु मेलमिलाप वा मिलापत्र भएमा पुनरावेदन लाग्न नसक्ने व्यवस्था रहेको पाईन्छ।[१५]

मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १९३ मा मिलापत्र गर्न मौका दिनुपर्ने र १९४ मा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न सक्नेछ भन्ने व्यवस्था गरेको पाईन्छ। सोही संहिताको दफा १९५ मा मिलापत्र वा मेलमिलाप हुन नसक्ने विवादहरु उल्लेख गरेको अवस्था छ। देवानी प्रकृतिका विवादहरु मेलमिलाप प्रक्रियाबाट समाधान गर्न सकिने व्यवस्था रहेको छ। नेपाल सरकारबादी भई चलेको सार्वजनिक सरकारी वा सामुदायिक सम्पत्त सम्बन्धी मुद्दा पक्षहरु विच मिलापत्र हुन वा मेलमिलापको माध्यमबाट समाधान हुनु सक्दैन भन्ने उल्लेख भएतापनि सार्वजनिक सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र गर्न वाधा नपर्ने व्यवस्था उल्लेख गरिएको अवस्था छ।

## ३.५ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसुचि ३ र ४ बमोजिमका कसुरसम्बन्धी कुनै मुद्दामा मुद्दाका पक्षहरुको मञ्जुरीले जुनसुकै अवस्थामा मिलापत्र गर्न सक्ने तथा सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्ति हानि नोक्सानी वा वैदेशिक रोजगारीहरु सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले

[१३] मेलमिलाप सम्वन्धी आधारभुत सर्वेक्षण, २०८० राष्ट्रिय न्यायिक प्रतिष्ठान।

[१४] मुलुकी देवानी कार्यविधि संहिता २०७४ दफा १९३ र १९४।

[१५] ऐ. ऐ. को दफा २३४।

मिलापत्र गराईपाउँ भनी सम्बन्धित सरकारी वकील समक्ष दिईएका निवेदन उपर कारवाही हुँदा त्यस्तो व्यहोरा मनासिव लागेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था रहेको छ।[१६]

## ३.६ वैदेशिक रोजगार ऐन, २०६४

वैदेशिक रोजगार ऐन २०६४ को दफा २१ क अनुसार कुनै व्यक्ति उपर परेको उजुरी सम्बन्धमा प्रमूख जिल्ला अधिकारीले जाँचबुझ गरि कामदार वा निजको प्रतिनिधिलाई क्षतिपुर्ति भराईदिनु पर्ने देखिएमा दुवै पक्ष विच छलफल गराई क्षतिपुर्ति भराईदिने गरि मेलमिलाप गराउन सक्ने व्यवस्था रहेको पाईन्छ।[१७]

## ३.७ श्रम ऐन, २०७४

श्रम ऐन २०७४को दफा ११८ अनुसार रोजगारदाता र कामदारविच सामूहिक मागदावीका सम्बन्धमा सम्बन्धित पक्षले श्रम तथा रोजगार कार्यालय समक्ष परेको निवेदन मेलमिलाप प्रक्रिया द्वारा समाधान गर्न सकिने व्यवस्था रहेको छ।[१८]

## ३.८ मेलमिलाप सम्बन्धी नियमावली, २०७०

मेलमिलाप सम्बन्धी ऐन, २०६८ को दफा ४८ बमोजिम सर्वोच्च अदालतसँग परामर्श गरि मेलमिलाप सम्बन्धी नियमावली, २०७० जारि गरेको अवस्था छ। यस नियमावलीमा भए गरेका महत्वपुर्ण व्यवस्थाहरु निम्नानुसार रहेको छः

- मेलमिलापकर्ताको प्रमाणपत्र दिने सुचीकृत हुने अध्धावधि तथा नविकरण सम्बन्धी व्यवस्था
- मेलमिलापकर्ताको पारिश्रमिक एवं आचार संहिता पालना गर्नु पर्ने सम्बन्धी व्यवस्था
- मुद्दा हेर्ने निकायमा दायर भएका र दायर नभएका मुद्दा वा विवादहरुको मेलमिलाप सम्बन्धी व्यवस्था
- मेलमिलाप प्रक्रिया कार्यसञ्चालन सम्बन्धी कार्यविधिको व्यवस्था
- सामुदायिक मेलमिलाप सम्बन्धी व्यवस्था
- मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको स्वीकृति तथा सञ्चालन सम्बन्धी व्यवस्था
- मेलमिलाप सम्बन्धी तालिम प्रदायक संस्था सुचीकृत हुनुपर्ने सम्बन्धी व्यवस्था
- मेलमिलापका लागि स्थानीय निकाय समक्ष मुद्दा पठाउने सम्बन्धी व्यवस्था

---

[१६] मुलुकी फोजदारी कार्यविधि संहिता, २०७४ को दफा ११७।

[१७] मेलमिलापसम्बन्धी आधारभुत सर्वेक्षण, २०८० राष्ट्रिय न्यायिक प्रतिष्ठान।

[१८] श्रम ऐन, २०७४।

- मेलमिलाप अनुगमन समिति सम्बन्धी लगायतका व्यवस्था।[१९]

## ३.९ मेलमिलाप सम्बन्धी अदालतका नियमावली एवं निर्देशिकाहरु

मेलमिलाप प्रक्रिया सम्बन्धमा कानूनी व्यवस्था हुनु पुर्व कुनै पनि अदालतहरुमा मुद्दाका दुवै पक्षहरु स्वयंले अदालत समक्ष संयुक्त निवेदन पेश गरि मिलापत्र गरि मुद्दा टुङ्गो लगाउने प्रचलन भने थियो। यसै सन्दर्भमा २०६०।०८।०१ गतेबाट जिल्ला अदालत नियमावली, २०५२ को चौथौ संशोधन र २०६३ सालमा सम्मानित सर्वोच्च अदालत तथा तत्कालिन पुनरावेदन अदालतका नियमावलीहरुमा संशोधन गरि अदालतमा दायर भएका मुद्दाहरुमा मेलमिलाप पद्दतीको अवलम्वन गर्ने व्यवस्थाको शुरुवात गरिएको अवस्था छ।यसरी अदालत प्रवेश गरेका विवादहरुलाई मेलमिलाप प्रक्रियाबाट विवाद समाधान गर्न तीनै तहका अदालतका नियमावलीहरु क्रमश सर्वोच्च अदालत नियमावली, २०७४ उच्च अदालत नियमावली, २०७३ र जिल्ला अदालत नियमावली, २०७५ मा मेलमिलाप सम्बन्धी व्यवस्था गरिएको पाईन्छ।[२०] हाल तीनै तहका अदालतहरुमा सम्बन्धित अदालतका न्यायाधीशको संयोजकत्वमा मेलमिलाप अनुगमन समिति गठन गरिएको छ। सोही बमोजिम अदालत सन्निहत मेलमिलाप केन्द्रहरुको स्थापना गरिएको छ।

यसरी मेलमिलाप प्रक्रियालाई अदालतकै तदारुकताका कारण मेलमिलाप पद्दतीलाई संस्थागत एव आत्मसाथ गर्रिंदै आएको अवस्था छ।[२१] यसरी सर्वोच्च अदालत उच्च अदालत तथा जिल्ला अदालतबाट मेलमिलाप पद्दतीको अनुशरण गरि विवादको निरोपण गर्ने आदेश गरि पठाएका मुद्दाहरुमा अवलम्वन गरिने कार्यविधिमा एकरुपता कायम गरि मेलमिलाप प्रक्रियाको सञ्चालनलाई अझ बढी व्यवस्थित र सहज बनाउन आवश्यक महसुस गरि सर्वोच्च अदातल नियमावली, २०७४ को नियम १६४ बमोजिम सर्वोच्च अदातलबाट क्रमश सर्वोच्च अदालत प्रेषित मेलमिलाप कार्यसञचालन निर्देशिका, २०७५, उच्च अदालत प्रेषित मेलमिलाप कार्यसञ्चालन निर्देशिका, २०७५ र जिल्ला अदातल प्रेषित कार्यसञ्चालन निर्देशिका, २०७५ जारी गरि लागु गरिएको अवस्था छ।

## ३.१० मेलमिलाप सम्बन्धी सिंगापुर अभिसन्धि

मेलमिलाप सम्बन्धी सिंगापुर अभिसन्धिको नामले चिनिदै आएको यो अभिसन्धि सन् २०१८ को डिसेम्वर २० का दिन प्रस्ताव गरि संयुक्त राष्ट्र संयीयको साधारण सभाले पारित भएको र सोही महासभाले सन् २०१९ अगस्ट ७ का दिन देखि सिंगापुरमा हस्ताक्षर गरि अन्य सदस्य राष्ट्रहरुलाई हस्ताक्षरका लागि

---

[१९] मेलमिलाप सम्बन्धो नियमावली, २०७०।

[२०] उच्च अदालत सर्वोच्च अदालत एव जिल्ला अदालत नियमावली।

[२१] मेलमिलापसम्बन्धी आधारभुत सर्वेक्षण २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

खुल्ला आव्हान गरेको थियो। संयुक्त राष्ट्र अमेरिका चीन भारत दक्षिण कोरिया र थाईल्याण्ड लगायतका ५८ मुलुकहरुले यस अभिसन्धिलाई हस्ताक्षर गरेको अवस्था छ भने १८ मुलुकहरु पक्ष राष्ट रहेको छ।[२२] विश्व बजारको प्रवर्द्धन र अन्तराष्ट्रिय व्यापारसँग सम्बन्धीत विवादलाई समाधान गर्नका लागि वैकल्पिक र प्रभावकारी उपायको रुपमा मेलमिलापलाई लिएको अवस्था छ। मेलमिलाप पद्दती र प्रक्रिया को माध्यमबाट सयुक्त राष्ट्र संघको दिगो विकास लक्ष्यलाई कार्यान्वयनमा योगदान पुर्याउने मुल उद्देश्य रहेको पाईन्छ। साथै व्यापार व्यावसाय सम्बन्धी अन्तरार्ष्ट्रिय प्रकृतिको विवादलाई अनिवार्य रुपमा अदालती कारवाही वा मध्यस्थताबाट भन्दा स्वईच्छामा आधारित मेलमिलापको विश्वव्यापी संरचनाको स्थापना गर्नु पनि यस अभिसन्धिको उद्देश्य रहेको पाईन्छ।[२३]

मेलमिलाप सम्बन्धी सिंगापुर अभिसन्धिमा रहेका केहि महत्वपुर्ण व्यवस्थाहरु निम्नानुसार रहेको पाईन्छः

(क) अन्तराष्ट्रिय व्यापार सम्बन्धी विवाद समाधानका लागि तय गरिएको निरुपण सम्झौताबाट सिर्जित लिखित सम्झौताको हकमा मात्र लागु हुने अभिसन्धिको रुपमा रहेको साथै यस अभिसन्धिमा व्यक्तिगत र पारिवारिक उदेश्यका साथ गरिएको मिलापत्र सम्झौता अदालतबाट निरुपण गरिएको सम्झौतालाई स्वीकार गरिसकेको अवस्थामा वा अदातलबाट जारि गरिएको निरुपण सम्झौता र मध्यस्थताका निर्णयहरुको हकमा अभिसन्धिका प्रावधानहरु लागु हुने छैन।

(ख) मेलमिलाप पद्दतीको परिणामबाट भएको अन्तराष्ट्रिय निरुपणलाई पक्ष राष्ट्रले कार्यान्वयन गर्नैपर्ने र विवादका पक्षहरुले अभिसन्धिसँग सम्बन्धित निरुपण सम्झौता उपभोग गर्न पाउने गरि पक्ष राष्ट्रहरुले दायित्व वहन गर्नुपर्ने व्यवस्था गरिएको पाईन्छ।[२४]

(ग) विवादका पक्षहरुको क्षमताको अभाव देखिएमा निरुपण सम्झौता अमान्य वा बदर भएमा वा निरुपण सम्झौताको वैधानिकतामा प्रश्न उठेमा मेलमिलापकर्ताको असक्षमता र सामाजिक व्यवस्थाको विरुद्द हुने गरि उपचारको माग गरेमा अदालतले उपचार दिन ईन्कार गर्न सक्ने व्यवस्था पनि यस अभिसन्धिमा उल्लेख गरिएको पाईन्छ। अन्य अदालतमा मुद्दा विचाराधिन भएमा वा मध्यस्थताका माध्यमबाट विवाद समाधान गर्ने प्रक्रियामा विवादका दुवै पक्षको दावी वा उजुरी परेको खण्डमा अदालतले उपचार दावी गरेको मुद्दामा तथा दावी गरिएको उपचारमा विचाराधिन मुद्दा वा मध्यस्थताले असर पार्ने देखिए निरुपणलाई

---

[२२] मेलमिलाप सम्बन्धी आधारभुत सर्वेक्षण २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

[२३] www.gingapurconvention.org २०८०।३।१२।गते १३:०० बजे।

[२४] मेलमिलाप सम्बन्धी सिंगापुर अभिसन्धि, २०१८ को धारा ३।

स्थगन गर्न सक्ने व्यवस्था गरिएको पाईन्छ। नेपालले यस अभिसन्धिमा सहमति जनाई हस्ताक्षर गरी कार्यान्वयनमा ल्याएमा मेलमिलाप पद्दतीबाट व्यापारिक र व्यावसायिक प्रकृतिका अन्तराष्ट्रिय विवादमा संलग्न भई विवाद निरुपण गराउन सकिने अवस्था छ।[२५]

[२५] मेलमिलापसम्बन्धी आधारभुत सर्वेक्षण २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

# परिच्छेद - चार

# नेपालमा अदालत प्रेषित मेलमिलापका प्रयास, उपलब्धी र सुधारका पक्षहरु

## ४.१ सर्वोच्च अदालत

नेपालको सर्वोच्च अदालतमा मेलमिलाप प्रणालीको सुरुवात २०६३ सालमा भएको हो। मिति २०६३।४।१५ मा सर्वोच्च अदालत नियमावली, २०४९ को सातौं संशोधनद्वारा नियम ६५ (क) संशोधन एवम् व्यवस्था गरी मेलमिलाप अभ्यासको सुरुवात भएको थियो। सर्वोच्च अदालतमा दायर भएका मुद्दाहरू मध्ये कानून बमोजिम मेलमिलाप हुन सक्ने प्रकृतिका मुद्दाहरूमा मेलमिलाप प्रक्रिया अवलम्बन गर्ने सम्बन्धमा सर्वोच्च अदालत नियमावली, २०४९ मा व्यवस्था गरिएको थियो। मेलमिलापको अभ्यासलाई पछिल्लो पटक कार्यान्वयनमा आएको सर्वोच्च अदालत नियमावली, २०७४ मा निरन्तरता पाएको छ। हाल प्रचलनमा रहेको सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७८ मा मेलमिलापका सम्बन्धमा देहाय बमोजिमको व्यवस्था गरिएको छः

(क) अदालत समक्ष दायर भएको मुद्दाको पक्षहरूले सो मुद्दा मेलमिलापको प्रक्रियाबाट समाधान गर्न चाहेमा सोही बेहोरा उल्लेख गरी जुनसुकै बखत रजिस्ट्रार समक्ष निवेदन दिन सक्ने,

(ख) मुद्दाको एक पक्षले मात्र निवेदन दिएको भए अदालतले अर्को पक्ष मेलमिलाप प्रक्रियामा जान चाहे वा नचाहेको विषयमा निजको सहमति लिनुपर्ने,

(ग) माथि उल्लेख गरे बमोजिमका कुनै तरिकाबाट मेलमिलापको प्रक्रियाबाट मुद्दा समाधान गर्न चाहेको देखिएमा रजिस्ट्रारले त्यस्तो मुद्दा मेलमिलापको प्रक्रियाबाट समाधान गर्न आदेश दिन सक्ने,

(घ) पेशी तोकिएको दिनमा इजलास समक्ष पेस भएको मुद्दाको हकमा सम्बन्धी इजलासबाटै मेलमिलापको प्रक्रिया समाधान गर्न आदेश हुने,

(ङ) अदालतमा विचाराधीन कुनै पनि मुद्दामा मेलमिलापको प्रक्रियाबाट समाधान हुन उपयुक्त छ भन्ने लागेमा र पक्षहरू सो कुरामा सहमत भएमा पक्षहरूले निवेदन पेश नगरेमा पनि सम्बन्धित इजलासले त्यस्तो मुद्दा मेलमिलाप प्रक्रियाबाट समाधान गर्न आदेश दिन सक्ने,

(च) कुनै मुद्दामा मेलमिलाप प्रक्रियामा पठाउने गरी आदेश दिँदा आदेश गर्ने रजिस्ट्रार वा इजलासले एकैपटक वा पटक पटक गरी तीन महिनासम्मको समयावधि तोक्न सक्ने,

(छ) मेलमिलापको लागि आदेश भएपछि पक्षहरू आफैले बढीमा तीनजना सम्म मेलमिलापकर्ताहरू रोज्न सक्ने तथा पक्षहरूले मेलमिलापकर्ता रोज्न नसकेमा अदालतले नियुक्त गरी दिन सक्ने,

(ज) मेलमिलापकर्ताको नियुक्त भएपछि अदालतले आफू समक्ष दायर भएको मुद्दा मेलमिलापद्वारा समाधान गर्न पक्षहरूलाई तारिख तोकी मेलमिलापकर्ताकोमा पठाउनु पर्ने,

(झ) मेलमिलापकर्ताले आफू समक्ष आएको मुद्दाका पक्षहरूसँग विभिन्न चरणमा छलफल गरी मुद्दा मेलमिलापद्वारा समाधान गर्न पक्षहरू सहमत भएमा मेलमिलापकर्ताले मेलमिलापको लिखत खडा गर्नु पर्ने,

(ञ) लिखत खडा गरिसकेपछि मेलमिलापकर्ताले सो लिखतमा पक्षहरूको सहीछाप गर्न लगाई आफ्नो समेत दस्तखत गरी लिखत सहित पक्षहरूलाई अदालत समक्ष पेश गराउनु पर्ने,

(ट) मिलापत्रको लागि निवेदन प्राप्त भएमा अदालतले प्राप्त मेलमिलापको लिखतका आधारमा मिलापत्रको कागज तयार गर्न लगाइ पक्षहरूबीच मिलापत्र गराइदिनु पर्ने,

(ठ) मेलमिलापद्वारा मुद्दा समाधान गर्न पक्षहरू सहमत नभएमा वा अदालतले तोकेको मितिमा पक्षहरू मेलमिलापकर्ता समक्ष उपस्थित नभएमा वा मेलमिलापकर्ताद्वारा अदालतले तोकेको मितिमा पक्षहरू अनुपस्थित भई मेलमिलाप प्रक्रिया अगाडि बढ्न नसकेमा मेलमिलापकर्ताले सो मितिले सात दिनभित्र सोही बमोजिमको प्रतिवेदन अदालत समक्ष पेश गर्नुपर्ने,

(ड) मेलमिलापकर्ताको प्रतिवेदन प्राप्त भएपछि अदालतले कानून बमोजिम मुद्दाको कारवाही र किनारा गर्नुपर्ने।

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ११४ मा देशभरको अदालतहरूमा मेलमिलापद्वारा विवाद समाधान गर्ने कार्यलाई सुव्यवस्थित रूपले सञ्चालन गर्न सर्वोच्च अदालतमा ६ सदस्यीय मेलमिलाप समिति व्यवस्था गरेको छ। जुन समितिमा देहाय बमोजिमका पदाधिकारीहरू रहेका छनः

१. प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतको न्यायाधीश — अध्यक्ष

२. प्रधान न्यायाधीशले तोकेको आवश्यकता अनुसार सर्वोच्च अदालतका अन्य न्यायाधीश — सदस्य

३. मुख्य रजिस्ट्र, सर्वोच्च अदालत—सदस्य

४. रजिस्ट्रार, सर्वोच्च अदालत —सदस्य

५. अध्यक्ष, सर्वोच्च अदालत बार एशोसिएशन —सदस्य

६. मुख्य रजिस्ट्रारले तोकेको सर्वोच्च अदालतको सह रजिस्ट्रार —सदस्य सचिव

सर्वोच्च अदालतबाट मेलमिलापद्वारा विवादको निरूपण गर्न आदेश गरी पठाइएका मुद्दाहरूमा अवलम्बन गरिने कार्यविधिमा एकरूपता ल्याई मेलमिलाप प्रक्रियाको सञ्चालनलाई वढी व्यवस्थित र सहज बनाउन

सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १६४ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले सर्वोच्च अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका २०७५ तयार गरि लागू गरेको छ।

### ४.२ उच्च अदालत

उच्च अदालतमा मेलमिलापको अभ्यास सात वटै उच्च अदालत र ११ वटा यसका ईजलासहरुवाट गरि जम्मा १८ स्थानवाट भईरहको छ। मिति २०६३।४।१५ मा पुनरावेदन अदालत नियमावली, २०४८ को सातौ संशोधनद्वारा नियम ५३क थप गरि उच्च अदालतमा मेलमिलाप अभ्यासको सुरुवात भएको थियो। उच्च आदालतमा मेलमिलाप केन्द्रको स्थापनाका सन्दर्भमा सर्वप्रथम पाटन उच्च अदालतमा भएको थियो। पुनरावेदन अदालत नियमावलीमा रहेको मेलमिलापसम्बन्धी व्यवस्थालाई अहिलेको उच्च अदालत नियमावली २०७३ को परिच्छेद ९ को नियम ९० देखि १०४ सम्म व्यवस्था गरिएको छ। उक्त परिच्छेदमा गरिएका मेलमिलापसम्बन्धी व्यवस्थालाई निम्नानुसार देखाइएको छ।

(क) मेलमिलाप प्रक्रिया मार्फत मुद्दाहरूको समाधानका लागि विभिन्न पेश व्यवसायमा आवद्ध तोकिए बमोजिमको तालिम प्राप्त मेलमिलापकर्ताहरूको सूची तयार गर्नुपर्ने,

(ख) मेलमिलापकर्ताको सूची प्रत्येक वर्ष अद्यावधिक गर्नुपर्ने तथा मेलमिलापकर्ताहरूको नाम सूचीबाट हटाउन सक्ने आधारहरूको स्पष्ट व्यवस्था गरिएको,

(ग) अदालतमा विचाराधीन मुद्दाहरू मेलमिलापको प्रक्रियाबाट समाधान गर्ने कार्यविधि वा प्रक्रियाका सम्बन्धमा माथि उल्लिखित सर्वोच्च अदालतको नियमावलीमा भएको व्यवस्था जस्तै प्रक्रिया अवलम्बन गर्न सकिने व्यवस्था गरिएको,

(घ) मेलमिलापकर्ताको छनौट सम्बन्धी स्पष्ट व्यवस्था गरिएको तथा मेलमिलापकर्ताको सूचीमा सूचीकृत नभएका व्यक्ति वा संस्थाहरूलाई पनि मेलमिलापकर्ताको रूपमा पक्षहरूले रोज्न सक्ने तर त्यस्तो व्यक्ति वा संस्थाबाट मेलमिलाप प्रक्रिया अगाडि बढाउनु पूर्व सूचीकृत सम्बन्धी सम्पूर्ण प्रक्रिया पूरा गर्नु पर्ने,

(ङ) मेलमिलापकर्ताको परिवर्तन गर्न सकिने आधारहरूको स्पष्ट व्यवस्था गरिएको,

(च) मेलमिलापकर्ताले मेलमिलापकर्ताको रूपमा सूचीकृत भए पछि मुख्य न्यायाधीश वा निजले तोकेको अन्य न्यायाधीश समक्ष शपथ लिनुपर्ने,

(छ) मेलमिलाप केन्द्रमा प्रेषित मुद्दाहरूको मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी अभिलेख राखु पर्ने।

यसैगरि उच्च अदालतवाट मेलमिलापद्वारा विवादको निरुपण गर्न आदेश भएमा मेलमिलाप कार्यलाई व्यवस्थित रुपमा संचालनका लागि सर्वोच्च अदालतले उच्च अदालत प्रेषित मेलमिलाप कार्य संचालन निर्देशिका, २०७५ बनाई लागू गरेको छ।

### ४.३ जिल्ला अदालत

नेपालमा हाल ७७ वटा जिल्ला अदालतहरु रहेका छन्। सवै जिल्ला अदालतमा मेलमिलाप केन्द्रको स्थापना भएको छ। नेपालको न्यायपालिकामा मेलमिलाप प्रणालीको सुरुवात मिति २०६० मंसिर १ गते देखि जिल्ला अदालत नियमावली, २०५२ को चौथो संशोधनवाट नियम ३२क. थप गरी औपचारिकरुपमा जिल्ला अदालतबाट शुरु भएको हो। मेलमिलाप प्रक्रियालाई थप निरन्तरता दिँदै हाल प्रचलनमा रहेको जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद ७ को नियम ४९ देखि नियम ६० सम्म मेलमिलापसम्बन्धी व्यवस्था गरिएको छ।

यस नियमावलीमा मेलमिलापकर्ताको सूची, मेलमिलापकर्ताको छनौट, मेलमिलापको कार्यविधि समेतका व्यवस्थाहरू सर्वोच्च तथा उच्च अदालत नियमावलीमा गरिएको व्यवस्थासँग समान रहेका छन्। जिल्ला अदालत नियमावलीको नियम ५१ मा मेलमिलापको लागि उत्प्रेरित गर्ने सम्बन्धमा देहाय बमोजिमको छुट्टै व्यवस्था गरिएको पाइन्छः

(क) मुद्दामा दुवै पक्ष उपस्थित भएको पहिलो तारिखकै दिन कानून बमोजिम मिलापत्र हुन सक्ने मुद्दाका पक्षहरूलाई मेलमिलाप गर्न स्रेस्तेदारले उत्प्रेरित गर्नुपर्ने,

(ख) पक्षहरूले लिखित सहमति जनाएमा स्रेस्तेदारले बढीमा एक महिनाको समय दिई त्यस्तो मुद्दा मेलमिलापकर्ताको सूचीमा सूचीकृत भएका व्यक्ति वा संस्थासमक्ष मेलमिलापको लागि पठाउनु पर्ने,

(ग) अदालतले दुवै पक्षको तारिख मिलान भइसकेपछि निजहरूलाई मेलमिलाप प्रक्रियामा जान प्रोत्साहित गर्ने प्रयोजनका लागि आवश्यक परामर्श दिन उपयुक्त कर्मचारी खटाउन सक्ने।

जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यलाई व्यवस्थित गर्न सर्वोच्च अदालतले जिल्ला अदालत प्रेषित मेलमिलाप कार्यसंचालन निर्देशिका, २०७५ बनाई लागु गरेको छ। यसैगरी, मेलमिलाप सम्बन्धी नियमावली, २०७० को नियम ५१ मा मेलमिलापसम्बन्धी काम, कारवाहीको स्थानीयस्तरमा अनुगमन गर्न प्रत्येक जिल्लामा जिल्ला न्यायाधीशको संयोजकत्वमा एक अनुगमन समिति रहने व्यवस्था गरेको छ। यस समितिमा संयोजकका अतिरिक्त जिल्ला विकास समितिको सभापति वा निज नभएको अवस्थामा स्थानीय विकास अधिकारी, जिल्ला न्यायाधीशले तोकेको जिल्ला स्थित मुद्दा हेर्ने निकायको प्रतिनिधि एक जना, जिल्ला बार एकाइ सचिव, सम्बन्धित जिल्ला स्थित मेलमिलापसम्बन्धी कार्य गर्ने संस्था र सूचीकृत

मेलमिलापकर्ताको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित मेलमिलाप अनुगमन समितिबाट मनोनित दुईजना र जिल्ला अदालतको श्रेस्तेदार सदस्य सचिव रहनेगरी सात सदस्यीय अनुगमन समिति रहने व्यवस्था गरेको छ।

यस समितिको मुख्य काम जिल्लाभित्र मेलमिलापद्वारा विवाद समाधान गर्ने सम्बन्धमा मेलमिलापकर्ता वा सम्बन्धीत निकायले अवलम्बन गरेको प्रक्रियाका सम्बन्धमा समय समयमा अनुगमन गर्ने वा गराउने, अनुगमन गर्दा वा गराउँदा सो कार्यमा संलग्न कुनै व्यक्ति, निकाय वा संस्थालाई निर्देशन दिनु पर्ने देखिएमा आवश्यक निर्देशन दिने, र आफूले गरेको अनुगमनको प्रतिवेदन प्रत्येक वर्ष परिषद् समक्ष पेश गर्ने रहेको छ।

### ४.४ सुधारका पक्षहरु

अदालत प्रेषित मेलमिलापमा व्यवस्थाहरु र प्रयासहरु उत्कृष्ट भएता पनि देहायका सुधारका पक्षहरु देखिन्छनः

(क) अदालतमा दर्ता हुन आउने मेलमिलाप हुने प्रकृतिका देवानी र फौजदारी मुद्दाहरुलाई सुरुवाती चरणमानै अनिवार्य मेलमिलापका लागि पठाउने ब्यवस्था गरिनुपर्ने

(ख) मेलमिलापका लागि विवाद पठाउँदा अदालत भित्रको मेलमिलाप केन्द्रमा अथवा पक्षको बसोबास रहेको स्थानीय तहको मेलमिलापकेन्द्रमा अथवा मेलमिलाप सम्बन्धी कार्यगर्ने सूचीकृत संस्थाको मेलमिलाप केन्द्रमा पठाउने ब्यवस्था गरिनुपर्ने

(ग) पर्याप्त मात्रामा मेलमिलाप केन्द्रहरुको स्थापना गरि मेलमिलाप केन्द्रहरुलाई सुविधासम्पन्न र सुदृढ गरिनुपर्ने

(घ) मेलमिलाप प्रक्रियामा डिजिटल प्रविधिको प्रयोग गर्दै अनलाई मेलमिलापको व्यवस्थापन गरि श्रव्य—दृष्य संवाद (भिडियो कन्फ्रेन्स) मार्फत छलफल गराउन सकिने व्यवस्थालाई प्रभावकारी रुपमा लागु गरिनुपर्ने

(ङ) सम्पूर्ण तहका अदालतमा रहेका मेलमिलाप केन्द्रका कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नुपर्ने

(च) मेलमिलापकर्ता, मेलमिलाप केन्द्रका कर्मचारी, मेलमिलाप परिषद्, र न्यायाधीशको विचमा समीक्षा तथा सिकाई अनुभव आदान प्रदानका कार्यक्रमहरु संचालन गरिनुपर्ने

(छ) मेलमिलाप पद्धतिसँग सम्बद्ध कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन, पुनरावलोकन तथा परिमार्जन र आवश्यक कानून तर्जुमा गरिनुपर्ने

(ज) मेलमिलाप पद्धतिलाई व्यवसायिक बनाइ सशुल्क र निशुल्क मेलमिलापकर्ताहरुको रोष्टर तयार गरिनुपर्ने

(झ) मेलमिलापकर्ताको क्षमता तथा आचारसंहिता पालनाको सम्बन्धमा नियमित अनुगमन गरिनुपर्ने र मेलमिलापकर्ताका सम्बन्धमा गुनासो सुन्ने संयन्त्रलाई प्रभावकारी बनाईनुपर्ने

(ञ) मेलमिलाप—सम्बन्धी ऐन तथा नियमावली अनुसार हरेक जिल्लामा गठन भएको जिल्ला मेलमिलाप अनुगम समितिको भूमिकालाई सकृय गराउनका लागि परिषद्को वार्षिक कार्ययोजनामा नै निश्चित कार्यक्रम निर्माण गरी लागु गर्नुपर्ने

(ट) मेलमिलाप सम्बन्धी जनचेतना फैलाउने खालका सामग्रीहरुको तयारी र प्रचारप्रसार गरिनुपर्ने

(ठ) मेलमिलापको विशिष्टिकृत विषयगत (पारिवारिक विवाद, व्यापार र वाणिज्य सम्बन्धी विवाद, जल विद्युत तथा प्रकृतिक स्रोत साधन सम्बन्धी विवाद आदि) तालिम सञ्चालनका लागि परिषद् बाट अलगै पाठ्यक्रम तयार गरी विषयगत दक्षता भएका मेलमिलापकर्ता उत्पादन गर्नुपर्ने।

# परिच्छेद - पाँच

# मेलमिलाप पद्दतीको केही अन्तराष्ट्रिय अभ्यास

## ५.१ भारत

भारतमा स्थानीय तल्लो तहमा न्याय पञ्चायतले वेलायती न्याय प्रणाली लागु हुनु अघि विवाद समाधान गर्ने परम्परा एवं प्रचलन रहेको पाईन्छ। भारतको देवानी कार्यविधि संहिता, १९०८ मा पारिवारिक विवादमा फैसला गर्नु भन्दा पहिले विवादका पक्षहरु का विच मिलापत्र गराउने प्रयास गर्नु पर्ने प्रावधान रहेको पाईन्छ तथापी यस संहितामा १९९९ मा केही संशोधन भएकोले विवाद समाधानका ४ चार माध्यममा मेलमिलापलाई पनि स्वीकार गरेको पाउदछौं।

Arbitration and Conciliation Act, 1996 मा मेलमिलाप सम्बन्धी केही व्यवस्था रहेको पाउछौं। अदालतमा दायर भएका ज्यादै पुराना मुद्दाहरुलाई लोक अदालतबाट विवाद समाधान गर्ने गराउने अभ्यास रहेको पाईन्छ। हालसालै मात्र भारतमा मेलमिलाप सम्बन्धी, ऐन २०२३ लागू भई कार्यान्वयनमा आईरहेको अवस्था छ।[२६] मेलमिलाप परिषदको व्यवस्था सहित मेलमिलापकर्ताको भूमिका लगायत अनलाईन मेलमिलाप गराउन सकिने लगायतको व्यवस्था गरेको पाईन्छ।

## ५.२ चिन

मेलमिलापको शुत्रपात कम्फुसियसको समयदेखि प्रारम्भ भएको पाईन्छ।[२७] यद्दपी चिनमा निम्नानुसारका विवाद समाधानका संयन्त्रहरु अभ्यासमा रहेका छनः

(क) अन्तर व्यक्ति विवाद समाधानका लागि नागरिक मेलमिलाप

(ख) प्रशासनीक कर्मचारी विवाद समाधानका लागि प्रशासकीय मेलमिलाप

(ग) व्यापार वाणिज्य विवाद समाधानका लागि वाणिज्य मेलमिलाप

(घ) उद्योग धन्दा विवाद समाधानका लागि औधोगिक मेलमिलाप

चिनमा अदालतको संरचना भित्र र अदातल वाहिर पनि मेलमिलाप पद्दतीको प्रयोग गर्दै आएको पाईन्छ।[२८]

(क) नागरिक मेलमिलापमा देवानी प्रकृतिका विवादहरुलाई स्थानीय तहमा नागरिक मेलमिलाप समिति मार्फत विवाद समाधान गरिने गरिन्छ। मेलमिलापको क्रममा मेलमिलापकर्ताले

---

२६ https://legalaffairs.gov.in/sites/default/files/MediationAct2023.pdf .

२७ नेपाल मेलमिलाप जर्नल अंक १, वर्ष १, मेलमिलाप परिषद्।

२८ मेलमिलाप सम्बन्धी आधारभुत सर्वेक्षण, २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

विवादका पक्षहरुलाई सम्झाउने बुझाउने र समाधान पहिल्याउन मद्दत गर्ने तथा विवादका पक्षहरुको स्वतन्त्र निर्णयको अधिकारलाई भने सम्मान गर्ने गरेको पाईन्छ। यस किसिमको विवाद समाधानको लागि नागरिक मेलमिलापमा पक्षहरुले कुनै दस्तुर वा शुल्क तिर्नु बुझाउनु पर्ने छैन।

(ख) प्रशासकीय मेलमिलापमा भवन निर्माण जग्गा विकास एवं प्रशासन सम्बन्धी विवाद समाधानका लागि विवादका पक्षहरुको अनुरोधमा सम्बन्धीत सरोकारवाला निकाय मार्फत विवाद समाधान गरिने गरिन्छ। वातावरण संरक्षणको क्षेत्र तथा प्रदुषण गराउने पक्षले व्यहोर्नु पर्ने क्षतिपुर्ति रकम निर्धारण सम्बन्धी विवादहरु यस प्रशासकीय मेलमिलापले गराउने गरेको पाईन्छ।[२९]

(ग) अदालत सम्बद्ध मेलमिलापमा न्यायाधीशले मेलमिलापकर्ता र निर्णयकर्ता दुवै भूमिका निर्वाह गर्ने प्रचलन रहेको छ। साधारणतया अदालतले मुद्दाको सुनुवाइ गर्नु भन्दा पहिले पक्षहरुलाई आपसी सहमतिमा विवाद समाधान गर्न प्रोत्साहन गरिन्छ। जापानमा मेलमिलापको लागि न्यायाधीशले पक्षहरुसँग एकान्तवार्ता समेत गरी पक्षहरुलाई सम्झौताको शर्त वा मुद्दामा कमजोरी वारेमा पनि बताउने गरेको पाईन्छ। विवादका पक्षहरुको अडान परिवर्तन वा अडानमा पुर्नविचार गर्न मद्दत गरेको हुन्छ। जापान मेलमिलाप, मध्यस्थता र वार्तालाई विवाद समाधानको प्रमुख माध्यमको रुपमा आत्मसाथ गरेको पाउँदछौ।

## ५.३ श्रीलंका

मेलमिलाप पद्दतीको माध्यमबाट गाउँ परिषद द्वारा विवाद समाधान गर्ने स्थानीय प्रचलन रहेको छ। सन् १९८८ देखिनै श्रीलंकामा मेलमिलाप पद्दतीलाई संस्थागतरुमा श्रीलंका मेलमिलाप परिषद ऐन लागू गरि संचालन गर्दै आएको पाउदछौ। सर्वोच्च अदालतका न्यायाधीशको अध्यक्षतामा गठित मेलमिलाप आयोगले मेलमिलापकर्ताको तालिम सीप विकास  छनौट खारेजी अनुशासन लगायत नीतिगत विषयमा नियमनकारी भूमिका निर्वाह गर्ने गरेको पाईन्छ।[३०] श्रीलंकामा सामुदायिक मेलमिलापका अतिरिक्त वाणिज्य विवाद सम्बन्धी मेलमिलाप, रोजगारी सम्बन्धी मेलमिलाप र विशेष प्रकृतीका विवादमा मेलमिलाप समेत प्रचलनमा रहेको पाईन्छ। हरेक प्रकारको विवाद समाधानका लागि मेलमिलाप केन्द्र संचालन व्यवस्थापन गर्ने गरि अलग्गै मेलमिलाप केन्द्र स्थापनाको अभ्यास रहेको पाईन्छ।[३१]

२९ ऐ. ऐ.।

३० मेलमिलाप जर्नन, मेलमिलाप परिषद्।

३१ ऐ. ऐ.।

### ५.४ दक्षिण अफ्रिका

स्थानीय विवाद स्थानीय तहमै अनौपचारिक रुपमा समाधान गर्ने प्रचलन दक्षिण अफ्रिकामा प्राचिन कालदेखि नै अभ्यास रहिआएको थियो। विगत १९७० दशक ताका देखि नै दक्षिण अफ्रिकाको एक गैह्रसरकारी संस्थाले मेलमिलाप र मध्यस्थताबाट विवाद समाधान गर्ने कार्यको संस्थागत रुपमा विकास गर्दै आएको पाउँछौ। दक्षिण अफ्रिकाको सर्वोच्च अदालत ऐन मार्फत केहि मुद्दाहरु मेलमिलाप केन्द्रमा सिफारिस गरी स्थानिय तहमै विवाद समाधान गर्ने प्रचलन रहेको पाईन्छ।[३२] राजनितिक विवाद मात्र नभएर सामाजिक, आर्थिक, पेशागत जस्ता विवादहरु पनि समाधान गर्ने गरिन्छ।[३३]

### ५.५ सिंगापुर

मेलमिलापको हवको रुपमा परिचित सिंगापुरमा मेलमिलापको प्रक्रियाको माध्यमबाट विवाद समाधान गर्ने कार्यमा सिंगापुर सरकारले निकै महत्वकासाथ लिएको पाईन्छ। सन् १९९४ देखि नै अदालतमा विचाराधीन देवानी प्रकृतिका मुद्दाहरुमा मेलमिलाप गराउने अभ्यासको शुरुवात गरिएको भएता पनि अदालतहरुमा १९९५ अदालती मेलमिलाप केन्द्र स्थापना गरि संचालनमा आएको थियो। सिंगापुरमा सामुदायिक मेलमिलाप केन्द्र ऐन, १९९८ अन्तर्गत संचालित सामुदायिक मेलमिलाप केन्द्र तथा उपकेन्द्र सम्बन्धी व्यवस्था केन्द्रको संचालन खर्च मेलमिलापकर्ताको सूची केन्द्रमा विवाद पठाउने र मेलमिलाप सत्र संचलन सम्बन्धी व्यवस्था गरिएको पाउँदछौ। मुनाफा आर्जन नगर्ने, बैक तथा बैकका ससाना ग्राहकहरु विचको सानातिना विवाद समाधान गर्ने, समय सापेक्ष विधुतीय माध्यमबाट विवाद समाधान गर्ने जस्ता संस्थाहरु स्थापना गरी मेलमिलापको अधिकत्तम अभ्यास रहिआएको पाउँदछौ।

### ५.६ जापान

विवादमा परेका व्यक्तिहरुका बीच सौहार्दपूर्ण सम्बन्ध कायम रहने र दुवैपक्षहरुको ईज्जत जोगिने गरी विवादको समाधान खोजिनुपर्छ भन्ने जापानी सामाजिक तथा साँस्कृतिक मान्यता रहेको पाईन्छ।[३४] जापानमा दोस्रो विश्वयुद्ध अगाडि देखिनै मेलमिलाप प्रक्रियाबाट विवाद समाधान गर्ने प्रचलन समाजमा कायम रहेको पाईन्छ। जापानमा घरबहाल सम्बन्धी विवाद समाधान गर्न, जग्गा बहाल सम्बन्धी विवाद समाधान गर्न, वाणिज्य सम्बन्धी विवाद समाधान गर्न तथा आर्थिक दायित्व सम्बन्धी विवाद समाधान गर्न छुट्टा छुट्टै कानून निर्माण गरी कार्यान्वयनमा रहेको पाईन्छ।

---

[३२] मेलमिलाप सम्बन्धी आधारभुत सर्वेक्षण, २०८०, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

[३३] मेलमालप जर्नल, मेलमिपलाप परिषद्।

[३४] मेलमिलाप सम्बन्धी स्रोत पुस्तिका, २०७४, राष्ट्रिय न्यायिक प्रतिष्ठान।

सन् १९५१ मा देवानी मेलमिलाप ऐन जारी गरी देवानी प्रकृतिका विवादहरु मेलमिलाप प्रक्रियाबाट समाधान गर्न शुरुवात गरिएको हो। जापानमा १९२२ देखि नै मेलमिलाप प्रक्रियालाई अदालती प्रक्रियामा आनौपचारिकरुपमा मान्यता दिएको पाईन्छ।[३५] अदालत सम्बद्ध मेलमिलापमा जापानमा न्यायाधीशहरुको प्रत्यक्ष र सक्रिय सहभागिता रहने गरेको पाउँदछौं। जापानी अदालतको मेलमिलापकर्ताको सुचिमा वकिलहरु, चिकित्सकहरु, विभिन्न पेशाकर्मीहरु, सरकारी कर्मचारीहरु, कृषकहरु , व्यापरीहरु, धार्मिक गुरुहरुसमेत रहने गरेको पाईन्छ। जापानमा दुई जना मेलमिलापकर्ता र एक जना न्यायाधीश सहभागी भइ मेलमिलाप सत्र सञ्चालन गर्ने गरेको पाउँदछौं। पारिवारिक विवादहरुमा भने न्यायाधीश बाहेकका दुईजना मेलमिलापकर्ता मध्ये एक जना महिला मेलमिलापकर्ता अतिवार्यरुमा हुनुपर्ने व्यवस्था रहेको छ।

---

[३५] ऐ. ऐ.।

# परिच्छेद - छ

# अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी सवालहरुको पहिचान, परामर्श र विश्लेषण


अदालत प्रेषित मेलमिलापको प्रभावकारिता अध्ययनका लागि अनुसन्धान विधिमा उल्लेख गरिएको प्राथमिक र माध्यमिक तथ्याङ्क संकलन गरिएको छ। प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन समूहले प्रश्नावली तयार गरी केही संख्यामा परिक्षणका लागि पूर्व सर्वे गरिएको थियो। साथै उक्त प्रश्नावलीलाई मेलमिलाप परिषद्का पदाधिकारी तथा सचिवालयका अधिकृत र प्रतिष्ठानका पदाधिकारी तथा अधिकृत समक्ष पृष्ठपोषणका लागि पठाईएको थियो। पूर्व सर्वेक्षणको अनुभव र परिषद् तथा प्रतिष्ठानबाट प्राप्त सुझाबका आधारमा प्रश्नावलीलाई अन्तिम रुप दिइएको हो। मेलमिलापका क्षेत्रमा कार्यरत विज्ञ व्यक्तिहरुसंग अध्ययन समूहले अन्तर्वार्ता गरी महत्वपूर्ण सूचना र सुझाव संकलन गरी प्रस्तुत गरिएको छ। यसै गरी अदालत प्रेषित मेलमिलापमा भएका कानूनी व्यवस्था, अध्ययन, अनुसन्धान, प्रतिवेदन तथा अन्य प्रकाशनमा भएका तथ्याङ्क तथा सूचनालाई एकिकृत गरी देहाय बमोजिम प्रस्तुत गरी विश्लेषण गरिएको छ।

## ६.१ प्रश्नावलीबाट प्राप्त तथ्याङ्कको प्रस्तुती र विश्लेषण

यस अध्ययनका लागि अदालत प्रेषित मेलमिलाप प्रकृयामा प्रत्यक्ष सम्लग्न उच्च तथा जिल्ला अदालतका माननीय न्यायाधीश, रजिस्ट्रार, श्रेस्तेदार, मेलमिलापकर्ता, मेलमिलाप केन्द्रमा कार्यरत कर्मचारी, कानून व्यवसायी, प्रशिक्षक, विवादका पक्षहरुलाई प्रश्नावली पठाई उहाँहरुको राय तथा सुझाब संकलन गरिएको हो। उत्तरदाताको विवरण तथा राय सुझाब निम्न अनुसार रहेको छ।

### *६.१.१ उत्तरदाताको विवरण*

(क) उत्तरदाताको लैङ्गिक सहभागिता




यस अध्ययनमा सहभागी उत्तरदाताहरुमा पुरुष ७१.५६ प्रतिशत र महिला २८.४४ प्रतिशत रहेको पाईयो। यौनिक तथा लैङ्गिक अलपसंख्यामा रहेका व्यक्ति कोहि पनि नरहेको पाईयो।

(ख) उमेर


यस अध्ययनमा अदालत प्रेषित मेलमिलापसंग सरोकार राख्ने र अदालतमा संलग्न भएर मेलमिलापमार्फत न्याय प्रदान गर्ने जनशक्तिको सहभागिता रहेको थियो। अध्ययनमा २५ वर्ष देखि ६० वर्षसम्म उमेर समुहका उत्तरदाताको सहभागिता रहेको पाईयो।

(ग) उत्तरदाताको शैक्षिक योग्यता




यस अध्ययनले मेलमिलापमा संलग्न सरोकारवाला जनशक्तिको शैक्षिक योग्यताको पहिचान गर्न प्रश्नावलीमा समेटेर तथ्याङ्क संकलन गर्दा सवैभन्दा बढि स्नातकोत्तर वा सो भन्दा माथि ५५ प्रतिशत, स्नातक ३७ प्रतिशत र ८ प्रतिशत स्नातक भन्दा कम योग्यता भएको बताएका छन्।

(घ) पेशागत प्रतिनिधित्व




यस अध्ययनमा सहभागी उत्तरदाताको पेशागत अवस्थाको पहिचान गर्न प्रश्नावलीमा विभिन्न पेशागत विकल्पहरुमा रहेर अध्ययन गर्दा उत्तरदाताहरुमध्ये मेलमिलापकर्ता २३.७६ प्रतिशत, कानून व्यवसायी २२.७७ प्रतिशत, अदालत/मेलमिलाप केन्द्रमा कार्यरत कर्मचारी २१.७८ प्रतिशत, जिल्ला न्यायाधीश १०.८९ प्रतिशत, विवादका पक्ष ७.९२ प्रतिशत, अन्य ५.९४ प्रतिशत, मेलमिलाप तालिमका प्रशिक्षक ५.९४ प्रतिशत र उच्च अदालतका न्यायाधीश ०.९९ प्रतिशत प्रतिनिधित्व रहेको पाईएको छ।

(ङ) मेलमिलाप प्रकृयामा संलग्नताको अवधी

यस अध्ययनमा सहभागी उत्तरदाताहरुले मेलमिलाप प्रक्रियामा एक महिना देखि ४४ वर्षसम्म संलग्न रहेको बताएको पाईएको छ।

*६.१.२ हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको अनुभति*

यस अध्ययनमा हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा अध्ययनमा सहभागीहरुको अनुभुती संकलन गर्न प्रश्नावलीमा विभिन्न २४ वटा विषयवस्तुमा उत्तरदाताको धारणा समेटिएको थियो। सहभागीहरुको धारणालाई पाँच वटा विकल्पहरुको आधारमा मुल्याङ्कन गरिएको छ।

तालिका नं.१: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको अति राम्रो अनुभूतिको अवस्था

| क्र सं. | अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको धारणा | प्रतिशत |
|---|---|---|
| १ | न्यायाधीशवाट मेलमिलापमा विवाद प्रेषित गर्ने कानूनी व्यवस्था | ३३.६८% |
| २ | न्यायाधीशले विवादलाइ प्राथमिकताकासाथ मेलमिलापमा प्रेषित गर्ने अभ्यास | २४.७५% |
| ३ | तालिम प्रदायक संस्था र प्रशिक्षकको गुणस्तर | १८% |
| ४ | मेलमिलापप्रति पक्षहरुको विश्वास र आकर्षण | १४.५६% |
| ५ | मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनोट बिधि | १३% |
| ६ | मेलमिलापकर्तालाइ नियमित रुपमा अध्यावधिक गर्ने परिपाटी | १३% |
| ७ | मेलमिलाप प्रकृयामा कानून व्यवसायीहरुको सहयोग | १२.६२% |
| ८ | मेलमिलापकर्ताको अचारसंहिताको पालना | १२.५% |
| ९ | अदालतका कर्मचारीहरुको मेलमिलापमा सहयोगको अवस्था | १२% |
| १० | मेलमिलाप केन्द्रका कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र व्यवहार | ११% |
| ११ | मेलमिलापकर्ताको क्षमता, दक्षता र सीपको अवस्था | १०% |
| १२ | अदालत प्रेषित मेलमिलापमा मेलमिलाप परिषद्को भूमिका | १०% |
| १३ | मेलमिलाप प्रकृयाको पालनाको अवस्था | ९% |
| १४ | जिल्ला अनुगमन समितिको क्रियाशिलता | ९% |
| १५ | मेलमिलापकर्तालाइ सजाय र पुरस्कृत गर्ने परपाटी | ७% |
| १६ | मेलमिलाप परिषदमा सुचीतकृत संस्थाहरुको गुणस्तरीयता र भूमिका | ६% |
| १७ | मेलमिलापकर्ताको लागि यातायात लगायत सेवासुविधाको अवस्था | ६% |
| १८ | मेलमिलापसम्बन्धी नियमावली अनुरुप सहमतिपत्र लेखनको अवस्था | ६% |
| १९ | मेलमिलाप केन्द्रको लागि बजेट विनियोजन | ६% |
| २० | अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था | ५.२% |
| २१ | मेलमिलापकर्ताको लागि स्रोत सामग्रीहरुको उपलब्धता | ५% |
| २२ | मेलमिलापसम्बन्धी क्रियाकलापको नियमन/अनुगमन र मूल्याङ्कनको अवस्था | ५% |
| २३ | मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता | ४% |
| २४ | मेलमिलाप केन्द्रको अवस्था (भौतिक संरचना/सेवा सुविधा) | ४% |

तालिका नं.२: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको राम्रो अनुभूतिको अवस्था

| क्र सं. | अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको धारणा | प्रतिशत |
|---|---|---|
| १ | मेलमिलापप्रति पक्षहरुको विश्वास र आकर्षण | ७०.८८% |
| २ | अदालतका कर्मचारीहरुको मेलमिलापमा सहयोगको अवस्था | ६२% |
| ३ | मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनोट बिधि | ६२% |
| ४ | मेलमिलाप केन्द्रका कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र ब्यवहार | ६०% |
| ५ | मेलमिलापकर्ताको क्षमता, दक्षता र सीपको अवस्था | ५८% |
| ६ | तालिम प्रदायक संस्था र प्रशिक्षकको गुणस्तर | ५४% |
| ७ | न्यायाधीशले विवादलाइ प्राथमिकताकासाथ मेलमिलापमा प्रेषित गर्ने अभ्यास | ५०.५% |
| ८ | मेलमिलाप प्रकृयामा कानून व्यवसायीहरुको सहयोग | ५०.४९% |
| ९ | मेलमिलाप प्रकृयाको पालनाको अवस्था | ५०% |
| १० | न्यायाधीशवाट मेलमिलापमा विवाद प्रेषित गर्ने कानूनी व्यवस्था | ४७.९६% |
| ११ | मेलमिलापकर्ताको अचारसंहिताको पालना | ४४.८% |
| १२ | मेलमिलापकर्तालाइ नियमित रुपमा अध्यावधिक गर्ने परिपाटी | ४२% |
| १३ | मेलमिलाप परिषदमा सूचीतकृत संस्थाहरुको गुणस्तरियता र भूमिका | ३७% |
| १४ | अदालत प्रेषित मेलमिलापमा मेलमिलाप परिषद्को भूमिका | ३५% |
| १५ | मेलमिलापसम्बन्धी नियमावली अनुरुप सहमतिपत्र लेखनको अवस्था | ३५% |
| १६ | मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता | ३३% |
| १७ | जिल्ला अनुगमन समितिको क्रियाशिलता | ३३% |
| १८ | मेलमिलापसम्बन्धी क्रियाकलापको नियमन/अनुगमन र मूल्याङ्कनको अवस्था | २९% |
| १९ | मेलमिलाप केन्द्रको अवस्था (भौतिक संरचना/सेवा सुविधा) | २५% |
| २० | मेलमिलापकर्तालाइ सजाय र पुरस्कृत गर्ने परपाटी | २३% |
| २१ | मेलमिलापकर्ताको लागि स्रोत सामग्रीहरुको उपलब्धता | २३% |
| २२ | अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था | १९.८% |
| २३ | मेलमिलाप केन्द्रको लागि बजेट विनियोजन | १६% |
| २४ | मेलमिलापकर्ताको लागि यातायात लगायत सेवासुविधाको अवस्था | १५% |

तालिका नं. ३: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको थाहा नभएको अनुभूतिको अवस्था

| क्र सं. | अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको धारणा | प्रतिशत |
|---|---|---|
| १ | मेलमिलाप परिषदमा सूचीतकृत संस्थाहरुको गुणस्तरियता र भूमिका | २६% |
| २ | मेलमिलापकर्तालाइ सजाय र पुरस्कृत गर्ने परपाटी | २२% |
| ३ | जिल्ला अनुगमन समितिको क्रियाशिलता | २०% |
| ४ | अदालत प्रेषित मेलमिलापमा मेलमिलाप परिषद्को भूमिका | १९% |
| ५ | अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था | १३.५४% |
| ६ | मेलमिलाप केन्द्रको लागि बजेट विनियोजन | १३% |
| ७ | तालिम प्रदायक संस्था र प्रशिक्षकको गुणस्तर | १२% |
| ८ | मेलमिलाप प्रकृयाको पालनाको अवस्था | १२% |
| ९ | मेलमिलापकर्तालाइ नियमित रुपमा अध्यावधिक गर्ने परिपाटी | १२% |
| १० | मेलमिलापकर्ताको अचारसंहिताको पालना | ९.३८% |
| ११ | न्यायाधीशवाट मेलमिलापमा विवाद प्रेषित गर्ने कानूनी व्यवस्था | ८.१६% |
| १२ | मेलमिलापकर्ताको लागि यातायात लगायत सेवासुविधाको अवस्था | ८% |
| १३ | मेलमिलापकर्ताको लागि स्रोत सामग्रीहरुको उपलब्धता | ८% |
| १४ | मेलमिलापसम्बन्धी क्रियाकलापको नियमन/अनुगमन र मूल्याङ्कनको अवस्था | ८% |
| १५ | न्यायाधीशले विवादलाइ प्राथमिकताकासाथ मेलमिलापमा प्रेषित गर्ने अभ्यास | ७.९२% |
| १६ | अदालतका कर्मचारीहरुको मेलमिलापमा सहयोगको अवस्था | ६% |
| १७ | मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता | ६% |
| १८ | मेलमिलाप केन्द्रको अवस्था (भौतिक संरचना/सेवा सुविधा) | ६% |
| १९ | मेलमिलापसम्बन्धी नियमावली अनुरुप सहमतिपत्र लेखनको अवस्था | ५% |
| २० | मेलमिलाप केन्द्रका कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र ब्यवहार | ४% |
| २१ | मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनोट बिधि | ४% |
| २२ | मेलमिलापकर्ताको क्षमता, दक्षता र सीपको अवस्था | ३% |
| २३ | मेलमिलाप प्रकृयामा कानून व्यवसायीहरुको सहयोग | १.९४% |
| २४ | मेलमिलापप्रति पक्षहरुको विश्वास र आकर्षण | ०.०% |

तालिका नं. ४: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको कमजोर अनुभूतिको अवस्था

| क्र.सं. | अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको धारणा | प्रतिशत |
|---|---|---|
| १ | मेलमिलापकर्ताको लागि यातायात लगायत सेवासुविधाको अवस्था | ४२% |
| २ | मेलमिलापकर्ताको लागि स्रोत सामग्रीहरुको उपलब्धता | ४२% |
| ३ | मेलमिलाप केन्द्रको लागि बजेट विनियोजन | ४०% |
| ४ | मेलमिलाप केन्द्रको अवस्था (भौतिक संरचना/सेवा सुविधा) | ३९.६% |
| ५ | मेलमिलापसम्बन्धी क्रियाकलापको नियमन/अनुगमन र मूल्याङ्कनको अवस्था | ३९% |
| ६ | मेलमिलापसम्बन्धी नियमावली अनुरुप सहमतिपत्र लेखनको अवस्था | ३७% |
| ७ | मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता | ३६% |
| ८ | मेलमिलाप प्रकृयामा कानून व्यवसायीहरुको सहयोग | ३२.०४% |
| ९ | मेलमिलापकर्तालाइ सजाय र पुरस्कृत गर्ने परपाटी | ३२% |
| १० | मेलमिलापकर्ताको अचारसंहिताको पालना | ३०.२% |
| ११ | अदालत प्रेषित मेलमिलापमा मेलमिलाप परिषद्‌को भूमिका | २९% |
| १२ | मेलमिलाप परिषदमा सूचीतकृत संस्थाहरुको गुणस्तरियता र भूमिका | २७% |
| १३ | मेलमिलापकर्ताको क्षमता, दक्षता र सीपको अवस्था | २६% |
| १४ | जिल्ला अनुगमन समितिको क्रियाशिलता | २६% |
| १५ | अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था | २५% |
| १६ | मेलमिलाप केन्द्रका कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र ब्यवहार | २३% |
| १७ | मेलमिलाप प्रकृयाको पालनाको अवस्था | २३% |
| १८ | मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनोट बिधि | १८% |
| १९ | मेलमिलापकर्तालाइ नियमित रुपमा अध्यावधीक गर्ने परिपाटी | १८% |
| २० | अदालतका कर्मचारीहरुको मेलमिलापमा सहयोगको अवस्था | १७% |
| २१ | न्यायाधीशले विवादलाइ प्राथमिकताकासाथ मेलमिलापमा प्रेषित गर्ने अभ्यास | १५.८४% |
| २२ | तालिम प्रदायक संस्था र प्रशिक्षकको गुणस्तर | १३% |
| २३ | मेलमिलापप्रति पक्षहरुको विश्वास र आकर्षण | १२.६२% |
| २४ | न्यायाधीशवाट मेलमिलापमा विवाद प्रेषित गर्ने कानूनी व्यवस्था | ९.१८% |

तालिका नं. ५: हालसम्म अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा उत्तरदाताको अति कमजोर अनुभूतिको अवस्था

| क्र.सं. | अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको धारणा | प्रतिशत |
|---|---|---|
| १ | अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था | ३६.४६% |
| २ | मेलमिलापकर्ताको लागि यातायात लगायत सेवासुविधाको अवस्था | २९% |
| ३ | मेलमिलाप केन्द्रको अवस्था (भौतिक संरचना/सेवा सुविधा) | २५.४% |
| ४ | मेलमिलाप केन्द्रको लागि बजेट विनियोजन | २५% |
| ५ | मेलमिलापकर्ताको लागि स्रोत सामग्रीहरुको उपलब्धता | २२% |
| ६ | मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता | १९% |
| ७ | मेलमिलापसम्बन्धी क्रियाकलापको नियमन/अनुगमन र मूल्याङ्कनको अवस्था | १९% |
| ८ | मेलमिलापकर्तालाइ सजाय र पुरस्कृत गर्ने परपाटी | १७% |
| ९ | मेलमिलापसम्बन्धी नियमावली अनुरुप सहमतिपत्र लेखनको अवस्था | १७% |
| १० | मेलमिलापकर्तालाइ नियमित रुपमा अध्यावधिक गर्ने परिपाटी | १५% |
| ११ | जिल्ला अनुगमन समितिको क्रियाशिलता | १२% |
| १२ | मेलमिलाप प्रकृयाको पालनाको अवस्था | ६% |
| १३ | अदालत प्रेषित मेलमिलापमा मेलमिलाप परिषद्को भूमिका | ५% |
| १४ | मेलमिलाप परिषदमा सूचीतकृत संस्थाहरुको गुणस्तरियता र भूमिका | ४% |
| १५ | मेलमिलापकर्ताको अचारसंहिताको पालना | ३.१२% |
| १६ | अदालतका कर्मचारीहरुको मेलमिलापमा सहयोगको अवस्था | ३% |
| १७ | तालिम प्रदायक संस्था र प्रशिक्षकको गुणस्तर | ३% |
| १८ | मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनोट बिधि | ३% |
| १९ | मेलमिलापकर्ताको क्षमता, दक्षता र सीपको अवस्था | ३% |
| २० | मेलमिलाप केन्द्रका कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र ब्यवहार | २% |
| २१ | मेलमिलापप्रति पक्षहरुको विश्वास र आकर्षण | १.९४% |
| २२ | न्यायाधीशवाट मेलमिलापमा विवाद प्रेषित गर्ने कानुनी ब्यवस्था | १.०२% |
| २३ | न्यायाधीशले विवादलाइ प्राथमिकताकासाथ मेलमिलापमा प्रेषित गर्ने अभ्यास | ०.९९% |
| २४ | मेलमिलाप प्रकृयामा कानून व्यवसायीहरुको सहयोग | - |

### *६.१.३ अदालत प्रेषित मेलमिलापलाई अरु बढि प्रभावकारी बनाउन अबलम्बन गर्ने उपाय*

उत्तरदातालाई २० वटा बहुउत्तर छनौटका लागि अवसर दिईएकोमा देहायको तालिकामा Friquency र Ranking लाई विश्लेषण गरी प्रस्तुत गरिएको छः

तालिका नं. ६: प्रभावकारी बनाउन अवलम्बन गर्ने उपाय

| क.सं | अवलम्बन गर्ने उपायहरु | बारम्बारता | प्रतिशत |
|---|---|---|---|
| १ | पक्षहरुलाई अदालतमा मेलमिलाप हुन सक्ने व्यवस्था र यसको कार्यविधिका बारेमा सामग्री तयार गरी टेलीभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाललगायतको माध्यमबाट चेतनामूलक कार्यक्रमहरु स्थानीय तहसम्म लैजानु पर्दछ। | ८६ | ६.४३% |
| २ | तालिमप्राप्त मेलमिलापकर्ताले विवाद मिलाउन सक्छन र कानूनसम्मत दिगो समाधान हुन्छ भन्ने विषयमा पक्षलाई अनुशिक्षण गर्ने प्रावधान मिलाउनु पर्दछ। | ७४ | ५.५३% |
| ३ | मुद्दा दर्ता गर्दा र मुद्दाको अङ्ग पुऱ्याउने चरणमा श्रेस्तेदार तथा रजिष्ट्रारले मेलमिलापका लागि पठाउने व्यवस्था मिलाउनु पर्दछ। | ७२ | ५.३८% |
| ४ | न्यायाधीशको भूमिकासहित स्पष्ट कानून निर्माण र सरल कार्यविधि बनाउनु पर्ने। | ७१ | ५.३१% |
| ५ | न्यायाधीशलाई कानूनसम्मत मेलमिलाप हुन सक्ने सबै मुद्दाहरु प्रेषित गर्न अनिवार्य गर्ने प्रावधान हुनु पर्दछ। | ७० | ५.२३% |
| ६ | मेलमिलापका लागि आदेश गरेको न्यायाधीशले मेलमिलापको सत्रहरुको अनिवार्य अनुगमन गर्ने र सहजिकरण गर्ने व्यवस्था मिलाउनु पर्ने। | ६९ | ५.१६% |
| ७ | न्यायाधीश, मुद्दा फाँट, इजलास र मेलमिलापकेन्द्रका कर्मचारीहरुलाई समय समयमा मेलमिलापसम्बन्धी अनुशिक्षण प्रदान गर्नु पर्ने। | ६७ | ५.०१% |
| ८ | उपयुक्त मेलमिलापकर्ता छनौटका लागि पक्षलाई सहजीकरण गर्ने संयन्त्र हुनु पर्ने। | ६७ | ५.०१% |

| | | | |
|---|---|---|---|
| ९ | मेलमिलापकर्तालाई प्रदान गरिने तालिमको गुणस्तर वृद्धिका लागि तोकिएको मापदण्डका आधारमा तालिम प्रदायक संस्था र प्रशिक्षकलाई परिषद्ले प्रमाणपत्र प्रदान गर्नु पर्ने । | ६६ | ४.९३% |
| १० | मेलमिलापकर्ताले कम्तिमा दुईबर्षमा पुनर्ताजगी वा उन्नत प्रशिक्षण लिने व्यवस्था मिलाउनु पर्ने। | ६६ | ४.९३% |
| ११ | मेलमिलापकर्ताको क्षमता/दक्षता/सीपका आधारमा मात्र सूचिकृत हुने व्यवस्था मिलाउनु पर्ने। | ६५ | ४.८६% |
| १२ | नियम, नीति निर्देशन तथा आचारसंहिता उलंघन गर्ने तालिम प्रदायक निकाय, मेलमिलापकेन्द्र तथा मेलमिलापकर्तालाई कारवाही व्यवस्था मिलाउनु पर्ने। | ६५ | ४.८६% |
| १३ | अदालतभित्रको मेलमिलापकेन्द्रलाई सुविधाजनक बनाउनु साथै गोपनियता र सुरक्षा जस्ता विषयलाई ध्यान दिने। | ६५ | ४.८६% |
| १४ | पक्षहरुले रोजेको अदालत बाहिरको मेलमिलाप केन्द्रसमेतमा मुद्दा प्रेषित गर्ने प्रणालीको विकास गर्ने। | ६४ | ४.७८% |
| १५ | विषयगत विज्ञ मेलमिलापकर्ता उत्पादन गर्ने र विषयगत विशिष्टिकृत मेलमिलापकेन्द्रको विकास गर्ने। | ६४ | ४.७८% |
| १६ | मेलमिलाप परिषद्/सर्वोच्च अदालत मेलमिलाप समिति/जिल्ला मेलमिलाप समितिले नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने। | ६३ | ४.७१% |
| १७ | मूल्याङ्कनका आधारमा कारवाही, प्रोत्साहन र पुरस्कारको व्यवस्था मिलाउने। | ६२ | ४.६३% |
| १८ | मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता विकासका योजना निर्माण गरी लागु गर्ने। | ६२ | ४.६३% |
| १९ | मेलमिलापकर्ता, मेलमिलापकेन्द्र(अदालत भित्र र अदालत बाहिर) र प्रकृयालाई आवश्यक पर्ने बजेटको व्यवस्था मिलाउने। | ६२ | ४.६३% |
| २० | न्यायाधीश सम्मिलित मेलमिलापको लागि कानूनी व्यवस्था गरी लागू गर्ने। | ४८ | ३.५९% |
| २१ | अन्य | १० | ०.७५% |

अदालत प्रेषित मेलमिलापलाई अरु बढि प्रभावकारी बनाउन अध्ययन समितिले विभिन्न २० वटा उपायहरु समावेश गरी उत्तरदाताको धारणा संकलन गरिएको थियो। अध्ययनमा सहभागी उत्तरदाताहरुबाट समावेश उपायहरुमा सबैभन्दा बढि पक्षहरुलाई अदालतमा मेलमिलाप हुन सक्ने व्यवस्था र यसको कार्यविधिका बारेमा सामग्री तयार गरी टेलीभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाललगायतको माध्यमबाट चेतनामूलक कार्यक्रमहरु स्थानीय तहसम्म लैजानु पर्दछ र सबैभन्दा कम न्यायाधीश सम्मिलित मेलमिलापको लागि कानूनी व्यवस्था गरी लागू गर्नुपर्ने धारणा व्यक्त गरेका छन्।

साथै सहभागीहरुले भिडियो कलको माध्यमबाट मिलापपत्रको व्यवस्था हुनुपर्ने, विदेशमा बसेकालाई भिडियो कलमार्फत अवसर प्रदान गर्ने, मेलमिलाप कार्य कक्षमा शान्तिपुर्ण वातावरण मिलाउने, मेलमिलाप कार्यमा गोपनियता कायम हुनुपर्ने, मेलमिलापकर्ताको उचित पारिश्रमिक सुविधा व्यवस्था गर्ने, कर्मचारी र कानून व्यवसायिहरु मेलमिलापकर्ता हुन नपाउने व्यवस्था गर्ने, मेलमिलापकर्ताका लागि क्षमता विकास र समयसापेक्ष सेवा सुविधाका कार्यक्रम बढाउने, मेलमिलापकर्तालाई ६/६ महिना वा १/१ वर्षमा मेलमिलाप सम्बन्धी तालिमकको विषयहरु डिजाइन गरी अनिवार्य तालिम लिएको हुनुपर्ने, अदालतको मेलमिलाप अनुगमन समिति गठन गर्न अनिवार्य गराई लागु गर्ने, मेलमिलापकर्तामा कार्यसम्पादन सफलतामा सूचक निर्माण गरी निजहरुको व्यक्तिगत प्रोफाइल बनाइ पक्षहरुले मेलमिलापकर्ताको रोजाइ गर्दा निजहरुको प्रोफाइल अध्ययन गरी अवसर दिलाउने व्यवस्था गर्ने र मेलमिलापकर्तालाई वैदेशिक भ्रमणमा मेलमिलापमा सम्बन्धी जानकारीको लागि लैजाने जस्ता अन्य उपायहरुबाट मेलमिलाप थप प्रभावकारी हुने बताएका छन्।

*६.१.४ अदालत प्रेषित मेलमिलापका सम्बन्धमा समस्या चुनौती र समाधानका उपायहरु*

(क) अदालत प्रेषित मेलमिलाप सामाधानको वैकल्पिक उपाय मात्र नभएर हाल यो विवाद सामाधानको प्रभावकारी उपाय दोहिएको हुदा विवाद सामाधान यो अत्यन्त प्रभावकारी देखिएको छ। कानून व्यवसायीले सहयोग गर्ने हो भने अधिकांश मुद्दा मेलमिलाप प्रकृयाबाट टुंगो लाग्छ।

(ख) भौतिक संरचनाको कमी। मेलमिलाप केन्द्रमा पक्ष विपक्ष समयमा उपस्थित व्यवस्था मिलाउने। मेलमिलापकर्ता समयमा उपस्थित नहुने। मेलमिलाप केन्द्र समयमा अनुगमन हुनुपर्ने। मेलमिलाप कर्ता छनौट गर्दा पक्ष विपक्ष लाई बोलाई छनौट गर्नु पर्ने। छनौट प्रक्रिया पारदर्शी हुनुपर्ने। मेलमिलाप कोठामा एसी वीग्रेको र तराईमा बढी गर्मी हुनाले एसी मर्मत गर्ने। बस्ने कुर्सीहरु अपर्याप्त रहेकाले कुर्सी व्यवस्था गर्ने।

(ग) मेलमिलाप कर्ता छनौट गर्दा पक्ष विपलाई आफै उपस्थित गराई छनौट गर्ने। मेलमिलाप वादी

प्रतिवादीलाई अनिवार्य उपस्थितिको व्यवस्था गर्ने। मेलमिलाप कक्षमा खानेपानीको व्यवस्था हुनुपर्ने। नियमित अनुगमन हुनुपर्ने। मेलमिलाप केन्द्रमा कम्तिमा दुई जना कर्मचारी हुनुपर्ने।

(घ) मिलापत्र हुन नसक्ने महत्वपूर्ण जटिल मुद्दामा मेलमिलापका लागि समय बढाउनु पर्ने। समान्य प्रकृतिका मुद्दाहरु मेलमिलाप लागि पठाउनु पर्ने। मेलमिलापकर्ता तथा श्रीमानले आआफ्नो ठाउँमा रही आफ्नो आफ्नो दायित्व निर्वाह गर्ने। श्रीमानले मेलमिलापमा मुद्दालाई २/३ महिनाको समय दिई हामीलाई पनि पक्षहरुसंग राम्रो समन्वय गरी मुद्दा मिलापत्र गराउने अवसर दिनुपर्दछ।

(ङ) मेलमिलाप हुने कक्षको व्यवस्थापन पहिलो स्थानमा राखी मेलमिलापको प्रकृया अगाडी बढाउन सजिलो हुन्छ। मेलमिलाप केन्द्रमा सूची भएका मेलमिलापकर्ताको छनौट पक्षले आफैले गर्नुपर्ने व्यवस्था मिलाउने। मेलमिलाप परिवहन खर्चको उचित व्यवस्थापन हालसम्म पनि हुन नसकेको।

(च) कतिपय अदालतमा राजश्व मार्ने उद्देश्यले मेलमिलाप केन्द्रमा कृत्रिम तरिकाबाट मुद्दा प्रेषित गरी गराई अदालती शुल्क छल्ने प्रवृति देखिदा सो प्रवृतिबाट कसरी बच्न सकिन्छ भन्ने तर्फ कानूनी प्रावधानमा सुधार एवं संशोधन गर्नुपर्ने आवश्यक्ता देखिन्छ। कम्तिमा ६ मिहना पुरानो मुद्दामा अदालती शुल्क नलाग्ने व्यवस्था गरँदा उपयुक्त हुन्थ्यो। मेलमिलापकेन्द्रमा मुद्दा रिफर हुँदा व्यवसायिक लेखा पढी वारेस बसेको मुद्दाहरुमा प्रथम चरणमै पक्षलाई उपस्थित गराई पक्ष स्वमलाई मेलमिलापको प्रक्रियामा संलग्न गराई लेखा पढी व्यवसायलाई मेलमिलापको प्रकृयाको अवधि भर तारिखमा नराखी पक्ष स्वमलाई तारिखमा रहने व्यवस्था गर्ने।

(छ) मेलमिलाप हुन सक्ने मुद्दामा मुद्दा दर्ता गर्ने अधिकारीले आवश्यक परामर्श गरी मेलमिलाप गर्न प्रोत्साहन गर्ने। मेलमिलाप हुन सक्ने मुद्दा एक पटक अनिवार्य रुपमा मेलमिलापमा प्रेषित गर्नुपर्ने कानूनी व्यवस्था गर्ने। स्पष्ट कानून र कार्यविधि बनाई न्यायाधीशको भुमिकालाई प्रभावकारी बनाउने। मेलमिलापकर्ताको क्षमताको अभिवृद्धि गर्न गुणस्तरिय तालिम दिने।

(ज) मेलमिलापकर्ताहरुलाई समय समयमा सूचीकृत गर्नुपर्ने। पक्ष बाहेकका मानिसलाई मेलमिलापमा सहभागी नगराउने। अदालतको आदेश बमोजिम मेलमिलाप हुदाको अवस्थामा मेलमिलापकर्ताले खेल्नु पर्ने भुमिका कमजोर देखिएको र पक्षहरुसंग पैसा अर्थात खाम लेनदेनसमेत भएको गुनासो सुनिएकोले सो गैर कानूनी क्रियाकलापबाट नियन्त्रण गर्ने।

(झ) मेलमिलापकर्ताले मिलापत्र गर्दाको अवस्थामा कम्तिमा एक घण्टाको समय दिनुपर्ने। अधिकांश अदालतमा अधारभुत सुविधा एवम स्रोत साधनको अभाव भएको पाइएकोले मेलमिलाप को procedure लाई friendly and effective बनाउन सबै मेलमिलाप केन्द्रहरुको physicial interastrucfture self sufficient बनाइदिनु पर्छ। अदालतमा मेलमिलाप सम्बन्धी तालिमका सहभागि छनौट गर्दा लैङगिक समानता र inclusiveness को सिद्धान्तलाई अनिवार्य रुपमा पालना गरिनुपर्छ।

(ञ) मेलमिलापबाट विवाद सामाधान गर्दा जित-जितको अवस्था आउने र सम्बन्धमा समेत पुनः स्थापना

हुने हुदा मेलमिलाप प्रक्रियालाई न्याय सम्पादनमा अवलम्बन गर्ने। पक्ष कानून व्यवसायी र सरोकारवाला सबै मेलमिलाप प्रक्रिया बारेमा प्रशिक्षण दिनुपर्छ। मेलमिलापकर्ताहरुको मूल्याङ्कन गरी प्रोत्साहन गर्नु पर्ने देखिन्छ। न्यायाधीशले मुद्दा पन्छयाउने बहानामा मेलमिलापकर्ताले पठाउने कार्यको अदालतबाट अनुगमन गर्दा मे लमिलापकर्ताले प्रोत्साहन र कारवाही गर्न कार्य कडाईका साथ लागु गर्ने। मेलमिलाप केन्द्रमा बस्ने कर्मचारि समेत लाई मेलमिलापको बारेमा पुन जनकारि हुनुपर्ने। मेलमिलापकर्ताले पाउने पारवहन सुविधा समयमा भुक्तानी हुनुपर्ने।

(ट) इजलासबाट मुद्धा पन्छयाउने रणनीतिको रुपमा पठाउने गरेको पक्षहरुलाई मेलमिलाप बाट विवाद सामाधान हुने कुरामा पूर्ण विश्वास भइ नसकेको। कानून व्यवसायिहरुले मेलमिलापमा जोड नदिने सम्म अदालतको प्रयास निर्थक रहने। मुद्दाको विषयगत ज्ञान नै नभएका व्यक्तिहरुबाट मेलमिलाप गराउने अभ्यास प्रभावकारी नहुने।

(ठ) मेलमिलाप केन्द्रलाई सुरक्षित सुविधाजनक भरपर्दो तथा विश्वासिलो बनाउनुका साथै गोपनियताको लागि विशेष व्यवस्था हुनुपर्ने। अदालत प्रेषित मेलमिलापका मुद्दाहरुमा मेलमिलाप केन्द्रमा गोपानियता कायम राख्नको लागि आवश्यक व्यवस्था मिलाउन थप विशेष कोठाको सुविधा हुनु पर्नुका साथै कतिपय मुद्दाहरुमा पक्षहरुविच मुद्दाको छलफल गराउने क्रममा परिस्थित प्रतिकूल भइ आवेश पोख्ने क्रममा पक्षहरु उत्तेजित भई विवेकशुन्य अवस्था सृजना हुदा मेलमिलाप केन्द्रमा कोलाहहल अशान्ति साथै असुरक्षाको परिस्थिति पर्न सक्नेमा मेलमिलाप केन्द्रमा शान्त सुमुधुर सभ्य भरपर्दो वातावरण बनाउने। मेलमिलापकर्ताको योग्यताको कदर गरी उचित पारिश्रमिक सुविधाको व्यवस्था कमि भएकाले सोको व्यवस्था गरिनुपर्दछ तथा थप तालिम व्यवस्था हुनुपर्दछ।

(ड) मेलमिलाप केन्द्रमा पक्षहरुलाई स्वयं उपस्थित गराउनु पर्ने। वारेशलाई मेलमिलापकेन्द्रमा पक्षको हैसियत राखि छलफल गर्न नपाउनुपर्ने। मिलाप गर्ने नगर्ने वारेशले निर्णय गर्न वा प्रभाव पार्न नहुने। मेलमिलापकक्षमा पक्ष विपक्षमा पूर्ण आचार सहिता पालना गराउनुपर्ने। उत्कृष्ट मेलमिलापकर्तालाई पुरस्कारको व्यवस्था गर्ने। मेलमिलाप सफल भएमा तुरुन्त पुरस्कार पाउनुपर्ने। मेलमिलाप कक्षमा शान्त बातावरण बनाउने।मेलमिलापकर्तालाई अनिवार्य पुनर्ताजगी तालिम दिलाउनु पर्ने।

(ढ) मेलमिलाप केन्द्रलाई भौतिक पूर्वाधार र सेवा सुविधा सम्पन्न बनाउन पाए मेलमिलाप प्रक्रिया प्रभावकारी हुने थियो। देवानी मुद्दालाई श्रीमानले मेलमिलापको आदेश गर्नु हुन्छ। हाल सम्मको मेलमिलापको अवस्था राम्रो रहेको तर अझै सापेक्ष प्रविधि मैत्रि साधन स्रोत थप गर्दा अझ प्रभावकारि हुने।

(ण) अदालत प्रेषित मेलमिलाप प्रक्रियाको अवधारणा एकदमै राम्रो रहेको भएतापनि कार्यन्वयन तह एकदमै फितलो रहेको। विवादको मेलमिलाप गराउनको लागि मेलमिलापकर्ता छनौट गर्दा कानूनी प्रावधानलाई पूर्ण रुपमा पालना गर्नुपर्छ। अदालतका फाँटका कर्मचारीले मेलमिलापकर्ता रोजदिने कार्यको अन्त्य गर्नुपर्छ।

(त) मेलमिलापबाट समाधान हुन सक्ने विवादहरुलाई अनिवार्य रुपमा मेलमिलाप केन्द्रमा पठाउनु पर्छ। अदालती मेलमिलापलाई प्रभावकारी वनाउन ज्ञान सिपको अभिवृद्धि गरी सोहीअनुसार प्रस्ट कानूनी व्यवस्था हुनुपर्ने। पक्षहरुलाई विश्वस्त बनाउन सक्नुपर्ने।

(थ) मेलमिलापका पक्षहरुलाई मेलमिलापकर्ताले पक्षहरुको सर्वोतम हितलाई ध्यानमा राखी वस्तुनिस्ठ परामर्श गर्नुपर्ने। कुनै एक पक्षतिर बढी पार्ने गरेको भन्ने गुणासोहरु आइरहने हुनाले निष्पक्ष परामर्श दिने। मेलमिलापकर्ता छनौट गर्दा पक्षहरुले नै छान्ने व्यवस्था मिलाउने नकी कर्मचारीले फलानोसँग जानुस भन्ने।

(द) धेरै जसो मुद्दाका पक्षमा वारेशले तारिख लिने गरेकोमा वारेशले पक्ष उपस्थित गराउने भनी तारिख लिए पनि पक्ष उपस्थित हुन ईनकार गरिरहेको अवस्थामा मेलमिलाप हुन नसक्ने कारणले आदेशहरु हुनु पूर्व नै सो वारेमा स्पष्ट भई आदेश गर्नुपर्ने। मेलमिलापकेन्द्रमा रहने कर्मचारीका लागि समय समयमा पुनर्ताजगी तालिम दिनुपर्ने।

(ध) मेलमिलाप न्याय पहुँच सजिलो बनाउने माध्यम हो। यो समय र खर्च दुवै बचाउने उपाय हो। यसले विवादलाई शान्तिपूर्ण रुपले समाधान हुने वातावरण निर्माण गर्दा मेलमिलाप माध्यमबाट मुद्दाको मिलापत्रमा भएका दुवै पक्षहरुले जितको अनुभूति गर्दछन्। मेलमिलाप प्रकृयालाई प्रोत्साहन गर्ने कानूनी संरचना अझ मजबुत बनाउनु पर्दछ। प्रशिक्षित मेलमिलापकर्ताहरुको उपयुक्त र प्रभावकारी रुपले छनौट गर्नुपर्छ। जनचेतना कार्यक्रमहरु सञ्चालन गरी मेलमिलापको महत्व जनमानसमा बुझाउनु पर्दछ।

(न) विश्वमा प्रचलित मेलमिलाप पद्धती मध्ये पक्षको सहमतिमा गरिने र मेलमिलापकर्ता द्धारा समन्वय गरी win win situation को निर्माण गरी मुद्दामा विवादको अन्त्य प्रभावकारी माध्यमको रुपमा हालको मेलमिलाप पद्धतिलाई लिन सकिन्छ। यसको सैद्धान्तिक अवधारणा राम्रो रहेतापनि स्रोत साधन र वजेटको अभावले मेलमिलापकर्तालाई भएमा सक्रिय सहभागिता रहेको देखिदैन। जसरी मुद्दामा केही कानून व्यवसायीहरुको सिन्डिकेट चलिरहेको छ।

(ऩ) पक्षका कानून व्यवसायीको अनावश्यक हस्तक्षेपकारी भूमिकालाई निरुत्साहित गर्नुपर्ने। मेलमिलापको लागि अनिवार्य न्यून्तम पारिश्रमिक भुक्तानी पश्चात मात्र सिटिङमा बस्ने व्यवस्था गर्नुपर्ने। समान्य औपचारिक पोशाक लगाउनु पर्ने। अनुभवका अधारमा प्रत्येक २ वर्षमा पुनर्ताजगि तालिम उपलब्ध गराउनु पर्ने। मेलमिलापलाई व्यवसायिकरण तर्फ अगाडी बढाउनु पर्छ।

(प) मेलमिलापकर्तालाई प्रत्येक छ महिनामा मेलमिलाप सम्बन्धी कार्यगत विवरणको बारेमा छलफल गराउने। मेलमिलाप कक्षलाई व्यवस्थित गर्नुपर्ने। विवादका पक्षहरुलाई मेलमिलापकर्ता सम्पर्क गर्नु पर्नु अनिवार्य व्यवस्था गर्नुपर्ने। मेलमिलाप कक्षको व्यवस्थितिकरण गर्ने। विवादका पक्षहरुलाई कम्तिमा दुई सिटिङ अनिवार्य गर्नुपर्ने।

(फ) मेलमिलाप शुल्क समयानुकुल हुन जरुरी छ। पक्षले भन्दा वारेशले मेलमिलापकर्ताको चयन गर्दा एकजना मेलमिलापकर्ताले काम गरेको देखियो। सबै मेलमिलापकर्ता सूचीकृत गरेपनि सबैले काम गर्ने अवसर पाएनन्।

(ब) अदालत प्रेषित मुद्दामा मेलमिलाप गराउँदा पक्षहरुको सहमतिमा छनौट भएका मेलमिलापककर्ताद्धारा मेलमिलाप गराउनु पर्ने। अदालतका कर्मचारीहरुको हस्तक्षेप वा आशिर्वादमा मेलमिलापकर्ता छनौट गर्ने गरेको पनि पाइन्छ। यस प्रकारको क्रियाकलाप बन्द गरि पक्षहरुले निष्पक्ष रुपमा मेलमिलापकर्ता छनौट गर्नुपर्ने।

(भ) न्यायाधीशहरुलाई मेलमिलाप केन्द्रमा पठाउन र पक्षहरुलाई मेलमिलाप गर्दा उत्तम हुने गरी परिपत्र जारि गर्ने। मेलमिलापकर्ताको तस्विर सहितको रजिस्ट्रर राखी पक्षलाई नै मेलमिलापकर्ता छनौटको अधिकार दिदा उपयुक्त हुने। मेलमिलापकर्ताले मेलमिलाप सफल बनाएकाहरुलाई प्राथमिकता दिदा उपयुक्त हुने। अन्य बाटो प्रयोग गरी छनौट वा सिफारिस गर्ने पद्धतिलाई निरुत्साहित गर्ने। विवाद सामाधानको लागि गरेको कार्यको समेत सुक्ष्म रुपमा अनुगमन गरी निजले खेलेको भूमिकाको बारेमा परिषदमा प्रतिवेदन दिने व्यवस्था गर्दा उपयुक्त र समय सान्दर्भिक हुने। व्यक्ति मात्र हावि हुने वा बनाउने गुप्त रणनीतिलाई प्रोत्साहन गर्न नहुने।

(म) मेलमिलाप कक्ष व्यवस्थित हुनुपर्नेछ। मेलमिलाप कक्ष दुई वटा ईजलास छ भने एक मेलमिलाप कक्ष हुनुपर्छ। मेलमिलापकर्ताले पाउने पारवाहन खर्च समय सापेक्ष हुनुपर्छ र समयमा पाउनुपर्छ। जस्ले मेलमिलाप गर्न प्रोत्साहन गर्दछ। प्रत्येक न्यायायधीश कानून व्यवसायीलाई कम्तिमा मेलमिलापको आधारभुत तालिम अनिवार्य गराउनुपर्छ। मेलमिलाप सम्बन्धी सबै न्यायाधीहरुको अवधारणा मा समानता हुनुपर्यो।

(य) प्रायः अदालतमा प्रेषित मेलमिलापका सुरु प्रकृयामा लैजान वा सुरुवात गर्ने नै कमजोर रहेको छ किनकि प्राय दुवै पक्षलाई मेलमिलापलाई गराउने प्रकृया सुचिकृत भएको मेलमिलापकर्ता दोहोरो रहने एउटा सिन्डिकेट जस्तो अवस्था भएको छ। मेलमिलाप सत्रमा प्राय परिषदद्धारा निर्देशित नियम परिपालन कतै देखिदैन। प्राय मेलमिलापकर्ता आन्तिरिक रुपमा आफूलाई छनौट गरेको पक्ष लिई पक्षपाती देखाउने। मेलमिलापमा छलफल गराउन कुनै मेहनत नगर्ने रकमको पछाडि लाग्ने

चलन रहेको छ।

(र) अदालतमा मेलमिलापकर्ताले निश्चित समयसम्म मेलमिलाप गर्ने समय दिनुपर्ने। मेलमिलापको सुचना समयमा सञ्चार नहुने। मुद्दाका चाप भएकाहरु मेलमिलापकर्ताहरु हुने हुदा विवादका पक्षहरुको ध्यान नदिने। भौतिक पूर्वाधारको कमजोरीका कारण उचित वातावरण पुर्याउन नसक्दा मेलमिलाप कम सफल हुने।

(ऱ) अदालतमा भएका कक्षहरुको स्तर उन्नती गरी मेलमिलाप केन्द्रलाई व्यवस्थित गर्ने। समय तोक्दा ध्यान दिनुपर्ने। पारिश्रमिक बढाउनुपर्ने जस्तो लाग्छ। मेलमिलापमा मुद्दा पठाउनु पर्ने। न्यायाधीशको अभिलेख राखी मेलमिलाप गर्न मिल्ने। देवानी प्रकृतिका मुद्दाहरु मेलमिलापबाट सामाधान हुनुपर्छ। सुचिकृत हुनुभएका दक्ष मेलमिलापकर्ताहरुलाई समान अवसर दिनुपर्ने।

(ल) मेलमिलापकेन्द्र अदालतमा राख्नु भन्दा बाहिर राख्नु उपयुक्त हुन्छ। मेलमिलापमा विवादको पक्षहरुलाई मेलमिलापकर्ता छनौट गराउने प्रक्रिया ठिक भएता पनि व्यवहारमा लागु भएको देखिएन। जिल्लाको मेलमिलाप समिति निष्कृय छ। कतिपय कानून व्यवसायीहरुको नीजि स्वार्थको कारण न्यायाधीशले मेलमिलापमा पठाएको विवादहरुको पनि मेलमिलाप सत्र बसाएको जस्तो मात्र गरेर मेलमिलााप प्रयासको नगरी पुनः इजलासमा फिर्ता गर्ने गरेको देखिन्छ।

(व) मेलमिलाप परिषदमा सूचीकृत भएर तालिम सञ्चालन गर्ने अनुमति नलिएका संघ संस्थाले पनि विभिन्न तहहरुमा गएर मापदण्ड विपरित मेलमिलापको तालिम दिएको पाइयो। कतिपय अवस्थामा कानून व्यवसायी भन्ने वित्तिकै मेलमिलापको तालिम नलिएको भए पनि मलाई सबै थाहा छ। म तालिम प्रदान गर्छु भनेर तयार भएको देखियो। कानून व्यवसायी भन्दा बाहिरको मेलमिलापकर्ता उत्पादन गरी सूचीकृत गरेर मात्र अदालती मेलमिलाप प्रभावकारी बनाउन सकिन्छ।

(स) वारिस तथा कानून व्यवसायीले नै मुद्दाका वादी प्रतिवादीलाई भेट्न नदिने गरेको पाइएकोमा मेलमिलापमा नीजहरुको उपस्थितिलाई निषेध गर्ने। मेलमिलापकर्ता नै मेलमिलापमा मुद्दामा इजलासबाट समय थप नगरी लामो समयसम्म राख्ने गरेको। मेलमिलापकेन्द्रमा कर्मचारी पठाउँदा दक्ष कर्मचारी प्राथमिकतामा पर्न नसकेको। मेलमिलाप केन्द्रमा कामको चाप धेरै हुदा पनि मुद्दा फाँट जस्तै प्रशासनबाट ध्यान र सरोकार न्यून रहेको। मेलमिलाप केन्द्र साधन स्रोतयुक्त हुनुपर्ने। आचार सहिताको नियमित अनुगमन गर्ने।

(ष) मेलमिलापको छलफलको लागि उपयुक्त वातावरण सहितको मेलमिलाप केन्द्र अभाव भएकोले त्यसमा लगानी बढाउने। मेलमिलापकर्ताको आचार सहितामा नबस्ने आफ्नो कर्तव्य इमान्दारी पूर्वक पालना नगर्ने मेलमिलापकर्तालाई कारवाही गर्ने।

(श) मेलमिलापको छलफलको लागि उपयुक्त वातावरण सहितको मेलमिलाप केन्द्र अभाव भएकोले त्यसमा लगानी बढाउने। मेलमिलापकर्ताको आचार सहितामा नबस्ने आफ्नो कर्तव्य इमान्दारी पूर्वक

पालना नगर्ने मेलमिलापकर्तालाई कारवाही गर्ने।

(ह) वारेसको सट्टा पक्षहरुलाई छलफलमा अनिवार्य उपस्थिति हुनुपर्ने प्रभावकारी भूमिका बनाउनु पर्ने। मिलापत्र प्रयोजनको लागि मेलमिलाप केन्द्रमा पठाइनु पर्ने धेरै राम्रो कुरा हो तर मुद्दामा मिलापत्र भन्दा पनि मुद्दा लम्ब्याउने हिसाबले पक्ष लागेको कुरामा नियन्त्रण र नियमन हुनु अपरिहार्य छ।

(क्ष) अदालतमा प्रेषित मेलमिलापले विवादको दिगो सामाधान गर्ने भएकोले यो अत्यावश्यक छ।

## ६.२ अन्तर्वार्ताबाट प्राप्त सूचना र सुझाबको प्रस्तुती र विश्लेषण

अदालत प्रेषित मेलमिलाप प्रभावकारी भए नभएको मापन गर्न यसको कार्यान्वयन पक्ष, सेवाग्राहिले प्राप्त गरेका लाभ र सन्तुष्टी, स्रोत साधनको मितव्ययी प्रयोग, कार्यान्वयनका चुनौतीहरु र सुधारको सम्भावनाहरुमा निर्भर रहन्छ। अदालत प्रेषित मेलमिलापलाई अझ बढि प्रभावकारी बनाउन के गर्नु पर्ला भनी अध्ययन समूहले मेलमिलापका नीति निर्माता, विज्ञ, प्रशिक्षक, न्यायकर्ता, मेलमिलापकर्ता, व्यवस्थापक, कानून कार्यान्वयन कर्ता, सहजकर्ता, अभियान्ता, लेखकहरुसंग अन्तर्वार्ता/छलफल गरेको थियो। सोहि छलफलमा भएका सम्बादका अंशहरु देहाय बमोजिम रहेका छनः

(क)प्रथम अन्तर्वार्ता

(१) मेलमिलाप सम्बन्धी जानकारी एवं हेल्पडेक्सको व्यवस्था हुनु पर्ने

(२) मेलमिलाप कर्ताको अगल्गै ड्रेशकोड हुनुपर्ने

(३) सवै अदालतका मेलमिलापकेन्द्रहरुमा मेलमिलापकर्ताको फोटो र संक्षिप्त परिचय सहित खुल्ने गरि सेवाग्राहीले देख्ने गरि सुचिकृत गरिएका रोष्टर राखिनु पर्ने

(४) मेलमिलापको छलफलका गारी समयावधि बढाउनुपर्ने तथा सवै मेलमिलापकर्ताहरुलाई समान अवसर प्रदान गर्ने वातावरण मिलापउनु पर्ने।

(५) मेलमिलाप केन्द्रको भौतिक संरचना व्यवस्थित गरिनु पर्ने। साथै समय समयमा पुनर्ताजगी तालिम निरन्तर प्रदान गर्नुपर्ने।

(ख)दोश्रो अन्तर्वार्ता

(१) मेलमिलापको छलफलमा विवादका पक्षहरु स्वयम् उपस्थित हुनुपर्ने वातावरण निर्माण गरिनु पर्ने

(२) अदालत प्रेषित मेलमिलापको प्रभावकारीताका निम्ति नियमित सरोकारवालाहरु

अदालत बार श्रीमान एवं विवादका पक्षहरु विच बैठक एव अन्तर्क्रिया गरिनु पर्ने

(३) मेलमिलापको छलफलको समय प्रयाप्त प्रदान गरिनु पर्ने

(४) सम्बन्धित अदालतको कर्मचारी स्वय मेलमिलापकर्ता भई सेवा प्रदान गर्न नहुने, दोहोरो भुमिका देखिने तथा समय व्यवस्थापन गर्न नसकिने

(५) मेलमिलापको फाईदा र महत्व र प्रक्रियाको विषयमा विवादका पक्षहरुलाई मुद्दा दायर गर्ने शुरुवातकै समयमा मेलमिलापको विषयमा क्षमता अभिवृद्धि गरिनुपर्ने वा इजलासबाट नै यस विषयमा जानकारी एवं प्रोत्साहन गरिनु पर्ने

(६) मेलमिलाप प्रक्रियामा स्वयं उपस्थित नभए तारेख गुज्रने कानूनी व्यवस्था मिलाउनु पर्ने।

(ग) तेश्रो अन्तर्वार्ता

(१) मेलमिलाप हुन सक्ने मुद्दाहरू मेलमिलाप केन्द्रमा पठाउनु भन्दा अघि मुद्दा फाँट, मेलमिलाप केन्द्र र रजिष्ट्रारबाट मेलमिलाप प्रक्रिया र फाईदाका विषयमा जानकारी गराउने

(२) इजलासबाट मेलमिलाप हुन सक्ने मुद्दा मेलमिलापका लागि पठाउने र मेलमिलापका लागि पक्षहरूलाई प्रेरित गर्ने

(३) प्रशिक्षण तथा सक्षमता विकास कार्यक्रम संचालन गर्ने,

(४) अदालत, स्थानीय तह र समुदायविच समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने,

(५) सूचना र प्रविधिको अधिकतम प्रयोग गर्ने अर्थात E-Meditation मा जोड दिने,

(६) वस्तुनिष्ठ अनुगमन तथा मूल्याङ्कन पद्दतिमा जोड दिने

(७) अनुगमन र मूल्याङ्कनका आधारमा तालिम प्रदायक संस्थाहरूलाई नविकरण गर्ने,

(८) मेलमिलाप पद्दतिलाई लाभ र लागत पद्दतिमा आबद्ध गर्ने,

(९) कमजोर भौतिक अवस्थालाई आर्थिक, भौतिक तथा प्राविधिक पक्षमा सुधार ल्याउने

(१०) डिजिटल मेलमिलापको व्यवस्था गर्ने,

(११) भिडियो कन्फरेन्सिङ प्रणालीको माध्यमबाट मेलमिलापको व्यवस्था गर्ने,

(१२) मोबाईल एप्सको विकास गर्ने, ड्यासबोर्ड र अनुगमन प्रणालीको विकास गर्ने

(१३) डिजिटल गोपनियता र साइवर सुरक्षा मापदण्ड बनाउने,

(१४) मुद्दा हेर्ने निकाय समक्ष दायर भएको मुद्दामा प्रतिउत्तर वा लिखित जवाफ परि

दुवै पक्ष उपस्थित भएपछि सर्वोच्च अदालतको हकमा रजिष्ट्रार, जिल्ला अदालतको हकमा श्रेस्तेदार र अन्य मुद्दा हेर्ने निकायको हकमा सो निकायका प्रमुखले सुरुमै मेलमिलाप प्रयोजनका लागि आदेश दिन सक्नेछ भन्ने व्यवस्था गर्ने। साथै, पहिलो पटक मुद्दा पेशी चढाउँदा मेलमिलाप भए सो बमोजिमको मिलापत्र कागज र मेलमिलाप हुन नसकेमा सो बमोजिमको प्रतिवेदन साथै राखी पेश गर्ने व्यवस्था गर्ने,

(१५) मेलमिलापकर्ताको छनोट गर्दा विविधता सुनिश्चित गर्नुपर्ने व्यवस्था थप्नुपर्ने। मेलमिलाप प्रकृयाको प्रारम्भ गर्दाको बखतमै मेलमिलापकर्ताले पालना गर्नुपर्ने आचरणका सम्बन्धमा लिखित रुपमै मेलमिलापका पक्षहरूलाई जानकारी दिनुपर्ने व्यवस्था थप्नुपर्ने।

(घ) चौथो अन्तर्वार्ता

(१) मेलमिलाप हुन सक्ने विवादहरुलाई बढी भन्दा बढी मात्रामा मेलमिलाप केन्द्रमा पठाउनु पर्ने

(२) सूचीकृत मेलमिलापकर्ताहरुलाई बेला बखत पुर्नताजगी तालिम प्रदान गर्नु

(३) मेलमिलाप केन्द्र लाई व्यवस्थित रुपमा संचालन गराउन उचित प्रबन्ध गर्नु पर्ने

(४) मेलमिलाप केन्द्रमा रहनु हुने कर्मचारी वर्गलाई समेत मेलमिलापको बारेमा यथार्थ जानकारी गराउनु पर्ने

(५) सूचीकृत मेलमिलापकर्ताहरुलाई मेलमिलापकर्ताको आचार संहिताको बारेमा सम्बन्धित अदालतको श्रेस्तेदार र रजिष्ट्रारबाट बेला बखत उचित निर्देशन/सहजीकरण गर्ने वा गराउने प्रबन्ध मिलाउनु पर्ने

(६) मेलमिलापकर्ताले मेलमिलापको छलफल प्रक्रियामा रहदा पुर्ण रुपमा समय प्रदान गर्नु पर्ने

(७) प्रदेश स्तरमा सकिन्छ भने कम्तिमा एक जिल्लामा एउट मेलमिलाप केन्द्र जिल्लागत हिसाबले रहने गरी नमूना मेलमिलाप केन्द्र संचालनमा ल्याउन स्थानीय सरकारसंग समन्वय गरी उक्त मेलमिलाप केन्द्र स्थापना गराई सोही केन्द्रबाट विवाद छलफल गर्ने गराउने।

(ङ) पाँचौं अन्तर्वार्ता

(१) मेलमिलापकर्ताको पारिश्रमिक दोब्बर बनाउनु पर्ने
(२) मेलमिलापकक्षलाई भौत्तिक स्रोत सामाग्रि उपलब्धता र प्रविधिमैत्री अभिलेखीकरण तथा व्यवस्थित गरिनु पर्ने र वातावरण सुधार गरिनु पर्ने
(३) मेलमिलापकर्ताको ड्रेस कोड निर्धारण गरिनु पर्ने
(४) विवादका पक्षहरु जुटेको पहिलो दिनमा नै अदालत प्रशासन श्रेस्तेदारमार्फत मेलमिलापमा पठाउनु पर्ने
(५) सशुल्क तथा निशुल्क मेलमिलापकर्ताको सूचीकरण गरि अनुभव र सेवारतको आधारमा बर्गिकरण गरिनु पर्ने
(६) अदालतको मेलमिलापकेन्द्रका कर्मचारी स्वयं मेलमिलापकर्ता हुन नहुने
(७) मेलमिलापको सन्दर्भमा समयसमयमा विभिन्न आवश्यक छलफल निरन्तर गरिनु पर्ने
(८) आम सञ्चार माध्यमबाट मेलमिलाप पद्दतिको प्रचारप्रसार गरिनु पर्ने।

(च) छैठौं अन्तर्वार्ता

(१) वारेसमात्रसंग मेलमिलाप हुन नसक्ने भएका यस्तो परिस्थितीमा मुद्दा मेलमिलापका लागि प्रेषित गर्नु हुँदैन
(२) अनलाईन प्रणालीको शुरुवात गर्न अदालतले सक्रियता देखाउनु पर्ने
(३) विज्ञ प्रशिक्षकलाई मात्र प्रशिक्षकको अनुमति दिनु पर्ने।

(छ) सातौं अन्तर्वार्ता

(१) कर्मचारी र कानून व्यवसायीले मिल्नका लागि वा नमिल्का लागि जोड दिने गरेको पाईन्छ अदालतले निगरानी गर्नु पर्ने हुन्छ
(२) विज्ञको रोष्टरबाट मात्र प्रशिक्षक छनौट गर्ने प्रणाली विकास गर्नु पर्ने
(३) अदालत बाहिरका मेलमिलापकेन्द्रमा मुद्दा मेलमिलापका लागि पठाउने व्यवस्था अवलम्बन गर्नु पर्ने
(४) पक्षलाई सहजै अदालतमा आउने र मेलमिलाप गर्न सहजिकरणको व्यवस्था अदालत प्रशासनबाट हुनु पर्ने।

(ज) आठौं अन्तर्वार्ता

(१) मेलमिलापकेन्द्रको भौतिक पूर्वाधारमा सुधार ल्याउनु पर्ने

(२) पुनरावेदन परेको मुद्दामा पक्षको उपस्थिति अनिवार्य नहुने अवस्थामा मेलमिलापका लागि पक्षलाई अदालतमा हाजिर गराउन नसकिने भएकाले अनलाईन वा अन्य व्यवस्थाको खोजि गर्नु पर्ने

(३) मेलमिलापको पारिश्रमिक समयानुकुल गराउनु पर्ने

(४) कानून व्यवसायीले मेलमिलापलाई मुद्दा लम्बाउने माध्ययम बनाएकोमा इजलासले सो कार्यलाई निरुत्साहित गर्नु पर्ने।

(झ) नवौं अन्तर्वार्ता

(१) कानून व्यवसायी र अदालतकै कर्मचारी मेलमिलापकर्ता हुँदा उनीहरुको मनोमानी तथा वाहुल्यताले अदालत प्रेषित मेलमिलाप धर्मराएको छ, तसर्थ मेलमिलापकर्ताको भूमिकामा उनीहरुको संलग्नता बाहेक गर्नु पर्दछ

(२) मेलमिलापकर्ता उत्पादन गर्ने र क्षमता विकास गर्ने कार्यलाई बिशेष ध्यान दिनु पर्ने

(३) न्यायाधीशको भूमिका बढाउँदै लैजाने र न्यायाधीश सम्मिलित मेलमिलापलाई स्थापित गर्नु पर्ने

(४) कानून व्यवसायीले आफ्ना पक्षलाई मेलमिलापको व्यवस्था बारे जानकारी दिने र उत्प्रेरणा दिनु पर्ने अनिवार्य व्यवस्था लागू गर्नु पर्ने

(५) अदालत भित्रै मेलमिलापकेन्द्र हुँदा पक्षलाई मेलमिलाप प्रकृयासमेत अदालती काम कारवाहीको एक पक्षको रुपमा लिने गरेकोले अदालत बाहिरका केन्द्रहरुलाई संस्थागत गरी मेलमिलाप गराउने पद्दति विकास गर्नु पर्ने।

(ञ) दशौं अन्तर्वार्ता

(१) मेलमिलापलाई विशिष्टकृत गर्दै लैजानु पर्ने जस्तैः पारिवारिक, करार लेखदेन, वहाल

(२) विशिष्टिकृत मेलमिलापको छुट्टाछुट्टै कार्यविधि बनाउनु पर्ने

(३) मेलमिलापकर्तालाई विशिष्टिकृत प्रशिक्षण दिई सोहि बमोजिमको रोष्टर निर्माण गर्नु पर्ने

(४) पक्षहरुको मेलमिलापको प्रयास गर्ने सहमती पश्चात मात्र मेलमिलापमा पठाउने आदेश गर्नु पर्ने

(५) प्रशिक्षणको पाठ्यक्रम व्यवहारीक बनाउँदै लैजानु पर्ने

(६) न्यायाधीशलाई मेलमिलाप प्रकृयामा समेत अग्रसर गराउने नीति लिनु पर्ने

(७) न्यायाधीश कर्मचारीलाई मेलमिलापको व्यहारिक तालिम दिनु पर्ने।

(ट) एघारौं अन्तर्वार्ता

(१) मेलमिलाप सम्बन्धी स्पष्ट कानूनी आधार बनाइनुपर्छ, विशेष गरी अदालतबाट विवादलाई मेलमिलापमा पठाउदा -अदालत भित्रको मेलमिलाप केन्द्र वा संस्थाबाट सञ्चालित मेलमिलाप केन्द्र वा सामुदायिक मेलमिलाप केन्द्र प्रक्रिया, दायित्व र निर्णयको मान्यता सम्बन्धी प्रावधानहरू स्पष्ट गर्नुपर्छ

(२) निश्चित प्रकृतिका विवादहरु जस्तैः पारिवारिक, श्रम, देवानी मा प्रारम्भिक चरणमा अनिवार्य मेलमिलापको व्यवस्था गरिनुपर्छ

(३) मेलमिलापकर्ताहरुलाई नियमित रुपमा कानूनी, मनोवैज्ञानिक र संवाद तथा सहजिकरण सिप सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिइनुपर्छ

(४) निश्चित संख्या तोकि न्युनतम तोकिएको विवाद संख्या मेलमिलाप गर्न नसक्ने मेलमिलापकर्तालाई मेलमिलाप कार्यमा निरन्तरता दिनु हुँदैन

(५) मेलमिलापको लाभ र प्रक्रियाबारे सर्वसाधारणलाई मेलमिलाप साक्षरता कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ

(६) स्थानीय तह, सामुदायिक रेडियो, विद्यालय र नागरिक समाजमार्फत मेलमिलाप प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नुपर्छ

(७) विद्यालय स्तरको पाठ्यक्रममा मेलमिलाप विषयलाई अनिवार्य समावेश गरिनुपर्छ

(८) अदालतले मेलमिलाप योग्य विवादहरूको पहिचान गरी सो विवादहरूलाई प्राथमिकतामा राखी मेलमिलापमा पठाउनुपर्छ

(९) अदालत र मेलमिलाप केन्द्रबीच सूचना आदानप्रदान, अनुगमन प्रणाली र

पृष्ठपोषण कार्य समन्वयात्म रुपमा गर्नुपर्छ

(१०) मेलमिलाप प्रक्रिया गोपनीय, निष्पक्ष र दुबै पक्षका लागि सुरक्षित हुनुपर्छ

(११) कुनै पक्षलाई मानसिक, भावनात्मक वा कानूनी दबाब नपरोस् भन्ने सुनिश्चित गर्न आवश्यक छ

(१२) सबैभन्दा धेरै मेलमिलाप गर्ने मेलमिलापकर्तालाई प्रोत्साहन स्वरुप पुरस्कार वा सेवा सुविधाको व्यवस्था गर्नुपर्छ

(१३) विवादका पक्षहरुको अवस्था र चाहना बमोजिम मेलमिलाप गर्न अनलाइन माध्यमबाट पनि निवेदन दिन सक्ने व्यवस्था हुनुपर्ने। सोको लागि मुद्दा हेर्ने निकाय, स्थानीय तह, वा मेलमिलाप सम्बन्धी काम गर्ने संस्थाले अनिवार्य रूपमा आफ्नो वेव पोर्टलमा अनलाइन फर्म सुविधा उपलब्ध गराउनु उपयुक्त हुन्छ

(१४) Pro bono सेवामा मेलमिलापकर्तालाई जोड्नुपर्छ

(१५) स्वत स्फूर्त निशुल्क रुपमा मेलमिलाप सेवामा जोडिन चाहाने मेलमिलापकर्तालाई अदालतले Pro bono सेवाको रोष्टर तयार गरी सेवा लिनु उपयुक्त हुन्छ

(१६) अदालत प्रेषित मेलमिलापको प्रभाव मूल्यांकन गर्नुपर्छ 'कुन मुद्दा मेलमिलापमा गएर टुंगियो, किन मेलमिलाप हुन सकेन, सुधारका उपाय के हुन सक्छन् भनि नियमित अनुगमन मूल्यांकन र पृष्ठपोषण दिइनुपर्छ

(१७) विवाद अदालतमा दर्ता गर्नु पूर्व र दर्ता भई विचाराधीन रहेको समयमा पनि कानून व्यवसायीलाई मेलमिलाप मैत्री बन्न अदालतले प्रेरित गर्नुपर्छ

(१८) मेलमिलाप प्रकृयाको अनुगमन समिति गठन गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्छ।

(ठ) बाह्रौं अन्तर्वार्ता

(१) विगतमा मेलमिलाप अभियानको रुपमा सुरु गरिएको प्रभावले आजको अवस्थामा आएको अदालत प्रेषित मेलमिलाप कार्यको थप प्रभावकारीताका लागि पुनः अभियानमूलक रुपमा मेलमिलाप कार्यलाई अगाडि बढाउनुपर्ने आवश्यकता देखिन्छ जो हाल सुष्त गतिमा अगाडि बढेको देखिन्छ

(२) तालिमको प्रचुरता भएपनि त्यसको प्रभावकारीता कम देखिन्छ। मेलमिलाप तालिम दिने प्रशिक्षक दक्ष नहुँदा तालिमबाट जुन सिपको विकास हुनुपर्ने हो सो नहुँदा मेलमिलाप असफल भएको हुनक्ने अवस्थाको विद्यमानता रहेकोले दक्ष प्रशिक्षकबाट प्रभावकारी तालिम भयो या भएन पूर्व अनुसन्धान हुनु आवश्यक छ

(३) मेलमिलापकर्ताको कार्य क्षमता तथा नैतिकतामा समय समयमा प्रश्न उठेको हुनाले त्यसको अनुगमन र नियमनमा नियमनकारी निकायको सक्रियता बढाउनु जरुरी छ

(४) मेलमिलापकर्ताको ओपचारिकतामा सीमित रहेको तथ्यलाई प्रभावकारीताको नियमन गर्नुपर्ने

(५) समय समयमा मेलमिलाप कार्यको समिक्षात्मक गोष्ठी विचार गोष्ठी वर्कसप सञ्चालन गरिनु मनासिव देखिन्छ

(६) एकै किसिमको मेलमिलापकर्ता पटक पटक मेलमिलापकार्यमा असफल हुँदा समेत दोहोर्याउने प्रवृत्तीले प्रभावकारी मेलमिलाप नभएकोले अदालत प्रेषित मेलमालपलाई Case reffered गरी सफल मेलमिलापकर्ताको बीच पुर्याउनुपर्छ

(७) मेलमिलापकर्ताको Approach more Professional हुनुपर्छ । ठाउँ समय समेतको उचित व्यवस्थापनको अभाव रहेकोले मेलमिलापकेन्द्र व्यवस्थापनमा विशेष जोड दिनुपर्दछ

(ड) तेह्रौं अन्तर्वार्ता

(१) न्यायाधीशहरुमा मेलमिलाप सम्वन्धी अवधारणा र विषयको सचेतना, (सबैमा नरहेको)

(२) कानून व्यवसायीहरुको संदेहस्पद भूमिका, मेलमिलाप हुँदा आफ्नो रोजीरोटी सकिने धारणा

(३) संकूर्ण विचारले गर्दा पक्षलाई हतोत्साही गर्ने गरेकाले निजहरुको भूमिकामा सुधार (सबैमा लागू नहुने)

(४) मेलमिलाप कार्यमा पक्ष स्वयंको प्रतिनिधित्व हुनुपर्ने (कानून व्यवसायी वा वारिसबाट हुँदा प्रभावकारी हुन नसकेको)

(५) सुविधा सम्पन्न मेलमिलाप कक्षको अभाव, भौतिक संरचनामा सुधार

(६) सेवाको भावना सहित व्यवसायिक बनाउनु पर्ने

(७) मेलमिलापकर्ताले यथेष्ट समय प्रदान गर्नुपर्ने। (पारिश्रमिकको निश्चितता नभएकोले कम समय दिने गरेको पाइएको)

(ढ) चौधौं अन्तर्वार्ता

(१) अदालतमा दर्ता हुने देवानी तथा फौजदारी प्रकृतिका मेलमिलाप योग्य मुद्दाहरूलाई सुरुवाती चरणमै अदालतमा मुद्दा दर्ता गर्नुअघि वा प्रारम्भिक सुनुवाइमै मेलमिलापलाई अनिवार्य गरिनुपर्छ। यसले अदालतको भार कम गर्न र विवादलाई छिटो समाधान गर्न मद्दत गर्नेछ

(२) विवाद मेलमिलापका लागि पठाउँदा अदालत परिसरमा रहेको मेलमिलाप केन्द्र, सम्बन्धित पक्ष रहेको स्थानीय तहमा अवस्थित मेलमिलाप केन्द्र, वा मेलमिलाप कार्यका लागि सूचिकृत संस्थाहरूको केन्द्रमार्फत् प्रक्रिया अघि बढाउने व्यवस्था सुनिश्चित गरिनुपर्छ

(३) देशभरका अदालतहरूमा र अदालतबाहिर पनि पर्याप्त मेलमिलाप केन्द्रहरू स्थापना गरिनुका साथै तिनलाई पूर्वाधार, जनशक्ति र प्रविधि लगायतका पक्षबाट सुदृढ र सुविधासम्पन्न बनाइनुपर्छ

(४) मेलमिलाप प्रक्रियामा डिजिटल प्रविधिको समावेश गरी अनलाइन माध्यमबाट श्रव्य-दृश्य संवाद (जस्तै, भिडियो कन्फरेन्स) मार्फत छलफल सञ्चालन गर्न सकिने व्यवस्था प्रभावकारी रूपमा लागू गरिनुपर्छ। अनलाइन मेलमिलापलाई आधिकारिक रूपमा अंगीकरण गरी, भिडियो कन्फरेन्स, डिजिटल दस्तावेज व्यवस्थापन, र ई-हस्ताक्षरको प्रयोग गरिनुपर्ने

(५) सबै तहका अदालतहरूमा कार्यरत मेलमिलाप केन्द्रका कर्मचारीहरूको सीप अभिवृद्धिका लागि नियमित तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनुपर्छ

(६) मेलमिलापकर्ता, केन्द्रका कर्मचारी, मेलमिलाप परिषद्, बार एसोसिएसन तथा न्यायाधीशहरूबीच नियमित समीक्षा तथा सिकाइको आदान—प्रदानका कार्यक्रमहरू सञ्चालन गरिनुपर्छ

(७) अदालत—प्रेषित मेलमिलापको प्रभावकारिता, परिणाम, र पक्षहरूको सन्तुष्टि

मूल्याङ्कन तथा कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको सम्बन्धमा नियमित अनुसन्धान गर्नुपर्छ। प्राप्त तथ्यांकका आधारमा नीति, कानून र अभ्यासमा समयानुकूल पुनरावलोकन, परिमार्जन तथा आवश्यक नयाँ कानून निर्माण गरिनुपर्छ, साथै अन्तर्राष्ट्रिय स्तरमा मेलमिलापका सफल अभ्यासहरू र नवीनतम प्रविधिहरूको अध्ययन गरी नेपालको सन्दर्भमा लागू गर्न सकिने पक्षहरू पहिचान गर्नुपर्छ।

(८) मेलमिलाप प्रक्रियालाई व्यावसायिक रूप दिन, सशुल्क र निःशुल्क सेवा दिने मेलमिलापकर्ताको दर्ता (रोष्टर) प्रणाली विकास गरिनुपर्छ

(९) मेलमिलापकर्ताहरूको क्षमता तथा आचारसंहिताको अनुपालन सम्बन्धमा नियमित अनुगमनको व्यवस्था गरिनुका साथै गुनासो सम्बोधन गर्ने संयन्त्रलाई प्रभावकारी बनाइनुपर्छ

(१०) मेलमिलापसम्बन्धी ऐन तथा नियमावलीमा व्यवस्था भएबमोजिम सम्पूर्ण जिल्लामा मेलमिलाप अनुगमन समितिको गठनका साथै समितिको भूमिका प्रभावकारी बनाइनु पर्छ

(११) मेलमिलापको महत्त्व, फाइदा र प्रक्रियाबारे जनमानसमा व्यापक जनचेतना फैलाउन विविध सञ्चार सामग्री तयार गरी प्रचारप्रसारको कार्य विस्तार गरिनुपर्छ। यसका लागि सञ्चार माध्यमहरू, विद्यालयका पाठ्यक्रमहरू र समुदायमा आधारित कार्यक्रमहरूको प्रयोग गर्न सकिन्छ। साथै मेलमिलापको माध्यमबाट सफलतापूर्वक समाधान भएका विवादका कथाहरूलाई सार्वजनिक गर्न सकिएको खण्डमा यसले जनविश्वास बढाउन मद्दत गर्नेछ

(१२) पारिवारिक, व्यापारिक, जलविद्युत तथा प्राकृतिक स्रोत सम्बन्धी विवादमा मेलमिलापको विशेषज्ञता अभिवृद्धिका लागि परिषददबाटट विषयगत पाठ्यक्रम तयार गरी लक्षित तालिम सञ्चालन गरिनुपर्छ

(१३) कानून मन्त्रालय, संघीय मामिलाप तथा सामान्य प्रशासन मन्त्रालय, सर्वोच्च अदालत, नेपाल बार एसोसिएसन, मेलमिलाप परिषद र अन्य सम्बन्धित सरकारी निकायहरूबीच मेलमिलाप प्रवर्द्धनका लागि प्रभावकारी समन्वय हुनुपर्छ। यसका साथै मेलमिलाप प्रबर्द्धनमा क्रियाशील गैरसरकारी संस्थाहरूसँग सहकार्य गर्नुपर्छ। स्थानीय तहमा रहेका न्यायिक समितिहरूलाई समेत मेलमिलापको महत्त्व र प्रक्रियाबारे तालिम दिई

उनीहरूलाई प्रारम्भिक चरणका विवादहरूमा मेलमिलापलाई प्रोत्साहन गर्न सक्षम बनाइनुपर्छ।

(ण) पन्ध्रौं अन्तर्वार्ता

(१) मेलमिलापको कार्य विवाद दर्ता हुनु अघि, विवाद दर्ता हुनासाथ, सुनुवाइको प्रकृया प्रारम्भ भएपछी, पुनरावेदनको रोहमा वा फैसला कार्यान्वयनको रोहमा प्रारम्भ भएको मानिन्छ। विवाद समाधानका लागि मेलमिलापकर्ता छनौटबाट आरम्भ हुने मेलमिलाप गतिविधिबाटै मेलमिलापको सफलता र असफलताको यात्रा शुरु हुन्छ। सामुदायिक मेलमिलापमा मेलमिलाप सम्बन्धी ऐनको दफा ५ तथा नियमावलीको नियम १८ बमोजिम विवादका पक्षले एकजना मेलमिलापकर्ता नरोजी एक-एक जना रोजेमा रोजिएका मेलमिलापकर्ताको सहयोगमा तेस्रो मेलमिलापकर्ता छनौट गरिने अभ्यासले निरन्तरता पाएको छ। स्थानीय तहमा हुने मेलमिलापमा सामुदायिक मेलमिलापकै अभ्यास अनुरुप ३ जना मेलमिलापकर्ताले मेलमिलाप गराउनु पर्ने विधि स्वीकार गरिएको छ। तर अदालतमा हुने मेलमिलापमा पक्षले बेग्लाबेग्लै मेलमिलापकर्ता रोजेको भएता पनि पक्षलाई एकजना रोज्न दवाव दिने दुई जना रोजिएको अवस्थामा नरोजिएको तेस्रोलाई स्विकार्न बाध्य पार्ने वा रोजिएका दुई जना मध्ये गोलाप्रथाद्वारा एकजनाको छनौट गर्ने कानुन र मेलमिलापको सिद्धान्त विपरितको प्रचलनलाई अंगालिएको छ। पक्षबाट स्वेच्छा पूर्वक नरोजिएको मेलमिलापकर्ताले मेलमिलाप गर्नु मेलमिलाप सिद्धान्त विपरित मानिन्छ।

(२) मेलमिलाप सम्बन्धी ऐनको दफा ३६ बमोजिम मेलमिलापको प्रकृया अपनाउन विवादको पक्ष स्वयं उपस्थित भएमा मात्र विवादको समाधान निस्कन्छ । मेलमिलाप नियमावलीको नियम १७ मा पक्षलाई नै झिकाउनु पर्ने व्यवस्था छ। कानून बमोजिम वारेसले मिलापत्र गर्न सक्छ तर मेलमिलापको प्रकृयामा विवादको पक्षलाई आफै उपस्थित गराई वा नियमावलीको नियम २३ (४) बमोजिम टेलिफोन, भिडियो कन्फ्रेन्सबाट मेलमिलापको कार्य हुन सक्छ। मेलमिलाप नियमावलीको नियम १७ (२) बमोजिम मेलमिलापको कार्यमा सम्मिलित हुन बेग्लै अख्तियारनामा चाहिने व्यवस्थालाई नजरअन्दाज गरि पुरानै वारेसबाट मेलमिलापको प्रकृया सञ्चालन गर्ने

गरेको पाइन्छ। यसरी कानूनमा मेलमिलाप कार्यमा पक्षको उपस्थिति गराउनु पर्ने कुरामा मुद्दा हेर्ने निकाय समेतको बेवास्ताले मेलमिलापमा सफलता घटेको छ।

(३) ऐनको दफा ४३, नियमावलीको नियम ५३ (१) र अनुसुची १६ बमोजिम मेलमिलापकर्ताले मेलमिलापको प्रकृयाबाट विवादको समाधान गरेको भएमा सामुदायिकमा बढीमा पाँच सय र अन्यमा दश हजार सम्म पारिश्रमिक लिन पाउने व्यवस्था रहेको छ। अदालतबाट मेलमिलापको लागि पठाईएका विवादमा मेलमिलापकर्ताले प्रारम्भमै पक्षहरुबाट पाँच पाँच हजार पारिश्रमिक लिने गरेकोमा हाल आएर प्रत्येक बैठकको पाँच पाँच हजार पारिश्रमिक लिने गरेको गुनासो सुनिएको छ। बढी पारिश्रमिक लिनु पनि कानून विपरितको कार्य हो र यसलाई कानूनद्वारा समय सन्दर्भ र अवस्था अनुसार परिमार्जन गरिनु पर्ने र मौजुदा कानुनलाई पालना गर्ने र कानुन विपरितका कृयाकलाप निरुत्साहित गरिनु पर्दछ। यातायात खर्च वापत सरकारबाट प्रोत्साहन स्वरुप पाउने प्रत्येक बैठकको पाँच सय (बढिमा ३ बैठक) र मेलमिलाप सफल भएमा थप एकहजार पाउने व्यवस्था पारिश्रमिक नपाउने समय देखि चलिआएको छ। पारिश्रमिक पाएको अवस्थामा यो प्रवन्ध निरुत्साहित गरिए प्रोबोनो मेलमिलाप गर्नेलाई प्रोत्साहन भत्ता दिनेगरी यसलाई रुपान्तरण गर्न सकिन्थ्यो।

(४) मेलमिलापमा ऐनको दफा १६ तथा नियम २५ बमोजिम अनुसूची ९ बमोजिमको ढाँचामा मेलमिलाप सहमतीपत्र लेख्नु पर्छ र त्यस्तो मेलमिलापको कागज मुद्दा हेर्ने निकायमा पठाउनु पर्ने सम्बन्धी व्यवस्था छ। मेलमिलाप भएमा अनुसूची ९ बमोजिमको ढाँचामा सहमती पत्र तैयार गरी र सहमती नभएमा सहमती हुन नसकेको कारण समेत खुलाई अनुसूची १० को ढाँचामा सम्बन्धीत निकायमा पेश गर्नु पर्ने व्यवस्था नियम ३३ मा गरिएको छ। मेलमिलाप गर्न पक्षको सहमती भएमा अनुसूची ९ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्ने कुरालाई हाल सम्म अदालतबाट स्विकारिएको वा मेलमिलापकर्ताबाट पठाईएको पाईंदैन। मेलमिलाप हुन नसकेमा कारण खुलाई प्रतिवेदन पेश गर्ने कुरा नियमावलीमा लेखिएको भएता पनि अनुसूची १० मा दिईएको ढाँचालाई हेर्दा प्रकृया अघि बढ्न नसकेको कारण मात्र उल्लेख गर्ने भनिएको छ। मेलमिलापमा भएका सबै कुराहरु गोप्य हुन्छन्। मेलमिलापमा सहमती नभएमा त्यस्ता गोप्य राख्नु पर्ने कुरालाई मेलमिलाप हुन नसकेको कारणको रुपमा खुलाउनु पर्छ भन्ने अर्थमा उक्त व्यवस्थालाई बुझ्नु हुँदैन। मेलमिलापमा वादी दावी भन्दा बाहिर गएर वा शर्त सहित सहमती कायम हुन सक्छ। अदालतले फैसला गर्दा बादी दावी भन्दा वाहिर गएर गर्नु हुँदैन तर मेलमिलापमा पक्षलाई यो बन्देज हुँदैन। कानुनले निर्धारण गरेको

प्रकृया बमोजिम मेलमिलापको सहमतीपत्र तैयार नगर्नु पनि मेलमिलाप कानुनको बेवास्ता हो।

(५) मेलमिलापकर्ताले आचारसंहिता पालन गर्न मेलमिलाप कक्षको पनि त्यत्तिकै भूमिका हुन्छ। हाम्रो अदालतमा मेलमिलापको लागि मेलमिलापकक्षको पर्याप्त व्यवस्था भएको पाईंदैन। मेलमिलाप कक्ष मेलमिलाप मैत्री र आवश्यक समय सम्म उपलब्ध हुनुपर्ने हुन्छ। मेलमिलाप गर्ने एउटै कोठामा एकै दिनमा धेरै विवादमा मेलमिलाप गर्न पक्षलाई तारेख तोकिएको हुन्छ। मेलमिलापकर्ताले मेलमिलापको प्रकृया अपनाउन आवश्यक पर्ने समय नपाउने भएकाले मेलमिलापको कार्य प्रभावित भएको पाइन्छ। मेलमिलापकर्ताले ऐनको दफा १२ बमोजिम मेलमिलापकर्ताले पालन गर्नु पर्ने कुराहरु, दफा १२ (छ) बमोजिम मेलमिलापकर्ताको आचारसंहिता पालन गर्नुपर्ने, दफा ४१ बमोजिम मेलमिलापकर्ताले सहजकर्ताको रुपमा मात्र काम गर्नुपर्न सम्बन्धी व्यवस्थाका साथै ऐनको दफा ३७ को मेलमिलापको प्रकृया गोप्य राख्नुपर्ने कुरा, दफा ४२ को जानकारी प्रकट गर्न नहुने कुरा, दफा १५ र नियम २३, ३१ र ४० बमोजिम मेलमिलापको कार्यविधि पालन गर्नुपर्ने कुरा, नियम ३४ बमोजिम अघि जानकारी गराउनु पर्ने कुरा पनि मेलमिलापकर्ताको दायित्व भित्रका कार्य मेलमिलापकक्षको अभावमा प्रभावित हुन्छन्। सेवा प्रदायक संस्थाले मेलमिलापको लागि पर्याप्त कक्ष उपलब्ध गराउन नसक्ने हो भने; अदालत सन्निहित मेलमिलापको सट्टामा अदालत प्रेषित मेलमिलापलाई प्रश्रय दिनु पर्ने वा स्थानीय तह र अदालतमा भएका मेलमिलाप कक्षलाई विदाको दिन वा जुनसुकै समयको लागि उपलब्ध गराइनु पर्छ। मेलमिलाप कक्षको अभावलाई मेलमिलाप गराउने संस्था वा मेलमिलापकर्ता र पक्षको सहमतीमा निर्धारण गरिएको सुरक्षित स्थानमा मेलमिलाप गर्ने वातावरण बनाउनु पर्ने हो। मेलमिलाप कक्ष मेलमिलाप मैत्री नभएमा मेलमिलाप वार्ता असफल हुन्छ। स्थानीय सरकार र अदालत बीचको सहकार्यले मेलमिलाप मैत्री मेलमिलाप कक्षको व्यवस्थापन गर्न सकिन्छ। मेलमिलाप मैत्री मेलमिलाप कक्ष भएमा मेलमिलाप सेवा प्रभावकारी हुन सक्छ।

(६) ऐनको दफा १५ तथा नियम २३ बमोजिम विवाद समाधान सम्बन्धी कार्यविधि अपनाउनु पर्ने र दफा ४१ बमोजिम मेलमिलापकर्ताले सहजकर्ता बन्न सक्नु पर्छ। सहजकर्ता भनेको प्रकृयामा पक्षलाई सम्मिलित गर्न, विवादको विषय पहिचान गर्न,

विवादका पक्षहरुको अन्तरनिहित चाहना अर्थात् हित पत्ता लगाउन, हित पुरा गर्ने विकल्प खोज्न र सर्वोत्तम विकल्पको पहिल्याएर दुबैलाई सन्तुष्टि हुने गरेर सहमती सम्म पुराउने कार्य पर्दछन्। यो कार्यका लागि मेलमिलापकर्ताले पर्याप्त समय दिनु पर्छ र पक्षलाई उत्प्रेरित गरिरहनु पर्छ। मेलमिलापकर्ताको रुपमा कानुन व्यवशायीले चियाको समयको सदुपयोग गर्न छोटो समय दिने र उनीहरुको उपस्थिति मुख देखाउने कार्यमा मात्र सिमित हुने गरेको गुनासो छ। मेलमिलापकर्ताको नाममात्रको संलग्नता पनि मेलमिलाप असफल हुने कारण हो। यसको सम्बोधन गरिनु पर्छ।

(७) मेलमिलाप परिषद् र जिल्ला मेलमिलाप अनुगमन समितिबाट मेलमिलाप सम्बन्धी कामको अनुगमन हुन सकेको छैन। मेलमिलापको तालिम पश्चात प्रशिक्षकले मेलमिलाप सत्रको अनुगमन गरेर मेलमिलापकर्तालाई पृष्ठपोषण गर्ने पद्धति अवलम्बन गर्न सकिएको छैन। समय समयमा मेलमिलापका गतिविधि र मेलमिलाप सत्रको अनुगमन गर्दा मेलमिलापकर्तालाई प्रकृया अपनाउन दवाव पर्ने र जे गरेपनि हुन्छ भन्ने भावना हटाउन सहयोग पुग्छ। मेलमिलापको अनुगमनले पनि मेलमिलाप सेवालाई प्रभावकारी बनाउन ठूलो भूमिका खेल्छ।

(८) मेलमिलापकर्ताको रुपमा संलग्न हुने व्यक्तिलाई मेलमिलाप प्रकृयाको वारेमा राम्रो जानकारी हुनुपर्छ। मेलमिलापको तालिममा सिकाएका कुरा समयसँगै विस्मृतिमा जान्छ। मेलमिलापकर्ताले हरेक वर्ष पुनर्ताजगी तालिममा सहभागी हुन पाउने अवस्थाको सुनिश्चितता नहुँदा मेलमिलापको प्रकृया र परिणाममा फरक पर्दछ। ज्ञान र सीपलाई तिखार्न र खिया लाग्नबाट जोगाउन हरेक मेलमिलापकर्ताले प्रकृयाको वारेमा पुनर्ताजगी तालिम पाउने व्यवस्था मिलाउनु मेलमिलाप सेवा प्रदायक संस्थाको दायित्व हुनु पर्छ। मेलमिलापको वारेमा अद्यावधिक जानकारी नभएमा आचारसंहिता पालना गर्न पनि कठिन हुन्छ। नेपालमा कार्यरत मेलमिलापकर्तालाई सक्षम बनाउने र आचारसंहिता पालन गर्न प्रतिवद्ध बनाउन आवधिक तालिमलाई मेलमिलाप परिषदबाट अनिवार्य गरिनु पर्छ। सबै सूचीकृत मेलमिलापकर्तालाई आवधिक तालिम गर्न सकिए मेलमिलापको सफलता बढाउन सकिन्छ।

## ६.३ विभिन्न प्रकाशनबाट प्राप्त तथ्याङ्क र सूचनाको प्रस्तुती र विश्लेषण

(क) अदालतहरूमा मेलमिलाप केन्द्रहरूको स्थापना पश्चात् मेलमिलापमा प्रेषित मुद्दाहरूको तथ्याङ्कगत अवस्थाको लेखाजोखा देहाय बमोजिम रहेको छः

तालिका नं. ७: अदालत प्रेषित मेलमिलापको दश बर्षे अवस्था विश्लेषण

| क.स. | आर्थिक वर्ष | अदालत | मेलमिलाप हुन सक्ने मुद्दाको संख्या | मेलमिलाप को लागि पठाईएको जम्मा मुद्दा | मेलमिलाप मा पठाएको मुद्दाको प्रतिशत | सफल | असफल | जम्मा फछ्र्यौट मुद्दा | चालु | सफल प्रतिशत | असफल प्रतिशत | जम्मा सुचिकृत मेलमिलापकर्ता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०७१/०७२ | सर्वोच्च अदालत | | १५६ | | १६ | ११४ | १३० | २६ | १२.३१ | ८७.६ | ४०९ |
| | | पुनरावेदन अदालत | | १४७४ | | १२७ | ११५६ | १२८३ | १९१ | ९.९० | ९०.१ | ७१८ |
| | | जिल्ला अदालत | | ७५९७ | | १५०३ | ५६१० | ७११३ | ४८४ | २१.१३ | ७८.८ | २०९१ |
| | | **जम्मा** | | **९२२७** | | **१६४६** | **६८८०** | **८५२६** | **७०१** | **१९.३१** | **८०.६** | **३२१८** |
| २ | २०७२/०७३ | सर्वोच्च अदालत | | १८६ | | २७ | १४४ | १७१ | १५ | १५.७ | ८४.२ | ४२३ |
| | | पुनरावेदन अदालत | | १९६० | | ४०१ | १३९४ | १७९५ | १६५ | २२.३ | ७७.६६ | ५४३ |
| | | जिल्ला अदालत | | ६४३४ | | १३१९ | ४५२२ | ५८४१ | ५९३ | २२.५ | ७७.४ | १७८२ |
| | | **जम्मा** | | **८५८०** | | **१७४७** | **६०६०** | **७८०७** | **७७३** | **२२.३** | **७७.६२** | **२७४८** |
| ३ | २०७३/०७४ | सर्वोच्च अदालत | १२५६६ | १७१ | १.३६ | २६ | १२७ | १५३ | १८ | १६.९ | ८३.०१ | १०० |
| | | उच्च अदालत | २०१५६ | २९०९ | १४.४३ | ४४६ | २२४४ | २६९० | १८७ | १६.५ | ८३.४ | ४२२ |
| | | जिल्ला अदालत | ७०६५६ | ११३६८ | १६.०९ | १८८४ | ६२५७ | ८१४१ | ८११ | २३.१ | ७६.८६ | १४२४ |
| | | **जम्मा** | **१०३३७८** | **१४४४८** | **१३.९८** | **२३५६** | **८६२८** | **१०९८४** | **१०१६** | **२१.४** | **७८.५** | **१९४६** |
| ४ | २०७४/०७५ | सर्वोच्च अदालत | १३२५९ | ३२७ | २.४७ | ६४ | २२२ | २८६ | ४१ | २२.३ | ७७.६२ | ९९ |
| | | उच्च अदालत | १४२७८ | २२१४ | १५.५१ | १३४ | ८७६ | १०१० | १२०४ | १३.२७ | ८६.७३ | ३७० |
| | | जिल्ला अदालत | ७५०६३ | ९१५४ | १२.२० | १६९१ | ५७६२ | ७४५३ | १७०१ | २२.६ | ७७.३१ | १४१९ |
| | | **जम्मा** | **१०२६००** | **११६९५** | **११.४०** | **१८८९** | **६८६०** | **८७४९** | **२९४६** | **२१.५** | **७८.४** | **१८८८** |


| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | २०७५/०७६ | सर्वोच्च अदालत | १५६९८ | २६७ | १.७० | २४ | २०७ | २३१ | ३६ | १०.३ | ८९.६१ | ९९ |
| | | उच्च अदालत | २०१५७ | ३६५२ | १८.१२ | ५५३ | २६९५ | ३२४८ | ४०४ | १७.० | ८२.९ | ३९९ |
| | | जिल्ला अदालत | ७४०४७ | १७२२९ | २३.२७ | ३२८३ | ११०८० | १४३६३ | २८६६ | २२.८ | ७७.१४ | १६९३ |
| | | जम्मा | १०९९०२ | २११४८ | १९.२४ | ३८६० | १३९८२ | १७८४२ | ३३०६ | २१.६३ | ७८.३७ | २१९१ |
| ६ | २०७६/०७७ | सर्वोच्च अदालत | २०१७० | १७७ | ०.८८ | १७ | १११ | १२८ | ४९ | १३.२ | ८६.७२ | १६८ |
| | | उच्च अदालत | १२४९५ | २४६३ | १९.७१ | ४०६ | १७४६ | २१५२ | ३१२ | १८.८ | ८१.१३ | २७८ |
| | | जिल्ला अदालत | ५३१६६ | १६२८८ | ३०.६४ | २४१४ | ८५३१ | १०९४५ | ५३४३ | २२.० | ७७.९ | १४३६ |
| | | जम्मा | ८५८३१ | १८९२८ | २२.०५ | २८३७ | १०३८८ | १३२२५ | ५७०४ | २१.४ | ७८.५ | १८८२ |
| ७ | २०७७/०७८ | सर्वोच्च अदालत | ११३९७ | १४३ | १.२५ | १२ | ७९ | ९१ | ५२ | १३.१९ | ८६.८ | १६८ |
| | | उच्च अदालत | १६०२६ | १२८९ | ८.०४ | २१६ | ११९४ | १४१० | ४५८ | १५.३२ | ८४.६ | ३४५ |
| | | जिल्ला अदालत | ९२४७३ | १३८१३ | १४.९४ | २१३६ | ८०२३ | १०१५९ | ३६५४ | २१.० | ७८.९ | १३०८ |
| | | जम्मा | ११९८९६ | १५२४५ | १२.७२ | २३६४ | ९२९६ | ११६६० | ४१६४ | २०.२ | ७९.७३ | १८२१ |
| ८ | २०७८/०७९ | सर्वोच्च अदालत | १४७८१ | ४३ | ०.२९ | ५ | १६ | २१ | २२ | २३.८१ | ७६.१९ | १३२ |
| | | उच्च अदालत | १४६९१ | २८०७ | १९.११ | ३९१ | २१११ | २५०२ | ३०५ | १५.६३ | ८४.३७ | ३४० |
| | | जिल्ला अदालत | १००८४२ | २०७९२ | २०.६२ | ३४५५ | १३७४४ | १७१९९ | ३५९३ | २०.०९ | ७९.९१ | १३६० |
| | | जम्मा | १३०३१४ | २३६४२ | १८.१४ | ३८५१ | १५८७१ | १९७२२ | ३९२० | १९.५ | ८०.४ | १८३२ |
| ९ | २०७९/०८० | सर्वोच्च अदालत | १३५४३ | ११८ | ०.८७ | २० | ७९ | ९९ | १९ | २०.२ | ७९.८ | १२७ |
| | | सर्वोच्च अदालत | २२०६५ | ४२०० | १९.०३ | ४२४ | ३५५४ | ३९७८ | २२२ | १०.६६ | ८९.३ | ३६५ |
| | | उच्च अदालत | ११६३८२ | २७९१६ | २३.९९ | ४०८५ | २०४११ | २४४९६ | ३४२० | १६.६ | ८३.३२ | १४८० |
| | | जिल्ला अदालत | १५१९९० | ३२२३४ | २१.२१ | ४५२९ | २४०४४ | २८५७३ | ३६६१ | १५.८ | ८४.१ | १९७२ |
| १० | २०८०/०८१ | सर्वोच्च अदालत | १४६४६ | ९४ | ०.६४ | २० | ६० | ८० | १४ | २५.०० | ७५.०० | ९५ |
| | | उच्च अदालत | २०२५५ | ४४२० | २१.८२ | ६५५ | ३३४१ | ३९९६ | ३७९ | १६.३९ | ८३.६१ | ४८६ |
| | | जिल्ला अदालत | ११६४८५ | २८८७१ | २४.७९ | ३९४८ | २१४७४ | २५४२२ | ३४४९ | १५.५३ | ८४.४७ | १५७७ |
| | | जम्मा | १५१३८६ | ३३३८५ | २२.०५ | ४६२३ | २४८७५ | २९४९८ | ३८४२ | १५.६ | ८४.३३ | २१५८ |

*(स्रोतः सर्वोच्च अदालतको बार्षिक प्रतिवेदनहरु, आव. २०७१/०७२ देखि २०८०/०८१ सम्म)*

(ख) अदालतको मेलमिलाप केन्द्रमा मेलमिलापका लागि सिफारिस भएका विवादहरु

नेपालको कानूनले निर्देशित गरे बमोजिम सर्वोच्च, उच्च र जिल्ला अदालतमा रहेका मेलमिलाप केन्द्रमा मेलमिलाप हुन सक्ने देवानी प्रकृतिका मुद्दाहरुका साथै वाणिज्य र तोकिएका फौजदारी मुद्दाहरुमा समेत मेलमिलाप गर्न सकिने प्रावधान बमोजिम सम्बन्धित अदालतको मेलमिलाप केन्द्रमा सिफारिस भई मेलमिलाप कार्य हुँदै आएको छ। विगतमा आठ वर्षमा तीनै तहको अदालतमा मेलमिलाप प्रकृतिका दर्ता विवाद र मेलमिलापको लागि पठाईको अवस्था तलको चित्रमा देखाईएको छ।


चार्ट नं ४: बार्षिक रुपमा मेलमिलाप हुने प्रकृतिका दर्ता मुद्दा तथा मेलमिलापको लागि पठाईएको अवस्था




*(स्रोत: सर्वोच्च अदालतको बार्षिक प्रतिवेदनहरु, आव. २०७३/०७४ देखि २०८०/०८१ सम्म)*

विगत आठ वर्षको अवस्थालाई हेर्ने हो भने सबै अदालतहरूमा मेलमिलाप हुनसक्ने प्रकृतिका मुद्दाको संख्या ९,५५,२९७ रहेकोमा जम्मा १,७०,७२५ थान अर्थात् १७.८७ प्रतिशत मुद्दा मात्रै मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाएको पाइन्छ। तीनै तहको अदालतमा दर्ता भएका मेलमिलाप हुन सक्ने प्रकृतिका जम्मा विवादहरुमध्ये औसत रुपमा जिल्ला अदालतमा धेरै २०.८१ प्रतिशत मुद्दा मेलमिलापको लागि पठाईएको देखिन्छ भने उच्च अदालतमा १६.९७ प्रतिशत र सर्वोच्च अदालतमा सबैभन्दा थोरै १.१८ प्रतिशत मात्र पाईन्छ। न्यायपालिकाको पाँचौ पञ्चवर्षीय रणनीतिक योजना (२०८१/८२—२०८५/८६) ले अदालतमा दायर हुने मुद्दाहरू मध्ये मिलापत्र हुने प्रकृतिका ५० प्रतिशत मुद्दाहरूलाई मेलमिलाप प्रक्रियामा पठाउने रणनिति लिएको छ। साथै मेलमिलाप प्रक्रियामा पठाइएका ५० प्रतिशत

मुद्दामा मेलमिलापबाट विवाद समाधान गर्ने लक्ष्य समेत लिएको छ। तर विगतको अवस्थालाई मध्यनजर गर्दा अदालतमा दायर भएका मिलापत्र हुने प्रकृतिका विवादहरुलाई मेलमिलापका लागि पठाईएको अवस्था सन्तोषजनक देखिदैन। विगत १० वर्षमा मेलमिलापका लागि पठाइएका जम्मा १,८८,५३२ मुद्दा मध्ये १,५६,५८६ मुद्दा फछ्र्यौट भएकोमा जम्मा २९,७०२ थान अर्थात् १८.९७ प्रतिशत मात्रै मुद्दा मेलमिलापको प्रक्रिया मार्फत समाधान गर्न सफल भएको देखिन्छ। अदालत प्रेषित मेलमिलापको सफलताको दर तलको चित्रमा देखाईएको छ।





*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

तीनै तहका अदालतमा मेलमिलापका लागि पठाइएका मुद्दाहरु मध्ये सफलताको दर अधिक्तम २२ प्रतिशत सम्म रहेको पाईन्छ। साथै सो क्रम घट्दो क्रममा रहेको छ। गत आर्थिक वर्ष २०८०/०८१ मा सफलता प्रतिशत १५.६७ प्रतिशतमा सिमित भएको छ।

मेलमिलापवाट समाधान भएका जम्मा मुद्दाहरु मध्ये जिल्ला अदालतवाट सबैभन्दा धेरै ८६ प्रतिशत (२५,७१८ थान), उच्च अदालतवाट १३ प्रतिशत (३,७५३ थान) र सर्वोच्च अदालतको मेलमिलाप केन्द्रवाट १ प्रतिशत (२३१ थान) मुद्दा समाधान भएका छन्। यसरी हेर्दा मेलमिलापको लागि पठाइएको र मेलमिलाप प्रक्रियाबाट समाधान भएका मुद्दाको संख्या ज्यादै नै न्यून रहेको देखिएको छ। मेलमिलापको सफलताको सम्बन्धमा तीनै तहका अदालतको अवस्थालाई बिश्लेषण गर्दा जिल्ला अदालतवाट मेलमिलापका लागि पठाईएको मुद्दाको सफलताको औसत दर सबैभन्दा बढी १६.९६ प्रतिशत रहेको पाईन्छ। यसै गरि उच्च अदालतमा १३.७७ प्रतिशत र सर्वोच्च अदालतमा १३.६४ प्रतिशत औसत

दर रहेको छ। समग्रमा मेलमिलापका लागि पठाईएका मुद्दाहरुको सफलताको प्रतिशत तलको चित्रमा देखाईएको छ।




चार्ट नं ६: मेलमिलापबाट सफल मुद्दाहरु


*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

(ग) मेलमिलापकर्ता छनौट तथा विकास

मेलमिलाप सम्बन्धी ऐन, २०६८ र नियमावली, २०७० मा उल्लेख भए अनुसार योग्यता पुगेका नेपाली नागरिकले अदालतहरुमा मेलमिलापकर्ताको रुपमा सूचिकृत भई मेलमिलाप प्रक्रियामा सहजिकरण गर्न सक्ने प्रावधान रहेको छ। मेलमिलापकर्ता उत्पादनका लागि मेलमिलाप परिषद्को अलावा मेलमिलाप परिषद्ले तालिम प्रदायका संस्थाको रुपमा ४८ वटा संस्थाहरुलाई सूचिकृत गरेको छ। यी संस्थाहरुले परिषद्को निर्देशन बमोजिम मेलमिलापकर्ता उत्पादन तथा क्षमता विकासमा सक्रिय रुपमा काम गरिरहेका छन्। मेलमिलाप परिषद्ले आ.व. ०८०/८१ मा ४५९ जना मेलमिलापकर्ताको प्रमाणपत्र जारी गरेको छ भने हालसम्म ३६४७ जना (२०८१ फागुन १० गते सम्म, मेलमिलाप परिषद्) मेलमिलापकर्तालाई प्रमाणपत्र प्रदान गरेको छ।

मेलमिलाप कार्यकालागि मेलमिलापकर्ताहरुले आफू अनुकुल पर्ने अथवा पायक पर्ने मेलमिलाप केन्द्रहरुमा सूचिकृत हुन पाउँछन्। सबै निकायहरुमा मेलमिलापकर्ताहरुको कूल संख्या १३,२०७ जना रहेकामा ३९.९१ प्रतिशत महिला, ६०.०४ प्रतिशत पुरुष र ०.०५ प्रतिशत यौनिक तथा लैङ्गिक अल्पसंख्यक रहेको अवस्था छ। अदालतमा सूचिकृत भएका मेलमिलापकर्ताहरुको तुलनामा स्थानीय तहमा सूचीकृत मेलमिलापकर्ताको संख्या बढी रहेको छ। समग्र मेलमिलापकर्ताहरुमा ५३.५७ प्रतिशत ब्राम्हण क्षेत्री, ३२.३८ प्रतिशत आदिवासी जनजाती, ७.०९ प्रतिशत मधेशी, ६.१० प्रतिशत दलित ०.२१ प्रतिशत अपाङ्ग र ०.६४ प्रतिशत पिछडिएका क्षेत्रका मेलमिलापकर्ताहरु रहेका छन्।

मेलमिलापकर्ताले वार्षिक रुपमा अदालतमा सूचीकृत हुनुपर्ने प्रावधान अनुरुप तीनै तहको अदालतमा मेलमिलापकर्ताहरु सूचिकृत भई कार्यरत रहेका छन्। मेलमिलाप परिषद्को मिति २०८२ असार १० को वेभसाईटमा उल्लेख भए अनुसार आ.व. २०८१/०८२ मा तीनै तहको अदालहरुमा जम्मा २,५८५ जना मेलमिलापकर्ताहरु सुचिकृत रहेका छन् । अदालतमा रहेका मेलमिलाप केन्द्रमा विगतमा ११ वर्षमा सूचिकृत मेलमिलापकर्ताहरुको संख्यालाई तलको चित्रमा देखाईएको छ ।




*(स्रोतः सर्वोच्च अदालत बार्षिक प्रतिवेदनहरु तथा मेलमिलाप परिषद् वेभसाईट)*

(घ) तालिम सम्बन्धी व्यवस्था

मेलमिलाप सम्बन्धी ऐन, २०६८ बमोजिम गठित मेलमिलाप परिषद्ले नेपालमा मेलमिलाप प्रवर्धननको लागि नियमनकारी निकायको रुपमा रहँदै आएको छ। यसले मेलमिलापलाई प्रोत्साहन हुने कार्यक्रम सञ्चालन गर्ने, मेलमिलापको कार्यविधि सरलीकरण गर्ने, प्रचलित कानुनमा सुधार गर्न नेपाल सरकारलाई सुझाव दिने, मेलमिलापकर्ताको तालिमको पाठ्यक्रम स्वीकृत गर्ने, तालिम सञ्चालन गर्ने र

मेलमिलापसम्बन्धी सेवा दिने संस्थालाई सूचीकृत गर्ने, तालिमको गुणस्तरको अनुगमन र मूल्याङ्कन गर्ने, मेलमिलापकर्ताको काम कारवाहीको अनुगमन गर्ने लगायतका मेलमिलापसम्बन्धी अन्य कार्यहरू गर्दछ। मेलमिलाप परिषद्ले २०८२ असार १० गते सम्म मेलमिलाप सम्बन्धी तालिम प्रदायक संस्थाको रुपमा ४८ वटा संस्थालाई स्विकृती प्रदान गरेको छ भने ६ वटा संस्थालाइ मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाको रुपमा स्वीकृति दिएको छ। परिषद्ले आ.व २०८१/८२ मा मेलमिलापकर्ता उत्पादन तथा क्षमता विकासका सम्बन्धमा सञ्चालन गरिएको कार्यक्रमको विवरण तालिकामा निम्नानुसार उल्लेख गरिएको छ।

तालिका नं. ८: मेलमिलाप परिषद्वाट मेलमिलापकर्ता उत्पादन तथा क्षमता विकासका सम्बन्धमा आ.व. २०८१/०८२ मा सञ्चालन गरिएको कार्यक्रमको विवरणः

| क्र.सं | संस्था नाम | तालिम सञ्चालन भएको जिल्ला | तालिमको नाम | मिति | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | मेलमिलाप परिषद् | जनकपुर | अन्तरक्रिया कार्यक्रम | २०८१।०८।१२ | ७० |
| २ | मेलमिलाप परिषद् | पोखरा | अन्तरक्रिया कार्यक्रम | २०८१।०९।१३ | ७० |
| ३ | मेलमिलाप परिषद् | स्याङजा | अन्तरक्रिया कार्यक्रम | २०८१।०९।१४ | ७० |
| ४ | मेलमिलाप परिषद् | सुर्खेत | अन्तरक्रिया कार्यक्रम | २०८१।११।१० | ७० |
| ५ | मेलमिलाप परिषद् | कैलाली | अन्तरक्रिया कार्यक्रम | २०८१।११।१० | ७० |
| ६ | मेलमिलाप परिषद् | विराटनगर | अन्तरक्रिया कार्यक्रम | २०८१।०८।०८ | ७० |
| ७ | मेलमिलाप परिषद् | झापा | अन्तरक्रिया कार्यक्रम | २०८२।०१।०५ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | मेलमिलाप परिषद् | पाँचथर | अन्तरक्रिया कार्यक्रम | २०८२।०१।०४ | ७० |
| ९ | मेलमिलाप परिषद् | राजविराज | आधारभूत तालिम | २०८१।०८।११ देखि १८ | २७ |
| १० | मेलमिलाप परिषद् | भैरहवा | आधारभूत तालिम | २०८१।०९।१५ देखि २२ | २७ |
| ११ | मेलमिलाप परिषद् | सुर्खेत | आधारभूत तालिम | २०८१।११।१० देखि १७ | २७ |
| १२ | मेलमिलाप परिषद् | घोराही दाङ | उन्नतस्तरीय तालिम | २०८१।१२।१६ देखि २० | २४ |
| १३ | मेलमिलाप परिषद् | जनकपुर | उन्नतस्तरीय तालिम | २०८१।१२।१७ देखि २१ | २४ |
| १४ | मेलमिलाप परिषद् | धादिङ | उन्नतस्तरीय तालिम | २०८२।०२।०३ देखि ०७ | २४ |
| १५ | मेलमिलाप परिषद् | कञ्चनपुर | उन्नतस्तरीय तालिम | २०८२।०२।२४ देखि २८ | २४ |
| १६ | मेलमिलाप परिषद् | झापा | प्रशिक्षक प्रशिक्षण | २०८१।०८।०९ देखि १६ | २४ |
| १७ | मेलमिलाप परिषद् | कास्की | प्रशिक्षक प्रशिक्षण | २०८१।०९।१३ देखि २० | २४ |
| १८ | मेलमिलाप परिषद् | कैलाली | प्रशिक्षक प्रशिक्षण | २०८१।११।१० देखि १७ | २४ |
| १९ | मेलमिलाप परिषद् | इलाम | प्रशिक्षक प्रशिक्षण | २०८२।०१।०३ देखि १० | २४ |

*स्रोतः मेलमिलाप परिषद्*

मेलमिलाप परिषद्ले यस आर्थिक वर्षमा तीन वटा मेलमिलाप सम्बन्धी आधारभुत तालिम संचालन गरी ८१ जना मेलमिलापकर्ताहरु उत्पादन गरेको छ। साथै, चारवटा उन्नत स्तरीय तालिम संचालन गरी ९६ जना मेलमिलापकर्ताहरुको क्षमता विकास गरेको छ। गुणस्तरीय तालिम संचलनका लागि प्रशिक्षक

पनि दक्ष हुनु पर्छ भन्ने मान्यता अनुरुप चार वटा मेलमिलाप सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम संचालन गरि ९६ जना प्रशिक्षकहरु उत्पादन गरेको छ। यसका साथै देशका विभिन्न आठ वटा स्थानमा मेलमिलाप सम्बन्धी अन्तक्रिया कार्यक्रम संचालन गरी ५६० जना प्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।

(ङ) आ.व ०८०/८१ मा अदालत प्रेषित मेलमिलापका लागि बजेट विनियोजन र कार्यान्वयनको अवस्थाः

नेपाल सरकारले आर्थिक वर्ष ०८०/०८१ का लागि कुल १७ खर्ब ५१ अर्ब ३१ करोड बजेट विनियोजन गरेको थियो। जसमध्ये न्यायापालिकाको लागि जम्मा ८ अर्ब ३३ करोड ३० लाख ०५ हजार ५१० बजेट बिनियोजन भएको थियो। न्यायापालिका अन्तर्गत सर्वोच्च अदालत हुदै उच्च र जिल्ला अदालतहरुको कार्य सम्पादनका लागि आवश्यक बजेट विनियोजन र कार्यान्वयन गर्ने परिपाटी विद्यमान रहेको छ। आ.व ०८०/८१ मा अदालत प्रेषित मेलमिलापका लागि बजेट विनियोजन र कार्यान्वयनको अवस्थालाई तालिका नं. ३ मा देखाईएको छ।

तालिका नं. ९: आ.व २०८०/८१ मा अदालतहरु मेलमिलापका लागि बजेट विनियोजन र कार्यान्वयनः

| क.सं. | अदालत | बिनियोजन भएको जम्मा बजेट | खर्च भएको | नपुगेको | बढी भएको |
|---|---|---|---|---|---|
| १ | सर्वोच्च अदालत | १०,००,०००।- | १,५९,००० ।- | - | ८,४१,०००।- |
| २ | उच्च अदालत | २०४०००।- | ३,९८,९२५।- | १,९७,५०५ ।- | |
| ३ | जिल्ला अदालत | २४,०६,०००।- | २२,४६,६४२।- | - | ३,४१,६९२।- |

*स्रोतः लेखा शाखा, सर्वोच्च अदालत*


तालिकामा उल्लिखित तथ्याङ्कलाई विश्लेषण गर्दा सर्वोच्च देखि जिल्ला अदालतसम्म प्रति अदालतको आधारमा विनियोजित बजेटमा एकरुपता पाइदैन। उदाहरणका लागि सर्वोच्च अदालतमा रु. १०,००,०००। विनियोजन भएकोमा उच्च अदालत (७ वटा) र अस्थायी इजलास (११ वटा) गरी जम्मा १८ वटाको लागि औषत रुपमा रु. ११,३३३ विनियोजन भएको देखिन्छ। त्यसैगरी जिल्ला अदालतहरु (७७ वटा) को लागि जम्मा रु. २४,०६,००० विनियोजन भएकोमा प्रति अदालत औसत रुपमा रु. ३१,२४६ विनियोजन भएको देखिन्छ।

यसरी विनियोजन भएको रकमहरुमध्ये सर्वोच्च अदालतमा सबैभन्दा बढी रकम १०,००,००० विनियोजन भएकोमा रु.१,५९,००० खर्च भएको रु. ८,४१,००० रकम खर्च हुन नसकी बढी भएको अवस्थाले सर्वोच्च अदालतमा विनियोजित बजेटको तुलनामा अदालत प्रेषित मेलमिलाप कार्य अत्यन्त न्यून भएको देखिन्छ। उच्च अदालतहरुको सन्दर्भमा जम्मा रु. २,०४,०००। विनियोजन भएकोमा ३,९८,९९५ खर्च भई रु. १,९७,५०५ रकम अपुग रहेको अवस्थालाई विश्लेषण गर्दा उच्च अदालतहरुको लागि विनियोजित बजेटको तुलनामा अदालत प्रेषित मेलमिलाप कार्य प्रगति बढी भएको देखिन्छ। जिल्लाअदालतहरुको हकमा भने रु. २४,०६,०००। विनियोजन भएकोमा २२,४६,६४२ खर्च भई रु.१,५९,३५८ रकम बढी भएको अवस्थालाई विश्लेषण गर्दा जिल्ला अदालतहरुको लागि विनियोजित बजेटको तुलनामा अदालत प्रेषित मेलमिलाप कार्य प्रगति न्यून भएको देखिन्छ।

सर्वोच्च र जिल्ला अदालतहरुमा विनियोजित बजेट र खर्च भएको रकमको अवस्थालाई विश्लेषण गर्दा उपरोक्त अदालतहरुमा अदालत प्रेषित मेलमिलाप कार्य प्रगति न्यून भएको वा पर्याप्त मात्रामा मुद्दाहरु मेलमिलापका लागि सिफारिस नभएको देखिन्छ। तर उच्च अदालतको हकमा भने विनियोजित बजेटको तुलनामा मेलमिलाप कार्य प्रगति सन्तोषजनक रहेको देखिन्छ। यसका साथै भविष्यमा उच्च अदालतहरुमा मेलमिलाप कार्यका लागि थप बजेट विनियोजन गर्नुपर्ने देखिन्छ।

सर्वोच्च अदालतमा मेलमिलाप केन्द्रको उद्घाटन मिति २०६३ साल मार्ग २१ गते भएको थियो। यो केन्द्र US Aid को सहयोगमा स्थापना गरिएको थियो। मेलमिलाप केन्द्र स्थापना भए पछि विगत आठ वर्षको तथ्यांक विश्लेषण गर्दा, सर्वोच्च अदालतमा मेलमिलाप हुने प्रकृतिका जम्मा १,१६,०६० मुद्दा दायर भएको मा जम्मा १,३४० थान अर्थात् १.१५ प्रतिशत मुद्दा मात्रै मेलमिलापको लागि मेलमिलाप केन्द्रमा पठाएको पाइन्छ। आ.व. २०७३/०७४ देखि २०८०/०८१ सम्मको अवस्थालाई हेर्दा सर्वोच्च अदालतमा मेलमिलापका लागि मुद्दा पठाउने दर औसत रुपमा घट्दै गएको देखिन्छ। सुरुवाती दिनमा २.४७ प्रतिशत सम्म रहेको दर गत आर्थिक वर्षमा ०.६४ प्रतिशतमा सिमित भएको देखिन्छ। जुन कुरा तलको चित्रमा देखाईएको छ।


चार्ट नं ८: सर्वोच्च अदालतमा मेलमिलापको लागि पठाईएका मुद्दाको प्रतिशत




*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

आर्थिक वर्ष २०७१/०७२ देखि २०८०/०८१ सम्मको दश वर्षे तथ्याङ्कलाई बिश्लेषण गर्ने हो भने सर्वोच्च अदालतले मेलमिलापका लागि पठाएको १६८२ थान मुद्दा मध्ये १३९२ थान मुद्दा फछ्र्यौट भएको देखिन्छ। फछ्र्यौट भएका जम्मा मुद्दाहरु मध्ये २३१ थान मुद्दा सफल भएका छन् जुन जम्मा फछ्र्यौट भएका मुद्दाको १६.६२ प्रतिशत हुन आउँछ। सुरुवातको दिनमा सफलताको दर बढ्दै गएको अवस्थामा आ.व. २०७५/०७६ देखि २०७७/०७८ को अवधिमा सफलताको दर घटेको देखिन्छ । जुन सायद कोभिडको कारणले भएको हुन पनि सक्छ। त्यसपश्चात सफलतको दरमा सुधार हुँदै आएको देखिन्छ। गत आर्थिक वर्षमा जम्मा फछ्र्यौट भएको मुद्दाहरुमध्ये सफलाताको प्रतिशत सवैभन्दा बढी २५ प्रतिशत देखिएको छ। जुन गत १० वर्षको अवधिमा सवैभन्दा बढी हो। औसत रुपमा हेर्दा सफलताको दर बढ्दै गएको तथ्याङ्कले देखाएको छ। तलको चित्रमा विगत दश वर्षको अवस्थालाई चित्रण गरिएको छ।


चार्ट नं ९: विगत दश बर्षमा सर्वोच्च अदालतमा मेलमिलापको सफलताको प्रतिशत




*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*


मेलमिलाप प्रवर्धनका लागि मेलमिलाप परिषद् र परिषद्मा सूचीकृत संस्थाहरुले मेलमिलापकर्ता उत्पादनका लागि थुप्रै तालिमहरु संचालन गरेको देखिन्छ। तर परिषद्मा सूचिकृत मेलमिलापकर्ताहरुको संख्यालाई हेर्ने हो भने यो घट्दो क्रममा रहेको देखिन्छ। आ.व. २०७२/०७३ मा जम्मा ४२३ जना मेलमिलापकर्ता सूचिकृत भएकोमा आ.व. २०८०/०८१ मा आएर ९५ जना मात्र सूचिकृत भएका छन्। औसत रुपमा मेलमिलापकर्ता सूचिकृत हुने दर घट्दै गएको देखिन्छ। जुन कुरा मेलमिलापको प्रभावकारी कार्यान्वयनका लागि राम्रो होईन। मेलमिलापकर्ता सूचिकरण कार्य घट्दै गएको अवस्थालाई गम्भिरतापूर्वक लिई यस पछाडीका कारणहरुको अनुसन्धान गरि मेलमिलापकर्ता प्रोत्साहनका कार्य सुचारु गर्नु अत्यन्तै जरुरी रहेको छ।

चार्ट नं १०: सर्वोच्च अदालतमा सूचीकृत मेलमिलापकर्ता





*(स्रोत: सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

मेलमिलापको सन्दर्भमा उच्च अदालतको प्रगति विश्लेषण गर्दा, आ.व. २०७३/०७४ देखि २०८०/०८१ सम्म अदालतमा दर्ता भएका मेलमिलाप हुने प्रकृतिका जम्मा १,४०,१२३ थान मुद्दाहरु मध्ये १७.०९ प्रतिशत मात्र मेलमिलापको लागि पठाएको पाईन्छ। उच्च अदालतमा विगतका आठ वर्षहरुमा विवाद सिफारिसको दर बढ्दै गएको अवस्था तलको चित्रमा हेर्न सकिन्छ।





*(स्रोत: सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

उच्च अदालतमा विगत १० वर्षमा मेलमिलापका लागि पठाइएका जम्मा २७,३८८ मुद्दाहरु मध्ये २४,०६४ मुद्दाहरु फछ्यौंट भएको पाईन्छ। फछ्यौंट भएका मुद्दाहरु मध्ये ३,७५३ मुद्दाहरु अर्थात १५.६० प्रतिशत मुद्दाहरुमात्र सफल भएको देखिन्छ। बार्षिक रुपमा उच्च अदालतमा सफलताको दर सरदर एकनासको रहेको देखिन्छ, जसलाई तलको चित्रमा देखाईएको छ।




**चार्ट नं १३: उच्च अदालतमा मेलमिलापबाट विवाद समाधानको सफलता प्रतिशत**




*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

उच्च अदातलमा सूचीकृत हुने मेलमिलापकर्ताहरुको संख्या सरदरमा घट्दै गईरहेको देखिन्छ। विगतका वर्षमा मेलमिलाप केन्द्रहरुको संख्या थपिएतापनि सो बमोजिम मेलमिलापकर्ता सूचीकृत नभएको देखिन्छ। तलको चित्रमा हेर्दा आ.व. २०७१/०७२ मा ७१८ जना मेलमिलाकर्ता सूचिकृत भएकोमा गत आर्थिक वर्ष २०८०/०८१ मा जम्मा ४८६ जना मेलमिलापकर्ता सूचिकृत भएको पाईन्छ, जुन विगतको तुलनामा ३२ प्रतिशतले कमी हो।


**चार्ट नं १४: बार्षिक रुपमा उच्च अदालतमा सूचीकृत मेलमिलापकर्ता**




*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*


जिल्ला अदालतको विगत आठ वर्ष आ.व. २०७३/०७४ देखि २०८०/०८१ सम्मको अवस्थालाई मध्यनजर गर्दा अदालतमा मेलमिलाप हुने प्रकृतिका दायर भएका जम्मा ६,९९,११४ मुद्दाहरुमध्ये १,४५,४३१ मात्र अर्थात २०.८० प्रतिशत मुद्दा मेलमिलापको लागि आदेश भएको देखिन्छ। जुन सर्वोच्च र उच्च अदालतको तुलनामा बढी हो तर मुद्दाको तुलनामा कम नै हो। जिल्ला अदालतमा मेलमिलापको लागि मुद्दा पठाउने दर औषत रुपमा बढ्ने क्रममानै रहेको देखिन्छ। आ.व. २०७७/०७८ मा १४.९४ प्रतिशत मुद्दाहरु मेलमिलापको लाग पठाईएकोमा गत आर्थिक वर्षमा सो संख्या बढेर २४.७९ प्रतिशत रहेको छ। यसको विस्तृत विवरण तलको चित्रमा देखाईएको छ।

**चार्ट नं १५: बार्षिक रुपमा जिल्ला अदालतवबाट मेलमिलापको लागि पठाईएका मुद्दा प्रतिशतमा**





*(स्रोतः सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

जिल्ला अदालतले विगत दश वर्ष आ.व. २०७१/०७२ देखि २०८०/०८१ सम्ममा जम्मा १,५९,४६२ मुद्दा मेलमिलापका लागि आदेश गरेकोमा मेलमिलाप केन्द्रवाट १,३१,१३२ मुद्दाहरु फछ्यौट भएका छन्। यसरी फछ्यौट भएका मुद्दाहरु मध्ये २५,७१८ मुद्दाहरु मेलमिलापवाट सफल भए भने १,०५,४१४ असफल भए। यसरी हेर्दा जिल्ला अदालतमा सफलताको दर औषत रुपमा १९.६१ प्रतिशत रहेको छ।



**चार्ट नं १६ जिल्ला अदालतमा मेलमिलाप सफलता प्रतिशत**



**चार्ट नं १७: बार्षिक रुपमा जिल्ला अदालतमा मेलमिलाप सफलताको दर प्रतिशतमा**

*(स्रोत: सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

माथिको चित्रमा हेर्दा जिल्ला अदालतमा वर्षेनी मेलमिलापको सफलताको दर क्रमश: घट्दै गएको देखिन्छ। आ.व. २०७३/०७४ मा २३.१४ प्रतिशत पुगेको सफलतको दर गत आर्थिक वर्ष २०८०/०८१ मा घट्दो क्रममा रहेर १५.५३ प्रतिशतमा सिमित भएको छ। विगतका दिनहरु भन्दा हालका दिनमा मेलमिलाप सम्बन्धी तालिमहरुकाको संख्यामा बृद्धि भई मेलमिलापकर्ताहरु उत्पादन

भएका छन्। तर अदालतमा सूचिकृत हुने मेलमिलापकर्ताको संख्यामा भने बृद्धि हुन सकेको छैन। तलको चित्रमा हेर्दा जिल्ला अदालतमा आ.व. २०७१/०७२ मा २०९१ मेलमिलापकर्ता सूचिकृत भएकोमा गत आर्थिक वर्ष २०८०/०८१ मा १५७७ जना मेलमिलापकर्ताहरु सूचिकृत भएका छन्। ७७ जिल्ला अदालतमा जम्मा सूचिकृत मेलमिलापकर्तालाई औसत रुपमा विभाजन गर्दा सरदर २० जना मेलमिलापकर्ता एउटा अदालतमा पर्ने देखिन्छ। जुन प्रकारले मेलमिलाप हुने प्रकृतिका मुद्दाहरु अदालतमा बढ्दो क्रममा रहेका छन् सो तुलनामा सूचीकृत मेलमिलापकर्ताको संख्या अत्यन्तै न्यून देखिएको छ।

**चार्ट नं १८: जिल्ला अदालतमा सूचिकृत मेलमिलापकर्ताको अवस्था**




*(स्रोत: सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनहरु)*

# परिच्छेद - सात

# निष्कर्ष र सुझाब

## ७.१ निष्कर्ष

नेपालमा पछिल्ला दुई दशकमा अदालत प्रेषित मेलमिलापलाई कानूनी मान्यता दिई औपचारिक न्यायिक प्रक्रियाको एक महत्वपूर्ण वैकल्पिक माध्यमको रूपमा विकास भएको छ। मेलमिलाप पद्धतिले एकातिर पक्षहरूलाई आफ्ना विवादहरू आपसी सहमतिमा समाधान गर्ने क्षमता अभिवृद्धि गराउँछ भने, अर्कोतिर सरोकारवालाहरूको प्रत्यक्ष संलग्नताले समाधान प्रक्रिया प्रति विश्वास पनि जगाउँछ। अदालतमा मेलमिलाप प्रक्रिया जति प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ, त्यति नै अन्य निकायहरुमा मेलमिलाप प्रतिको जनआस्था र विश्वास पनि वढ्दै जाने अपेक्षा गर्न सकिन्छ। नेपालमा मेलमिलाप ऐन, २०६८ र नियमावली, २०७० को कार्यान्वयनपछि यस पद्धतिले कानूनी औपचारिकता प्राप्त गरेको छ। तथापि, अदालत प्रेषित मेलमिलापबारे उपलब्ध तथ्यांकहरूको विश्लेषणले मेलमिलाप प्रक्रियाको प्रयोग, सफलता दर र प्रभावकारिता सन्तोषजनक अवस्थामा नपुगेको स्पष्ट संकेत गर्दछ। प्रश्नावली, अन्तर्वार्ता र प्रकाशित तथ्याङ्क र सूचनाका आधारमा अध्ययन समूह देहायको निष्कर्षमा पुगेको छः

(१) मेलमिलाप सम्बन्धी ऐन, नियमावली, परिषद् र सर्वोच्च अदालतको पञ्चवर्षिय रणनीतिक योजना, निर्देशिका, कार्यविधि, आचारसंहितामा भएका कानूनी व्यवस्था र हालसम्मको प्रयास उत्साहजनक पाईयो।

(२) आधारभूत तालिममा एक रुपता ल्याउन र गुणस्तर वृद्धिका लागि मेलमिलाप परिषद् बाट तालिम पाठ्यक्रम, तालिम निर्देशिका तयार गरेको र प्रचार प्रसारको अभियान सञ्चालन गरेको पाईयो।

(३) उत्तरदाताको अनुभूतीमा प्रचलित कानूनी व्यवस्था, मेलमिलाप प्रेषित गर्ने प्रणाली, पक्षको विश्वास र आकर्षण, न्यायाधीश, कर्मचारीहरुको मेलमिलाप प्रकृयामा गरेको सहयोग मध्ययम रहेको पाईयो।

(४) मेलमिलाप परिषदमा सूचीकृत संस्थाको गुणस्तरियता र भूमिका, मेलमिलापकर्तालाई सजाय र पुरस्कारको परिपाटी तथा नियमन निकायको भूमिका बारेमा जानकारी नभएको पाईयो। कानून व्यवसायीहरुले मेलमिलापलाई प्रबर्धन गर्ने कार्यमा अपेक्षाकृत सहयोग भएको पाईएन।

(५) अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था, मेलमिलापकर्ताको यातायातलगायतका सुविधा, मेलमिलापकर्ताको लागि बजेट, मेलमिलापकेन्द्रको भौतिक पूर्वाधार र स्रोत साधनको स्थिति निकै कमजोर पाईयो।

(६) मेलमिलाप प्रक्रिया र पद्दती को विषयमा सर्वसाधारण लाई थाह जानकारी नभएको पाइयो। पक्षहरुलाई अदालतमा मेलमिलाप हुन सक्ने व्यवस्था र यसको कार्यविधिका बारेमा सामग्री तयार गरी टेलीभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाललगायतको माध्यमबाट चेतनामूलक कार्यक्रमहरु स्थानीय तहसम्म नपुगेको पाईयो।

(७) विगत १० वर्षको तथ्यांक अनुसार अदालतमा दर्ता भएका मेलमिलाप योग्य मुद्दा मध्ये करिब १७.८७% मात्र मेलमिलापको लागि सिफारिस गरिएको छ र ति मध्ये औसत १८.९७% मुद्दा मात्रै मेलमिलापबाट सफलतापूर्वक फछ्र्यौट भएका छन् । मुद्दा दर्ता गर्दा र मुद्दाको अङ्ग पुऱ्याउने चरणमा श्रेस्तेदार तथा रजिष्ट्रारले मेलमिलापका लागि प्रयाप्त मात्रामा सहजिकरण हुन नसकेको देखियो।जिल्ला अदालतमा मेलमिलाप प्रक्रियाको सबैभन्दा बढी अभ्यास भएको देखिन्छ। तर पनि मेलमिलाप पठाइएका मुद्दामध्ये सफलताको दर १९.६१% मा सीमित देखिन्छ। उच्च अदालतमा जम्मा पठाइएका मुद्दामध्ये सफलताको दर औसत १५.६०% रहेको छ। साथै सर्वोच्च अदालतमा मेलमिलापको प्रयोग अत्यन्त कम १.१५% मात्रामा देखिन्छ र सफलताको औसत दर १६.६२% मात्र रहेको छ।

(८) मेलमिलाप परिषद् र परिषदमा सूचीकृत तालिम प्रदायक संस्थाबाट प्राथमिकताका साथ आधारभूत तालिम नियमित रुपमा आयोजना गरेको पाईयो।

(९) सबै अदालतमा सूचीकृत मेलमिलापकर्ता क्रमिकरुपमा अद्यावधिक हुने संख्या कम देखिन्छ।

(१०) न्यायाधीशको भूमिकासहित स्पष्ट कानून निर्माण र सरल कार्यविधि भएको पाईएन।

(११) न्यायाधीश, मुद्दा फाँट, इजलास र मेलमिलापकेन्द्रका कर्मचारीहरुलाई समय समयमा मेलमिलापसम्बन्धी अनुशिक्षण भएको दखिएन।

(१२) मेलमिलापकर्ता छनौटका लागि पक्षलाई आफै उपस्थित गराई न्यायाधीश, कर्मचारी र कानून व्यवसायीले परामर्श प्रदान गर्ने र सहजिकरण गर्ने अनिवार्य व्यवस्थामा प्रयाप्त हुन नसकेको देखियो।

(१३) पक्षलाई मेलमिलापकर्ता छनौटका लागि मेलमिलापकर्ताको विस्तृत विवरणसहितको रोष्टर उपलब्ध गराई सहजिकरण गरेको पाईएन।

(१४) मुद्दा लम्व्याउने वा अन्य स्वार्थका लागि मेलमिलापका लागि पठाउन खोज्ने पक्ष र कानून व्यवसायीलाई निरुत्साहित गर्ने र न्यायाधीशले पनि मुद्दा पन्छाउनका लागि मात्र मेलमिलाप मेलमिलाप प्रकृयामा पठाउने गरेको देखियो।

(१५) मेलमिलापलाई सहज र प्रभावकारी वनाउन अन्य भर्चुअल अनलाईन जस्ता अन्य विधिहरुलाई अवलम्बन गर्न अध्ययन भएको पाईए पनि कार्यान्वयन अवस्था कमजोर भएको पाईयो।

(१६) मेलमिलापसम्बन्धी तालिमको गुणस्तर वृद्धिका लागि तालिम प्रदायक संस्था र प्रशिक्षकलाई परिषद्ले समयसमयमा पुनर्ताजगी, उन्नत तथा विशिष्टिकृत प्रशिक्षणका साथै नियमित अनुगमन र सुपरिवेक्षण सन्तोसजनक भएको पाईएन।

(१७) नियम, नीति निर्देशन तथा आचारसंहिता उलंघन गर्ने तालिम प्रदायक निकाय, मेलमिलापकेन्द्र तथा मेलमिलापकर्तालाई कारवाही र राम्रो गर्नेलाई पुरस्कारको व्यवस्था गरी कार्यान्वयन भएको देखिएन।

(१८) अदालतभित्रको मेलमिलापकेन्द्रलाई सुविधाजनक बनाउनु साथै गोपनियता र सुरक्षा जस्ता विषयमा ध्यान नपुगेको।

(१९) विषयगत विज्ञ मेलमिलापकर्ता उत्पादन गर्ने र विषयगत विशिष्टिकृत मेलमिलापकेन्द्रको स्थापना भएको पाईएन।

## ७.२ सुझाबहरु

(१) मेलमिलाप पद्धतिसँग सम्बद्ध कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन, पुनरावलोकन तथा परिमार्जन र आवश्यक कानुन तर्जुमा गरिनुपर्ने।

(२) मेलमिलाप परिषद्ले आधारभूत तालिममा एक रुपता ल्याउन र गुणस्तर वृद्धिका लागि मेलमिलाप परिषद् बाट तालिम पाठ्यक्रम, तालिम निर्देशिकाका बारेमा सबै सूचीकृत तालिम प्रदायक संस्थालाई अनिवार्यरुपमा अभिमुखिकरण गर्नु पर्ने। साथै मेलमिलापसम्बन्धी तालिमको गुणस्तर वृद्धिका लागि प्रशिक्षक र मेलमिलापकर्तालाई परिषद्ले समयसमयमा पुनर्ताजगी, उन्नत तथा विशिष्टिकृत प्रशिक्षण लगायतका कार्यक्रम सञ्चालन गर्ने।

(३) न्यायाधीश, अदालतका कर्मचारीहरुलाई नियमित परिषद् वा राष्ट्रिय न्यायिक प्रतिष्ठानले मेलमिलापका सम्बन्धमा आवश्यक प्रशिक्षण तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने।

(४) मेलमिलाप परिषद्ले न्यायाधीश, कर्मचारी, सूचीकृत संस्था, मेलमिलापकर्ता, प्रशिक्षक, स्थानीय न्यायिक समिति लगायतका सरोकारवाला निकाय तथा पदाधिकारीको नियमित रुपमा समन्वय र सम्पर्कमा रही अनुगमन, निरिक्षण, नियमन र मूल्याङ्कका साथै कारवाही र पुरस्कारको व्यवस्था गर्ने।

(५) जिल्लामा गठन भएको जिल्ला मेलमिलाप अनुगम समितिको भूमिकालाई सकृय गराउनका लागि परिषद्को वार्षिक कार्ययोजनामा नै निश्चित कार्यक्रम निर्माण गरी लागू गर्नुपर्ने।

(६) कानून बमोजिम स्थापना भएका मेलमिलाप केन्द्रमा विवाद प्रेषित गर्ने प्रणालीको संस्थागत गर्न अदालतहरुले आवश्यक पहलकदमी गर्ने।

(७) मेलमिलापकर्ताको ड्रेसकोडको व्यवस्था, यातायातलगायतका सुविधा, मेलमिलापकर्ताको लागि बजेट, मेलमिलापकेन्द्रको भौतिक पूर्वाधार र स्रोत साधनको वर्तमान स्थितिलाई सुदृढ गर्न परिषद्, अदालतका न्यायिक तथा प्रशासनिक नेतृत्वसहित मेलमिलापमा कार्यरत संस्थाले विशेष जोड दिने।

(८) नेपाल सरकार र सम्बन्धित संस्थाहरुले अदालतमा मेलमिलाप हुन सक्ने व्यवस्था र यसको कार्यविधिका बारेमा सामग्री तयार गरी टेलीभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाललगायतको माध्यमबाट चेतनामूलक कार्यक्रमहरु आम जनमानसमा पुर्याउनु पर्ने।

(९) सबै अदालतमा सूचीकृत मेलमिलापकर्ता क्रमिकरुपमा अद्यावधिक हुने संख्या कम देखिएकोले मेलमिलापकर्तालाई अद्यावधिक गर्न सम्बन्धित निकायहरुले सहजिकरण गर्ने र सरकार तथा अदालतले उत्प्रेरणा दिने खालका कार्यक्रमहरु सञ्चालन गर्ने।

(१०) मेलमिलाप प्रकृयामा न्यायाधीशको सक्रिय भूमिकाका लागि स्पष्ट र सरल कार्यविधि निर्माण गरी लागू गर्ने। मेलमिलापकर्ता छनौटका लागि पक्षलाई आफै उपस्थित गराई न्यायाधीश, कर्मचारी र कानून व्यवसायीले परामर्श प्रदान गर्ने र सहजिकरण गर्ने अनिवार्य व्यवस्था तय गर्नु पर्ने।

(११) सबै मेलमिलापकेन्द्रमा मेलमिलापकर्ता छनौटका लागि मेलमिलापकर्ताको विस्तृत विवरणसहितको रोष्टर उपलब्ध गराई सहजिकरण गर्नु पर्ने।

(१२) मुद्दा लम्व्याउने वा अन्य स्वार्थका लागि मेलमिलापका लागि पठाउन खोज्ने पक्ष, वारेश, कानून व्यवसायीलाई निरुत्साहित गर्ने। यसै गरी न्यायाधीशले पनि मुद्दा पन्छाउनका लागि मात्र मेलमिलापकेन्द्रमा प्रेषित गर्ने अभ्यासलाई निरुत्साहीत गर्ने।

(१३) मेलमिलापलाई सहज र प्रभावकारी वनाउन प्रविधिमैत्री बनाउँदै भर्चुअल, अनलाईन जस्ता वैकल्पिक विधिहरुलाई अवलम्बन गर्ने।

(१४) मेलमिलापकेन्द्रको गोपनियता र सुरक्षा जस्ता विषयमा विशेष ध्यान पुर्याउनु पर्ने। मेलमिलापकेन्द्र र कक्षलाई गोपनियता र मेलमिलापमैत्रि वातावरण रहने गरि यथेष्त र भौत्तिक सुविधा सम्पन्न बनाउनु पर्ने। आधारभुत सुविधा फर्सटेड उपचार र पिउने पानी र सहज वातावरणरुपी कक्ष हुनुपर्ने।

(१५) प्रयासमात्रामा विषयगत विज्ञ मेलमिलापकर्ता उत्पादन गर्ने र विषयगत विशिष्टिकृत मेलमिलापकेन्द्रको स्थापना गर्ने।

(१६) प्रोवोनो मेलमिलापकर्ता र व्यवसायीक मेलमिलापकर्ताको वर्गीकरण गरी बाणिज्य तथा व्यापारीक विवादहरुमा पक्षहरुको सहमतिले रकम लिनदिन सकिने वा मध्यस्थता जसरी प्रतिशतको आधारमा पारिश्रमिक लिन सकिने गरी खुल्ला गर्नु पर्ने।

(१७) मेलमिलापकर्ताको कार्यक्षमता, प्रक्रिया, उपलब्धि र चुनौतीहरूमा केन्द्रित वार्षिक प्रतिवेदन प्रकाशन गर्ने।

(१८) मेलमिलाप प्रक्रियाको कार्यान्वयन, समावेशिता, उपलब्धी तथा समसामयिक विषयमा अनुसन्धानका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने।

# अनुसूची -१

## प्रश्नावली
## राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल

**(अदालत प्रेषित मेलमिलापको प्रभावकारिता सम्बन्धी अध्ययनका लागि तयार पारिएको प्रश्नावली)**

राष्ट्रिय न्यायिक प्रतिष्ठानले अदालत प्रेषित मेलमिलापको सम्बन्धमा विद्यमान नीति, कानून, प्रक्रिया र अभ्यासको वर्तमान अवस्थाको लेखाजोखा गर्ने, अदालत प्रेषित मेलमिलापको क्षेत्रमा देखिएका सवलपक्ष, कमजोर पक्ष, अवसर तथा चुनौतीहरुको विश्लेषण गर्ने र अदालत प्रेषित मेलमिलापको प्रभावकारिताको लागि दिशानिर्देश गर्ने उद्देश्य राखी यो अनुसन्धान गर्न लागिएको हो। अनुसन्धानका लागि तथ्याङ्क, सूचना र सुझाव संकलन प्रयोजनार्थ तयार पारिएको प्रस्तुत प्रश्नावली भरी सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ। तालिका वा टेबलको खाली ठाउँमा सही वा उपयुक्त विकल्प छानी (✓) चिन्ह र खाली ठाउँमा उपयुक्त उत्तर वा सुझाव दिनु होला। यस फारममा उल्लेखित व्यक्तिगत विवरण पूर्णरुपमा गोप्य राखिने र अन्य सूचनाहरु अनुसन्धानका लागि मात्र प्रयोग गरिने व्यवहोरा अनुरोध छ।

### १. उत्तरदाताको व्यक्तिगत विवरण

(क) नामः ..........................................................................................................................

(ख) लिङ्गः

| महिला | पुरुष | यौनिक तथा लैङ्गिक अल्पसंख्यक |
|---|---|---|
| | | |

*नोटः* यौनिक तथा लैङ्गिक अल्पसंख्यकमा *LGBTI Q+ अर्थात (महिला समलिङ्गी /पुरुष समलिङ्गी लगायत)*

(ग) उमेरः ........बर्ष

(घ) शैक्षिक योग्यताः

| स्नातकोत्तर वा सो भन्दा माथी | स्नातक | स्नातक भन्दा कम |
|---|---|---|
| | | |

(ङ) पेशा (पद)

| न्यायाधीश | | कानून व्यवसायी | मेलमिलापकर्ता | मेलमिलाप तालिमका प्रशिक्षक | अदालत / मेलमिलाप केन्द्रमा कार्यरत कर्मचारी | विवादका पक्ष | अन्य |
|---|---|---|---|---|---|---|---|
| न्यायाधीश (उच्च अदालत) | जिल्ला न्यायाधीश | | | | | | |
| | | | | | | | |

**२. यहाँको मेलमिलाप सम्बन्धी अनुभव कति बर्षको भयो?**

............. बर्ष

**३. अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको हालको अनुभूति कस्तो रहेको छ?**

| अदालत प्रेषित मेलमिलापको प्रभावकारिताका सम्बन्धमा यहाँको धारणा | अति राम्रो | राम्रो | थाहा भएन | कमजोर | अति कमजोर |
|---|---|---|---|---|---|
| (क) मेलमिलापप्रति पक्षहरुको विश्वास र आकर्षण | | | | | |
| (ख) मेलमिलाप प्रकृयामा कानून ब्यवसायीहरुको सहयोग | | | | | |
| (ग) न्यायाधीशवाट मेलमिलापमा विवाद प्रेषित गर्ने कानूनी ब्यवस्था | | | | | |
| (घ) न्यायाधीशले विवादलाइ प्राथमिकताकासाथ मेलमिलापमा प्रेषित गर्ने अभ्यास | | | | | |
| (ङ) अदालतका कर्मचारीहरुको मेलमिलापमा सहयोगको अवस्था | | | | | |
| (च) मेलमिलाप केन्द्रका कर्मचारीहरुको ज्ञान, सीप, क्षमता र ब्यवहार | | | | | |
| (छ) तालिम प्रदायक संस्था र प्रशिक्षकको गुणस्तर | | | | | |
| (ज) मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता | | | | | |
| (झ) मेलमिलाप केन्द्रमा मेलमिलापकर्ता छनोट बिधि | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| (ञ) मेलमिलापकर्ताको अचारसंहिताको पालना | | | | | |
| (ट) मेलमिलापकर्ताको क्षमता, दक्षता र सीपको अवस्था | | | | | |
| (ठ) मेलमिलाप प्रकृयाको पालनाको अवस्था | | | | | |
| (ड) मेलमिलापकर्तालाइ सजाय र पुरस्कृत गर्ने परपाटी | | | | | |
| (ढ) अदालत प्रेषित मेलमिलापमा मेलमिलाप परिषद्को भूमिका | | | | | |
| (ण) मेलमिलाप परिषदमा सूचितकृत संस्थाहरुको गुणस्तरियता र भूमिका | | | | | |
| (त) जिल्ला अनुगमन समितिको क्रियाशिलता | | | | | |
| (थ) मेलमिलापकर्तालाइ नियमित रुपमा अध्यावधीक गर्ने परिपाटी | | | | | |
| (द) मेलमिलापकर्ताको लागि यातायात लगायत सेवासुविधाको अवस्था | | | | | |
| (ध) मेलमिलापकर्ताको लागि स्रोत सामग्रीहरुको उपलब्धता | | | | | |
| (न) मेलमिलापसम्बन्धी नियमावली अनुरुप सहमतिपत्र लेखनको अवस्था | | | | | |
| (प) मेलमिलाप केन्द्रको अवस्था (भौतिक संरचना/सेवा सुविधा) | | | | | |
| (फ) मेलमिलाप केन्द्रको लागि बजेट विनियोजन | | | | | |
| (ब) अदालत बाहिरका मेलमिलाप केन्द्रमा अदालतबाट सिफारिसको अवस्था | | | | | |
| (भ) मेलमिलापसम्बन्धी क्रियाकलापको नियमन/अनुगमन र मूल्याङ्कनको अवस्था | | | | | |

**४. यहाँको विचारमा अदालत प्रेषित मेलमिलापलाई अरु बढि प्रभावकारी बनाउन कस्ता उपायहरु अवलम्बन गर्नु पर्ला? (एक वा एक भन्दा बढी उत्तर छान्न सकिने)**

| | |
|---|---|
| (क) पक्षहरुलाई अदालतमा मेलमिलाप हुन सक्ने व्यवस्था र यसको कार्यविधिका बारेमा सामग्री तयार गरी टेलीभिजन, रेडियो, पत्रपत्रिका, सामाजिक सञ्जाललगायतको माध्यमबाट चेतनामूलक कार्यक्रमहरु स्थानीय तहसम्म लैजानु पर्दछ। | |
| (ख) तालिमप्राप्त मेलमिलापकर्ताले विवाद मिलाउन सक्छन र कानूनसम्मत दिगो समाधान हुन्छ भन्ने विषयमा पक्षलाई अनुशिक्षण गर्ने प्रावधान मिलाउनु पर्दछ। | |
| (ग) मुद्दा दर्ता गर्दा र मुद्दाको अङ्ग पुर्‍याउने चरणमा श्रेस्तेदार तथा रजिष्ट्रारले मेलमिलापका लागि पठाउने व्यवस्था मिलाउनु पर्दछ। | |
| (घ) न्यायाधीशको भूमिकासहित स्पष्ट कानून निर्माण र सरल कार्यविधि बनाउनु पर्ने। | |
| (ङ) न्यायाधीशलाई कानूनसम्मत मेलमिलाप हुन सक्ने सबै मुद्दाहरु प्रेषित गर्न अनिवार्य गर्ने प्रावधान हुनु पर्दछ। | |
| (च) मेलमिलापका लागि आदेश गरेको न्यायाधीशले मेलमिलापको सत्रहरुको अनिवार्य अनुगमन गर्ने र सहजीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने। | |
| (छ) न्यायाधीश, मुद्दा फाँट, इजलास र मेलमिलापकेन्द्रका कर्मचारीहरुलाई समय समयमा मेलमिलापसम्बन्धी अनुशिक्षण प्रदान गर्नु पर्ने। | |
| (ज) उपयुक्त मेलमिलापकर्ता छनौटका लागि पक्षलाई सहजीकरण गर्ने संयन्त्र हुनु पर्ने। | |
| (झ) मेलमिलापकर्तालाई प्रदान गरिने तालिमको गुणस्तर वृद्धिका लागि तोकिएको मापदण्डका आधारमा तालिम प्रदायक संस्था र प्रशिक्षकलाई परिषद्ले प्रमाणपत्र प्रदान गर्नु पर्ने । | |
| (ञ) मेलमिलापकर्ताले कम्तिमा दुईबर्षमा पुनर्ताजगी वा उन्नत प्रशिक्षण लिने व्यवस्था मिलाउनु पर्ने। | |
| (ट) मेलमिलापकर्ताको क्षमता/दक्षता/सीपका आधारमा मात्र सूचिकृत हुने व्यवस्था मिलाउनु पर्ने। | |
| (ठ) नियम, नीति निर्देशन तथा आचारसंहिता उलंघन गर्ने तालिम प्रदायक निकाय, मेलमिलापकेन्द्र तथा मेलमिलापकर्तालाई कारवाही व्यवस्था मिलाउनु पर्ने। | |
| (ड) अदालतभित्रको मेलमिलापकेन्द्रलाई सुविधाजनक बनाउनु साथै गोपनियता र सुरक्षा जस्ता विषयलाई ध्यान दिने। | |

| | |
|---|---|
| (ढ) पक्षहरुले रोजेको अदालत बाहिरको मेलमिलाप केन्द्रसमेतमा मुद्दा प्रेषित गर्ने प्रणालीको विकास गर्ने। | |
| (ण) विषयगत विज्ञ मेलमिलापकर्ता उत्पादन गर्ने र विषयगत विशिष्टिकृत मेलमिलापकेन्द्रको विकास गर्ने। | |
| (त) मेलमिलाप परिषद्/सर्वोच्च अदालत मेलमिलाप समिति/जिल्ला मेलमिलाप समितिले नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने। | |
| (थ) मूल्याङ्कनका आधारमा कारवाही, प्रोत्साहन र पुरस्कारको व्यवस्था मिलाउने। | |
| (द) मेलमिलापकर्ताको पारिश्रमिक र व्यवसायिकता विकासका योजना निर्माण गरी लागु गर्ने। | |
| (ध) मेलमिलापकर्ता, मेलमिलापकेन्द्र(अदालत भित्र र अदालत बाहिर) र प्रकृयालाई आवश्यक पर्ने बजेटको व्यवस्था मिलाउने। | |
| (न) न्यायाधीश सम्मिलित मेलमिलापको लागि कानूनी व्यवस्था गरी लागू गर्ने। | |
| (प) अन्य(खुलाउनुहोस)....... | |
| (फ) अन्य(खुलाउनुहोस).......... | |

**५. अदालत प्रेषित मेलमिलापका सम्बन्धमा यहाँको धारणा र सुझाब बुँदागत रुपमा उल्लेख गरिदिनु होस।**

.............................................................................................................
.............................................................................................................
.............................................................................................................
...............................................................................

धन्यवाद!

# अनुसूची-२

## अन्तर्वार्ताका सहभागीहरुको नामावली

१. माननीय श्री केशरीराज पण्डित, पूर्व मुख्य न्यायाधीश, उच्च अदालत
२. माननीय श्री तेजेन्द्र सापकोटा, न्यायाधीश, उच्च अदालत तुलसीपुर बुटवल इजलास
३. वरिष्ठ अधिवक्ता श्री विजयकान्त मैनाली
४. वरिष्ठ अधिवक्ता डा. श्री कुमारशर्मा आचार्य, विज्ञ सदस्य, मेलमिलाप परिषद्
५. वरिष्ठ अधिवक्ता श्री उषामल्ल पाठक
६. वरिष्ठ अधिवक्ता श्री मदनकुमार महत
७. श्री ताराप्रसाद बडु, रजिष्ट्रार उच्च अदालत, दिपायल
८. श्री विष्णुप्रसाद पाण्डे, रजिष्टार, रजिष्ट्रार, उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गा
९. अधिवक्ता श्री गिता शर्मा, मेलमिलापकर्ता
१०. श्री गिता आचार्य, अधिवक्ता, पोखरा
११. अधिवक्ता श्री प्रविन नापिक, अध्यक्ष, मेडिएशन नेपाल
१२. श्री सुवर्ण खनाल, मेलमिलापकर्ता
१३. श्री दुर्गा नेपाली, न्यायिक समिति सदस्य, कानेपोखी गाउँपालिका, मोरङ्ग
१४. अधिवक्ता श्री शुसिला सिंखडा, मेलमिलापकर्ता
१५. अधिवक्ता श्री दिपकराज भट्ट, मेलमिलापकर्ता

# सन्दर्भ सामग्रीहरु


- नेपालको संविधान
- मेलमिलापसम्बन्धी ऐन, २०६८
- स्थानीय सरकार संचालन ऐन, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४,
- श्रम ऐन, २०७४
- मेलमिलापसम्बन्धी नियमावली, २०७०
- मेलमिलापकर्ताको आचार संहिता,२०७३
- मेलमिलाप सम्बन्धी सिंगापुर अभिसन्धि, २०१८
- मेलमिलाप सम्बन्धी स्रोत पुस्तीका, २०७४, राष्ट्रिय न्यायिक प्रतिष्ठान
- मेलमिलापसम्बन्धी आधारभूत सर्वेक्षण, २०८०,राष्ट्रिय न्यायिक प्रतिष्ठान
- मेलमिलाप परिषद्को प्रथम पञ्चवर्षीय रणनीतिक योजना (२०७७-०८२)
- नेपालको न्यायपालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना (२०७६-०८१)
- नेपाल मेलमिलाप जर्नल अंक १, वर्ष १, मेलमिलाप परिषद्
- www.gingapurconvention.org.
- https://legalaffairs.gov.in/sites/default/files/MediationAct2023.pdf.
- https://www.indigenoustelevision.com/melmilap.